# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक साहित्यकार भुवन देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ विषय परिचय

भुवन देवकोटा आधुनिक नेपाली कविताका प्रगतिवादी क्षेत्रका एक स्थापित प्रतिभा हुन् । उनले साहित्यलाई अन्याय, अत्याचारको विरोध, वर्गसङ्घर्ष, वर्गद्वन्द्व र समाज परिवर्तनको माध्यम बनाई साहित्यका विधामा कलम चलाएका छन् । उनको साहित्ययात्रा औपचारिक रूपमा ढिलै सुरु भए पनि हालसम्म निन्तर रूपमा अगाडि बढिरहेको छ र उनका साहित्यिक रचनाहरू पनि युगान्तकारी छन् उनले तेह्र चौध वर्षको उमेरबाट साहित्यको रचना गरेको जानकारी पाइए पनि फुटकर रचनाहरू तीसको दशकबाट मात्र प्रकाशित हुन थालेको पाइन्छ । साहित्य र राजनीतिलाई एकैसाथ अङ्गालेर अगाडि बढ्दा विभिन्न कष्ट खपेका देवकोटाले विविध समस्याको वाबजुद पनि साहित्य र राजनीतिको एकैसाथ कठिन यात्रा गरे । उनको कठिन राजनीतिक यात्राको कारण साहित्यिक यात्रा पनि अव्यवस्थित भयो । त्यसो हुँदाहुँदै पनि उनी नेपाली साहित्यको प्रगतिवादी धाराका सशक्त प्रतिभाका रूपमा परिचित छन् । यस शोधपत्रमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको खोजी गरी तिनका बीचको अन्तरसम्बन्ध देखाइएको छ ।

## १.४ शोधसमस्या

वि.सं. २०१६ सालमा जन्मिएका 'भुवन देवकोटा'का सम्बन्धमा आजसम्म सामान्य चर्चा परिचर्चा र स्मृतिका रूपमा छिटफुट नामोल्लेख गरिनु बाहेक उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्रमा व्यवस्थित अध्ययन हुन सकेको छैन । यसर्थ उनका सम्बन्धमा व्यवस्थित अध्ययन गर्ने क्रममा प्रस्तुत शोधपत्र निम्नलिखित समस्याहरूमा केन्द्रित भएको छ :

(क) भुवन देवकोटाका जीवनीका पाटाहरू के कस्ता रहेका छन् ?

(ख) उनको व्यक्तित्व के कस्तो रहेको छ ?

(ग) उनको साहित्ययात्राको काल विभाजन के कसरी गर्न सकिन्छ ?

(घ) उनको कृतित्वको विविध पक्ष के कस्ता रहेका छन् ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका प्रमुख उद्देश्यहरू निम्न लिखित रहेका छन् :

(क) भुवन देवकोटाको जीवनीका विभिन्न पाटाहरू केलाउनु ।

(ख) उनको व्यक्तित्वका विभिन्न पक्षहरूको अध्ययन गर्नु ।

(ग) उनको साहित्ययात्राको कालविभाजन गरी तिनका चरणको अध्ययन गर्नु ।

(घ) उनका कृतित्वको विविध पक्षबाट अध्ययन र विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

भुवन देवकोटाका बारेमा सङ्क्षिप्त रूपमा पत्रपत्रिकाहरूमा सामान्य संस्मरण र स्मृतिका रूपमा टिकाटिप्पणी मात्र गरिएको छ । उनका बारेमा भएका अध्ययनहरूलाई कालक्रमिकरूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

अमर गिरी (२०५०) ले 'अन्तर्ध्वनि' मा 'दाङको साहित्यिक इतिहास' शीर्षकअन्तर्गत नेपाली साहित्यको विकासलाई अगाडि बढाउने महत्त्वपूर्ण प्रतिभाहरू मध्येमा शरद देवकोटा (भुवन देवकोटा) एक उल्लेख्य व्यक्ति हुन् र प्रगतिवादी मुल्यमान्यताका आधारमा कविता शृजनामा लागिपर्ने शरदका कविताहरू शिल्प, भाव र विचारको हेराइले स्तरीय हुन्छन् भनी उल्लेख गरेका छन् । पञ्चायती शासनकालमा पञ्चायती शासकहरूको जतिसुकै यातना खप्नु परे पनि र जतिसुकै आर्थिक कठिनाइको घनचक्करमा पिंधिनु परे पनि करिब एक दशकदेखि कविता क्षेत्रमा कलम चलाउँदै आएर दाङ तथा नेपाली साहित्यमा योगदान पुऱ्याएको कुरा उल्लेख गरेका छन् ।

प्र.ले.स दाङ (२०५४) ले 'दाङका सुसेलीहरू' नाम दोस्रो प्रकाशनको कृतिको प्रकाशकीयमा दाङको प्रगतिवादी साहित्यलाई संवृद्ध गर्दै परिवर्तनको बाटोलाई फराकिलो बनाउने दिशामा भुवन देवकोटाले महत्त्वपूर्ण योगदान दिदै आएका छन् भनी उल्लेख गरेको छ ।

टीकाराम उदासी (२०५९) ले 'गजल सिद्धान्त र नेपाली गजलको इतिहास', पुस्तकमा भावको धारिलो प्रभाव सृजना गर्ने एवम् विविध युगीन विकृति र विसङ्गतिको सटीक चित्रण गर्ने प्रगतिशील चिन्तन धारका गजलकार भुवन देवकोटा हुन् भनी उल्लेख गरेका छन् ।

पद्मप्रसाद शर्माले (२०५९) ले 'नयाँ युगबोध राष्ट्रिय दैनिक'मा 'साहित्य राजनीति र पत्रकारिताको एउटै नाम भुवन देवकोटा' शीर्षकको लेखमा भुवन देवकोटा राजनीतिक कार्यकर्ता, प्रगतिवादी साहित्यकारका साथै एक सामाजिक कार्यकर्ता पनि हुनुहुन्छ । उहाँ समाजको विकास निर्माणमा सदा सक्रियताका साथ संलग्न रहनु हुन्छ । गाउँघरमा परी आउने कुनै घटना र विकास निर्माणमा लाग्नु उहाँको मुख्य विशेषता हो । साहित्य र राजनीतिको सम्बन्ध नङ र मासुको जस्तै हुनुपर्ने कुरामा जोड दिनुहुन्छ भनी उल्लेख गरेका छन् ।

पद्मप्रसाद शर्मा (२०६०) ले 'राप्ती साहित्य परिषद्को इतिहास' पुस्तकको प्रतिभा परिचय शीर्षकको लेखमा खासगरी कथा, कविता र गजल विधामा कलम चलाउँदै आएका भुवन देवकोटा प्रगतिवादी रूझानका रचना पस्कनुका साथै राजनीतिक, साहित्य र पत्रकारिताको क्षेत्रमा पनि उत्तिकै चासो राख्नुहुन्छ भनी चर्चा गरेका छन् ।

उत्तमकृष्ण मजगैयाँ (२०६१) ले 'छन्दमा रापती : एक सङ्क्षिप्त अवलोकन' शीर्षकको लेखमा छन्दमा रापती पुस्तकमा कवि भुवन देवकोटा छन्दोबद्ध कविता कृति लेखनमा संलग्न एक उल्लेख्य प्रतिभा हुन् भनी चिनाएका छन् ।

नेपाल पत्रकार महासङ्घ दाङ शाखा (२०६१) ले 'चौथो अङ्ग पुस्तकमा विद्यालय, सङ्घ संस्था, राजनीतिक दलहरूका स्मारिका, प्रकाशन एवम् मुखपत्र शीर्षकमा भुवन देवकोटालाई गाउँघर सातदिने पत्रिकाका सह-सम्पादक, राप्ती सामाचार साप्ताहिकमा सम्पादक, दृष्टि साप्ताहिकका संवाददाता, गोरखापत्र दैनिकका सम्वाददाता, बहिरङ्ग, खलिहान र अन्तर्ध्वनिका सम्पादक भनेर चिनाएको छ ।

पद्मप्रसाद शर्मा (२०६२) ले 'राप्ती समाचार' (साप्ताहिक) मा भुवन देवकोटा वर्गीय अडान भएको प्रगतिवादी धारणामा स्पष्ट भएका कवि हुन् भनेर कवि भुवन देवकोटाको कवितासङ्ग्रह पढेपछि शीर्षकमार्फत् टिप्पणी गरेका छन् ।

नारायणप्रसाद शर्मा (२०६२) ले 'मेरी श्रीमती' (२०६२) कवितासङ्ग्रहको भूमिकामा 'शरद (भुवन) का कविता पढ्दा' भन्ने शीर्षकको लेखमा नारी जातिमाथि पुरूषले गर्ने अन्यायको खेदो खनेर नारी स्वतन्त्रताको उद्घोष गर्ने भुवन देवकोटा नारी दासताको सुन्दर प्रस्तुति विद्रोहको स्वर उराल्ने कवि भनेर भुवन देवकोटालाई चिनाएका छन् ।

सूर्यनाथ सापकोटा (२०६२) ले 'मेरी श्रीमती' (२०६२) कवितासङ्ग्रहको भूमिका ''मेरी श्रीमती' सरसर्ती हेर्दा' शीर्षकको लेखमा नारी स्वतन्त्रता शोषित पीडितका जीवनका तीता-मीठा अनुभवनहरू, परिवर्तनका आयामहरू, जागृतिका नयाँ नयाँ सन्देशहरू, सहिदका मुटुहरू एवम् प्रजातन्त्रको खुला आकाश सम्बन्धमा यथेष्ट प्रकाश पार्ने कवि भुवन देवकोटा गद्य र पद्य दुबै विधामा उत्तिकै दखल भएका कवि हुन् भनी भुवन देवकोटालाई चिनाएका छन् ।

अमर गिरी (२०६३) ले 'भिसमिसे' पत्रिकाको 'समकालीन प्रगतिवादी कवितामा वर्गद्वन्द्वको अभिव्यक्ति' शीर्षकको लेखमा वर्गद्वन्द्वका निम्ति आह्वान गर्ने कविका रूपमा भुवन देवकोटालाई परिचित गराएका छन् ।

उत्तमकृष्ण मजगैंया (२०६४) ले 'अन्तर्ध्वनि' साउन- असोज अङ्कमा 'दङगाली कथाकारको छोटो चिनारी' शीर्षकको लेखमा भुवन देवकोटा दाङका फुटकर कथाकारहरूमा एक प्रतिभाशाली कथाहरूको सूचीमा पर्दछन् भनी टिप्पणी गरेका छन् ।

केशव सुवेदी (२०५३) ले 'मध्यपश्चिमका कवितामा' 'दाङको कविता परम्परा' शीर्षकमार्फत् भुवन देवकोटाले दाङका विभिन्न पत्रपत्रिकामा फुटकररूपमा कविता प्रकाशित गराउँदै आएका छन् । यसका साथै उनले पद्मप्रसाद शर्मा, हिरा डि.सी.सँग मिलेर संयुक्तरूपमा 'हाम्रा सुसेलीहरू' गीतसङ्ग्रह पनि प्रकाशित गराएका छन् भनी कविता तथा गीतकारका रूपमा टिप्पणी गरेका छन् ।

निर्मला शर्मा (२०५९) ले 'दाङ जिल्लाका कवि र तिनका कविताकृतिको अध्ययन' शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रमा दाङ लक्ष्मीपुरमा वि.सं. २०१६ मा जन्मिएका भुवन देवकोटा विभिन्न फुटकर कविता प्रकाशित गरी प्रगतिवादी कविका रूपमा चिनिएका प्रगतिवादी कवि भनेर उल्लेख गरेकी छिन् ।

## १.७ शोधकार्यको औचित्य

२०३४ सालदेखि साहित्य सिर्जनातर्फ उन्मुख भएका भुवन देवकोटाका बारेमा सामान्य टिप्पणी र छिटफुट चर्चा मात्रै भएका छन् । उनले वि.सं. २०३६ सालदेखि औपचारिक रूपमा साहित्ययात्रा प्रारम्भ गरी हालसम्म निरन्तर साहित्य साधना गरेर नेपाली साहित्यको क्षेत्रमा थुप्रै योगदान गरे पनि उनी ओझेलमा परेका साहित्यिक प्रतिभा हुन् । यसर्थ उनका बारेमा सर्वप्रथम जीवनी, व्यक्तित्व र कृतित्वको समग्र रूपमा गरिने व्यवस्थित अध्ययन अनुसन्धान स्वतः औचित्यपूर्ण रहेको छ ।

साहित्यकार भुवन देवकोटाको जीवनी, व्यक्तित्व र उनका प्रकाशित पुस्तककार कृतिहरू अन्य फुटकर लेखरचनाका बारेमा जानकारी राख्न चाहने सम्पूर्ण व्यक्तिका लागि प्रस्तुत शोधपत्र निकै उपयोगी र महत्त्वपूर्ण छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

साहित्यकार भुवन देवकोटाले नेपाली साहित्यका क्षेत्रमा दिएका योगदानहरूलाई उनको जीवनकाल (वि.सं. २०६५ सालसम्म) को अवधि र सीमाभित्र आबद्ध गरिएको छ । प्रस्तुत शोधकार्यमा उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा उल्लेख गर्दै उनका प्रकाशित कृतिहरूको विश्लेषण र अन्य प्राप्त अप्रकाशित रचनाहरूको उल्लेख मात्र गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रका लागि आवश्यक सामग्रीको सङ्कलन मूलतः क्षेत्रीय अध्ययन पद्धति एवम् पुस्तकालयीय अध्ययन विधिका आधारमा गरिएको छ । प्रस्तुत शोधपत्रसँग सम्बद्ध विभिन्न स्रोत पत्ता लगाई सामग्रीहरू जुटाई तिनको व्यवस्थित अध्ययन यहाँ गरिएको छ ।

### १.९.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रसँग सम्बन्धित स्रोत पत्ता लगाई सम्बन्धित स्थानमा पुगी शोधनायकसँग प्रत्यक्ष भेटघाट र सोधपुछ तथा शोध नायकका दाजुभाउज्यू, आफन्त, नातेदार तथा अन्य समकालीन मित्रहरूसँगको भेटघाट र सोधखोजबाट सामग्रीहरू सङ्कलन गरिएको छ । यसै क्रममा आवश्यकताअनुसार सम्बद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक, समालोचक, राजनीतिज्ञ आदि व्यक्तिसँग पनि भेटघाट गरी आवश्यक जानकारी लिइएको छ । यसका साथै आवश्यक सामग्री सङ्कलन गर्न विभिन्न पुस्तकालयबाट आवश्यक ठानिएका पुस्तकहरूको उपयोग पनि गरिएको छ ।

### १.९.२ सामग्री विश्लेषण विधि

प्रस्तुत शोधपत्र तयार पार्दा सङ्कलित सामग्रीको विश्लेषण प्रचलित मान्यताअनुसार गरिएको छ । यस शोधपत्रका लागि सङ्कलित सामग्रीको अर्थापन र सत्यापन गरी भुवन देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । उनका बारेमा प्राप्त सम्पूर्ण सामग्रीहरूको विभिन्न कोणबाट वर्णन, तुलना र विश्लेषण गरी शोध निष्कर्षमा पुगिएको छ । यस क्रममा ऐतिहासिक र तुलनात्मक समालोचनाको उपयोग गरिएको छ भने रचनाको वैचारिक मूल्याङ्कनका लागि मार्क्सवादी सौन्दर्यशास्त्रको प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित रूपमा प्रस्तुत गर्न यसलाई निम्न लिखित परिच्छेदमा विभाजन गरिएको छ ।

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोध परिचय |
| दोस्रो परिच्छेद | : | भुवन देवकोटाको जीवनी |
| तेस्रो परिच्छेद | : | भुवन देवकोटाको व्यक्तित्व |
| चौथो परिच्छेद | : | भुवन देवकोटाको साहित्य यात्राको चरण विभाजन |
| पाँचौं परिच्छेद | : | भुवन देवकोटाको कृतित्वको विश्लेषण |
| छैठौं परिच्छेद | : | शोध निष्कर्ष |

सन्दर्भग्रन्थसूची

परिशिष्टहरू

# दोस्रो परिच्छेद

# भुवन देवकोटाको जीवनी

## २.१ जन्म र वंशपरम्परा

भुवन देवकोटाको जन्म २०१६ असोज १५ गते विहीवारका दिन चतुर्दशी तिथिमा बिहान ८:३० बजेको समयमा दाङ जिल्लाको डाँडागाउँ, लक्ष्मीपुर गा.वि.स. वडा नं. ४ मा भएको हो । उनको न्वारन हिन्दू परम्पराअनुसार प. तेजप्रसाद घिमिरेद्वारा सम्पन्न गरी नाम भुवन देवकोटा राखिएको थियो (हेर्नु: परिशिष्ट ३) । उनी ब्राह्मण जाति, देवकोटा थरमध्ये उपाध्याय देवकोटा भारद्वाज गोत्र वंशजका सन्तान हुन् । उनका वंशजहरू पाँचौ पुस्ता अगाडि जुम्लाबाट दैलेख हुँदै दाङ जिल्लाको डाँडागाउँमा बसाईंसराइँ गरी आएका हुन् । २०२६ सालमा दाङ जिल्लाको ढिकपुर गा.वि.स. ३ दुन्द्रामा उनको सपरिवार बसाई सऱ्यो । त्यहाँ २०२६ देखि २०४६ सम्म बसोबास गरी २०४६ मा पुनः उनको परिवार लक्ष्मीपुर - ४ मै बसाइँसराइँ गऱ्यो । उनी हालसम्म आफ्नो परिवारसहित त्यही बसोवास गर्दै आएका छन् ।

भुवन देवकोटा दाङ लक्ष्मीपुरको सवारीकोटमा शिक्षण गर्ने पिता चूडामणि उपाध्याय देवकोटा र माता सीता उपाध्यायका दुई छोरामध्ये कान्छो छोरा हुन् । उनी लोकनाथका तेस्रो नाति हुन् (हेर्नु : परिशिष्ट : १) । भुवन देवकोटाले पारिवारिक कमजोर आर्थिक स्थितिले सानै उमेरदेखि विभिन्न समस्याहरू भोग्दै आए, आफ्नो अध्ययनका क्रममा पाएको दुःख र पीडा, आर्थिक अभाव जेल यातना र अन्य विविध समस्याको समग्र कारणले साहित्यिक रूचि बढ्दै जाँदा उपनामको लहर चलेका समयमा आफ्नो नामका अगाडि ‘शरद’ उपनाम थपी शरद देवकोटा लेख्न थालेदेखि उनी साहित्यमा शरद देवकोटाका नामले प्रख्यात छन् । कहिलेकाहीँ राजनीति गर्ने क्रममा छद्मभेषी नाम (पूरै नाम परिवर्तन गरेर) ‘शरद गाउँले’ राखेर पनि साहित्यिक फाँटमा देखिए । उनले साहित्य र राजनीतिका क्षेत्रमा विभिन्न उपनाम राखी योगदान

पुऱ्याए तापनि मूलतः उनी शरद देवकोटा उपनामबाट नै साहित्यमा बढी चिनिएको पाइन्छ भने राजनीतिमा 'दीपक' नामले चिनिएको पाइन्छ । (शर्मा, २०५९:२) ।

## २.२ बाल्यावस्था

भुवन देवकोटाको बाल्यावस्था दाङको लक्ष्मीपुरमै बितेको हो । उनको पारिवारिक पृष्ठभूमि निम्न आर्थिक अवस्था भएको एक ब्राह्मण परिवारको पुरेत्याइँ पेसा थियो । पुरेत ब्राह्मण दुई सन्तानमध्ये कान्छा छोरा भएका हुनाले बाल्यकाल विभिन्न समस्याभित्र पनि लाडप्यारमा बितेको थियो । पारिवारिक वातावरण कट्टर धार्मिक परम्पराले निर्देशित भएका हुनाले उनमा पनि धार्मिक प्रभाव परेको थियो । भुवन देवकोटाको बाल्यावस्था अलि संवेदनशील खालको भएका हुनाले उनको अरूसँग लागेर खेल्ने घरबाहिर जाने बानी थिएन । आफ्नै बाबुआमाको छेउमा बस्ने र धार्मिक पौराणिक कथाहरू, इतिहास र दर्शनका कुराहरू सुन्न रूचाउने बानी थियो (प्रत्यक्ष भेटघाट) ।

भुवन देवकोटाको परिवार तत्कालीन रूढि र अन्धविश्वासमा आधारित एवम् सोही अनुरूपको शिक्षाबाट शिक्षित ब्राह्मण परिवार थियो । उनले बालककालमै परम्परागत रूपमा बाबुसँग बसेर अक्षराम्भ गरे । बालककालमै भुवन देवकोटाले दुर्गाकवच, चण्डी, रूद्री तथा अन्य कर्मकाण्डका पुस्तकहरू कण्ठ गरिसकेका थिए ( शोधनायकसँग प्रत्यक्ष भेटघाट) । बाल्यावस्थामा २०२१ मा वसन्त पञ्चमीदेखि घरमै अक्षराम्भ गर्नुभयो । पछि हालको मा.वि चौघेरामा २०२२ सालमा कक्षा १ मा भर्ना भई अध्ययन आरम्भ गर्नुभयो (शर्मा, २०५९:२), उनी सानै उमेरबाटै लगनशील, जिज्ञासु, अनुशासित, मेहनती प्रवृत्तिका थिए । उनले बाल्यावस्थामै नेपालको पञ्चायत विरोधी राजनीतिक गतिविधि र वि.सं. १९९७ को सहिद कण्डको घटना विवरण बुझ्ने मौका पाएका थिए । यसबाट उनको बालचेतनामा गहिरो प्रभाव पऱ्यो जसले उनलाई परिवर्तन, सङ्घर्ष, समानता, बलिदान जस्ता परम्परापादी जीवन प्रणालीले उनलाई

भित्री रूपमा चिन्तित पार्दथ्यो । गाउँमा भएका असमानता, छुवाछुत, ठूलाबडाको दबाब र शोषणजस्ता कुराले उनलाई विद्रोही स्वभावको चेतना जागरणमा प्रेरित गऱ्यो ।

भुवन देवकोटाको परिवार, कमजोर आर्थिक अवस्था, बाबुआमाको मृत्यु आदि कारणले उनको मानवीय संवेदना विस्तारै आत्मकेन्द्रित बन्दै गयो र यही आत्मकेन्द्रीयताले उनलाई एउटा कविको हृदय दियो (शर्मा, २०५९:२) । उनका यी बाल्यकालीन पृष्ठभूमिले उनीभित्र एक प्रगतिवादी साहित्यकार र राजनीतिक सफल व्यक्तित्वको निर्माण गऱ्यो ।

## २.३ शिक्षा- दीक्षा

भुवन देवकोटाको शिक्षारम्भ अनौपचारिक रूपमा घरबाट नै भएको हो । उनको अक्षराम्भ घरमा बाबुसँगै बसेर चारपाँच वर्षको उमेरबाट भएको हो । बाबुको पुरेत्याईं पेसा र घरको धार्मिक वातावरणले उनको शिक्षादीक्षामा प्रत्यक्ष प्रभाव पाऱ्यो । उनले अक्षराम्भपछि अध्ययनका क्रममा बाबुसँगै बसेर धार्मिक कर्मकाण्डका पुस्तकहरू चण्डी र रूद्री कण्ठ गरे (हेर्नू: परिशिष्ट ३) । भुवन देवकोटाको शिक्षाराम्भ औपचारिक रूपमा नि.मा.वि. चौघेरामा (हाल मा.वि. भएको) भर्ना भएदेखि भएको हो । उनी वि.सं. २०२२ सालमा त्यहाँ भर्ना भएर कक्षा तीन सम्मको अध्ययन गरी माध्यमिक तहको अध्ययनका लागि सिद्धरत्ननाथ मा.वि. (हाल उ.मा.वि) नारायणपुरमा भर्ना भए ।

भुवन देवकोटाले मा.वि. नारायणपुरमा पढ्दापढ्दै पक्राउ परेको कारणले बीचमै पढाइ छोड्नुपऱ्यो । पछि डेढ वर्षपछि फेरि जेलमुक्त भएपछि पुनः कक्षा १० मै भर्ना भएर आफ्नो अध्ययनलाई अगाडि बढाएका थिए । विद्यार्थी जीवनमा २०३५ /०३६ को विद्यार्थी आन्दोलनमा फेरि पक्राउ परे तर पछि फेरि पक्राउमुक्त भएर त्यहीबाट २०३८ सालमा एस्.एल.सी. उत्तीर्ण गरे ।

पिता चूडामणि उपाध्यायको आर्थिक अवस्था कमजोर भएको हुनाले भुवनले पनि विद्यार्थी जीवनमा अनेक समस्याको सामना गर्नुपऱ्यो । आर्थिक अभावका कारण पढ्न छोड्ने कमजोर मनस्थितिका भने भुवन थिएनन् । आफ्नो आर्थिक समस्याको सामना गर्दै उनले माध्यमिक तहको अध्ययन कसैसँग ऋण लिएर, अरूका बच्चा रातमा पढाएर, अर्काको घरमा कहिलेकाहीँ ज्यालादारी मजदुरी काम गरेर पूरा गरे । पढाइका क्रममा जति आर्थिक सङ्कटपरे पनि उनले आर्थिक उन्नतिको कुनै योजना बनाएनन् । यसरी नै उनले आफ्नो एस्.एल.सी. सम्मको शिक्षा दीक्षा पूरा गरे ।

## २.४ पारिवारिक पृष्ठभूमि

भुवन देवकोटा पुरोहित परिवारमा जन्मेका हुन् । भुवन देवकोटाको परिवार मूल रूपमा पुर्ख्यौली पुरेत्याईं पेसामा निर्भर थियो । उनको ब्राह्मण परिवार, धर्म, रूढिपरम्परा र अन्धविश्वासमा कट्टर थियो । तत्कालीन परम्परावादी शिक्षा प्रणालीअनुसार धार्मिक अन्धविश्वाससमा निहित धार्मिक कर्मकाण्ड, पौराणिक पुस्तकहरू पढ्ने पढाउने वातावरण भुवनको परिवारमा थियो । भुवनको परिवार धार्मिक रूपले उक्त क्षेत्रमा प्रतिष्ठित थियो । उनका बाबुले दाङका टाढाटाढाका गाउँमा गएर पुरेत्याईँ गर्दथे । चूडामणि उपाध्यायले आफ्नो छोराहरू संस्कृत शिक्षा पढी पुरेत्याईं पेसामा सहभागी भएको हेर्न चाहन्थे । भुवनका दाजु प्रेमप्रकाश शर्माले ज्योतिष र संस्कृतको सामान्य अध्ययनबाटै पुरेत्याई पेसा चलाएका थिए भने भुवन त्यस्तो पेसामा सहभागी भएनन् । उनका दाजु सानैमा आफ्नो बुबा चूडामणिसँगै टाढा-टाढा पुरेत्याइँ गर्न जान्थे ।

भुवनका पिता चूडामणि उपाध्यायका दुई श्रीमती थिए । जेठी श्रीमती कमला उपाध्यबाट सन्तान भएनन् । कान्छी श्रीमती सीता उपाध्यायबाट दुई छोरा प्रेमप्रकाश, भुवन र तीन छोरी पुष्पा, वसन्ता र शारदा गरी जम्मा पाँच सन्तान जन्मिएका थिए ।

यसरी भुवन देवकोटाका पिताको कुल परिवार सङ्ख्या सात जनाको थियो ( हेर्नु: परिशिष्ट १) । भुवनको परिवारमा धार्मिक शिक्षाको बढी प्रभाव भएकोले उनका दाजुले त्यही मान्यता अनुरूप जीवन बिताए । कान्छा छोरा भुवन भने आधुनिक शिक्षा अध्ययन गरी रूढि तथा र अन्धपरम्पराको विरोधी बने । भुवनका परिवारमा आई.ए. सम्म पढ्ने र जागिर खाने एक मात्र व्यक्ति दाजु थिए तर चूडामणिका कान्छा छोरा भुवन भने एस्.एल.सी. मात्र पढेर पत्रकारिता पेसामा लागेर जागिर, राजनीति र साहित्यका क्षेत्रमा लाग्ने एक मात्र सन्तान हुन् ।

## २.५ विवाह र दाम्पत्य जीवन

भुवन देवकोटाको विवाह वि.सं. २०३८ जेष्ठ २१ गते दाङ जिल्लाको सौडियार गा.वि.स. वडा नं. ८ बेलहरी निवासी चिन्तामणि पोखेलकी छोरी कृष्णा पोखेलकी दिदी लक्ष्मी पोखेलको बहिनी १७ वर्षीया राधा पोखेलसँग कलिलो उमेरमा कलिलो उमेरकी केटीसँग भएको थियो । २०३९ मा अर्थात् विवाह भएको एक वर्ष पछाडि उनको छोरी सुष्मिता जेष्ठ सन्तानका रूपमा जन्मिन पुगिन् भने २०४३ मा दोस्रो सन्तानको रूपमा छोरी मंजिता र अन्तिम वा तेस्रो सन्तानका रूपमा भने छोरो मनोज जन्मिएका हुन् ।

पहिलो छोरीको विवाह दाङ जिल्लाको देउखुरी फल्कापुर, सोनपुर गा.वि.स.का निवासी लालमणि अधिकारीसँग २१ वर्षको उमेरमा सम्पन्न भयो । उनका हाल दुई छोरी मात्र छन् । भुवन देवकोटाकी कान्छी छोरी मंजिता हाल राप्ती शिक्षा क्याम्पस दाङमा बी.एड. प्रथम वर्षमा अध्ययनरत छिन् भने छोरा मनोज । श्री महेन्द्र बहुमुखी क्याम्पस भरतपुर, दाङमा आई.ए. दोस्रो वर्षमा अध्ययन गर्दै छन् तर उनकी जेठी छोरी सुष्मिता भने टेष्ट पासमै सीमित  रहिन् ।

## २.६ आर्थिक अवस्था

भुवन देवकोटा निम्न मध्यम परिवारमा जन्मिएका थिए । उनको पारिवारिक गुजाराको प्रमुख स्रोत पुरोहित पेसाका साथै पिता चूडामणिको प्रा.वि. को शिक्षण पेसा थियो । पारिवारिक आय आर्जनको अरू कुनै स्रोत नै थिएन । परिवार ठूलो भएका कारण जीवनयापनका लागि केही समस्या थियो । आफूसँग भएको केही जग्गा पनि उत्पादनका दृष्टिले कम्जोर थियो । जग्गाबाट आउने खाद्यान्न ठूलो परिवारलाई वर्षदिन धान्न पुग्दैनथ्यो (हेर्नू: परिशिष्ट ३) ।

चूडामणि उपाध्यायको आर्थिक अवस्था कमजोर भएका हुनाले भुवनले पनि विद्यार्थी जीवनमा अनेक समस्याको सामना गर्नुपऱ्यो । आर्थिक अभावका कारण पढ्न छोड्ने कमजोर मनस्थितिका भने भुवन थिएनन् तसर्थ आफ्नो आर्थिक समस्याको सामना गर्दै उनले माध्यमिक तहको अध्ययन कसैसँग ऋण लिएर, अरूका बच्चा रातमा पढाएर, अर्काको घरमा ज्यालादारी मजदुरी गरेर अध्ययन पूरा गरे । पढाइका क्रममा आएका आर्थिक उचारचढावका अनेकौं समस्याको समाधान गर्दै अध्ययमा निरन्तर लागि रहे ।

भुवन देवकोटालाई जति आर्थिक सङ्कट परे पनि उनले आर्थिक उन्नतिको कुनै योजना बनाएनन् र कुनै सपना पनि देखेनन् । एक दुई ठाउँबाट आर्थिक लाभ हुने राम्रो अवसर आउँदा आफूलाई खरिद गर्न खोजेको भनी पटक्कै मानेनन् । आफ्नो पुर्खाले भोग्दै आएको आर्थिक समस्यासँग जुध्दै पढेर भए पनि एस्.एल.सी. अध्ययन पूरा गरी पत्रकारिता, साहित्य र राजनीतिलाई अङ्गालेर हालसम्म निरन्तर आफ्नो कार्यलाई अगाडि बढाइरहेका छन् ।

## २.७ रूचि तथा स्वभाव

भुवन देवकोटाको जन्म पुरोहित परिवारमा भएको हो । उनको पारिवारिक वातावरण धार्मिक प्रकृतिको थियो । उनी सानामा त आस्तिक थिए । सानैदेखि शान्त, शिष्ट, लगनशील र संवेदनशील स्वभावका भुवन सानो उमेरमै उनी पौराणिक कथाहरू, इतिहास, दर्शन आदिमा बढी रूचि राख्ने जिज्ञासु स्वभावका थिए । उनको बढ्दो उमेरसँगै रूचि तथा स्वभावमा पनि परिवर्तन आउँदै गयो । सानैदेखि उनमा संवेदनशीलता र भावुकता प्रशस्तै थियो ।

भुवन देवकोटाको रूचि भाषा, इतिहास, साहित्य, दर्शन, राजनीति आदि क्षेत्रमा थियो । उनको रूचि मूल रूपमा राजनीति र साहित्यतर्फ नै थियो । साहित्यमा कविता, गीत, कथा, नाटक, समालोचना लेखन र अध्ययनमा उनको रूचि थियो । राष्ट्रिय, अन्तराष्ट्रिय तहका महत्त्वपूर्ण पुस्तकहरू सङ्कलन गर्ने र तिनमा आफ्नै प्रकारको तथ्याङ्कीय सूचना राख्ने बानी थियो ।

भुवनको खानाप्रति कुनै छनौट थिएन जुन परिकार पनि एकै प्रकारले ग्रहण गर्दथे । राजनीतिक जीवनमा २०४५ सालमा प्रहरी हिरासतमा एक महिना बस्दा चुरोट खाने बानी लाग्यो तर २०४६ सालमा उनी हिरासतबाट निस्किँदा उक्त बानी हटेको थियो । २०५४ मा लक्ष्मीपुर गा.वि.स. को अध्यक्ष पदम नियुक्त हुँदा उनी जनताबाट चुनिएर निर्वाचित भएका थिए ।

अध्यक्ष पदमा रहँदा त झनै उनको चुरोट पिउने बानी पूरै हटिसकेको थियो । पोसाकमा पनि उनको कुनै रूचि थिएन । उनी सामान्य पोसाक लगाउँथे । सुरुसुरुमा सुरूवाल कुर्ता, टोपी, चप्पल लगाउने र झोला भिर्ने गर्थे । अलि पछाडि उनले सर्ट, पैन्ट, जुत्ता, कालो भादगाउँले टोपी, कहिले ढाका टोपी, कहिले बिर्के टोपी लगाउँथे ।

भुवनको वर्ग घृणा गर्ने आफ्नै शैली थियो । गाउँ समाजका शोषक सामन्तहरूप्रति घृणा व्यक्त गर्न उनले आफ्नो कविताका माध्यमबाट जातिगत भिन्नताप्रति घृणा गर्दथे । उनी समाज जातिगत रूपमा होइन वर्गगत रूपमा विभाजित हुनुपर्छ भन्ने चाहन्थे (शर्मा, २०५९:२) । आफू राजनीतिक कार्यकर्ता भएको नाताले राजनीतिज्ञहरूमा नेपालमा कम्युनिस्ट पार्टीको जग बसाल्ने क. पुष्पलाललाई मन पराउँछन् भने दोस्रोमा मनमोहन अधिकारी र मदन भण्डारीलाई । आफूलाई पनि बाह्मण संस्कार र पुरातनपन्थी विचारबाट पृथक र मुक्त राख्न चाहन्थे । उनले ब्राह्मण संस्कारविरूद्ध विजौरी गा.वि.स. अक्कासी सिमा वि.सं. २०३४ साल असारमा घनश्याम नेपालीको घरमा खाना खाएर अन्य वस्तु पनि ग्रहण गरे ।

उनी समाजमा भएका विकृत घटनाहरूलाई साहित्यिक रचनाका माध्यमबाट र व्यवहारबाट प्रकट गर्दथे । उनका रचनाहरू तत्कालै अरूलाई सुनाउने र प्रतिक्रिया माग्ने बानी थियो । बाटामा हिंड्दा पनि पुस्तक पढ्ने आफ्नो गोडा र आँखाको तालमेल मिलाइसकेका थिए । कुनै पनि कुरालाई हतारमा निर्णय गर्ने बानी थिएन । धैर्यका साथ निकै नै चिन्तन मनन् गरेर मात्र निर्णय गर्ने बानी थियो । जस्तो हतारमा पनि नआत्तिएर बोल्ने बीचमा अलिबेर पूर्ण विराम गर्ने अनि पुनः आफ्नो भनाई जारी राख्ने बानी थियो (शर्मा, २०५९ : २) ।

भुवन देवकोटा गा.वि.स. अध्यक्ष हुँदा गाउँका मानिसहरू कार्यालयमा आउँदा जुनसुकै मानिसलाई पनि तपाईं भनी सम्बोधन गर्ने र बाहिर भने मानिससित साथीको व्यवहार गर्ने, हात मिलाउने बानी उनको थियो । उनले आफ्नो गाउँका जनतालाई अति माया गर्ने बानी थियो । उनी सर्वसाधारण जनतासँग सधैं शिष्ट, सौम्य र विनम्र भएर वर्ग दुश्मनसँग जहाँ पनि आक्रामक भएर रहेका देखिन्थे । (शर्मा, २०५९ :२) ।

भुवन देवकोटा आदर्श, दर्शन, सिद्धान्त र विचारलाई व्यक्तिगत जीवनमा प्रयोग गर्ने र व्यावहारिकतामा लागू गर्ने सफल व्यक्ति हुन् । घरमा अति आर्थिक सङ्कट भए

पनि आफ्नो पैसाबाट गरिब दुःखीलाई सहयोग गर्ने बानी थियो । जुन परिवारमा गए पनि परिवारको सदस्य समान रहने, खाना खाएपछि आफ्नो जुठा भाँडा आफै सफा गर्ने बानी उनको थियो । केटाकेटी, युवा, बृद्ध, महिला, विद्वान्, किसान, दलित सबै वर्गसँग मिलेर सबैको मन जित्न उनी सिपालु थिए । आफूसँग भएका वस्तु कलम, घडी साथीहरूलाई आवश्यक देखेपछि सम्झना स्वरूप दिने बानी उनको थियो ।

ठिक्कको कद, गहुँगोरो वर्ण, गठिलो शरीर, पङ्क्ति मिलेका दाँत र गोलो हंसमुख अनुहार भएको व्यक्तिको हुनुहुन्छ ? भनेर कसैले सोध्यो भने एकपटक चिनेकाले कत्ति पनि अलमल नगरी भुवन देवकोटा भनी सजिलै भन्न सक्छन् (शर्मा, २०५९ :२)

## २.८ साहित्य लेखन

### २.८.१ पृष्ठभूमि

भुवन देवकोटा विद्यार्थी जीवनबाटै चिन्तनशील थिए । उनका चिन्तनका आधारहरू गाउँ, समाज, वातावरण, परम्परा आदि थिए । यो सबै विषयको चिन्तनबाट आफ्नो कतिपय व्यक्तिगत अनुभवबाट सञ्चित समग्र अनुभूतिलाई उनी साहित्यिक रचनाका माध्यमले अभिव्यक्त गर्न थाले । उनले वि.सं. २०३६ सालदेखि यस प्रकारका अनुभूतिलाई मुक्तक, गीत, कविता आदि रचनाका माध्यमबाट प्रकट गर्न थाले । साहित्यिक लेखनमा उनको अभ्यास बृद्धि हुँदै गयो र २० को दशकमा पाइलो हाल्दा भुवन देवकोटाले स्तरीय रचनाहरू दिन थाले (शर्मा, २०५९ :२) । आफू हुर्केको समाज, तत्कालीन राष्ट्रिय राजनीतिक वातावरण, जिल्लामा भएका जमिन्दार प्रथाको दमन, थिचोमिचोलाई क्रमशः बुझ्दै जाँदा उनले आफ्नो ठाउँका छुवाछुत, मान्छेलाई हेप्ने, शोषन गर्ने, अन्याय अत्याचार गर्ने प्रवृत्तिलाई बुझेर ती विषयमा गीत र कविता रचना गरे (शर्मा, २०५९ :२) ।

अध्ययनकालमा भएका विभिन्न साहित्यिक कार्यक्रमले उनलाई साहित्यको क्षेत्रमा प्रवेश गरायो । अध्ययनकै क्रममा वि.सं. २०३४ मा जेल जीवनको क्रममा अमर डाँगीबाट प्रेरणा पाएर साहित्य लेखनमा लागे । त्यही भेटको कारणले उनलाई साहित्यतर्फ अग्रसर गरायो भने उनको साहित्य परिमार्जन गर्न प्युठान टारीका कृष्णप्रसाद सुवेदीको अहम् भूमिका रहेको छ । २०३४ साल असोजमा उनले पहिलो पटक कविता लेखेका हुन् । दाङका लेखराज सुवेदीको पनि उनको कविता लेखनमा विशेष प्रेरणा रहेको पाइन्छ ।

लेखनका दृष्टिले समस्यापूर्ति कविता 'उनको मुहार' पहिलो पटक लेखे तापनि प्रकाशनका दृष्टिले उनको पहिलो कविता दैनिक निर्णयमा प्रकाशित 'मुकुण्डो उघारिए पछि' शीर्षकको कविता नै उनको पहिलो कविता हो । उनले आफ्नो पहिलो कवितालाई आफ्नो आमालाई जस्तै महत्त्वपूर्ण ठान्छन् । २०३४ सालदेखि लेखन आरम्भ गरेका देवकोटाको रचना २०३६ सालमा मात्र औपचारिक रूपमा प्रकाशित हुन थालेको हो । देवकोटाको पढाइका क्रममा छन्दोबद्ध कविताहरूमा रविलाल अधिकारी, युद्धप्रसाद मिश्र र केवलपुरे किसानका कविताहरू बढी पढ्न रूचाउँथे । राजनीतिक गतिविधिमा सहभागी भएपछि विश्वक्रान्तिका रचना पढ्ने र लेख्ने काममा समेत उनले सक्रियता देखाए । उनले साहित्यका मुक्तक, गीत, कविता, कथा जस्ता क्षेत्रमा कलम चलाएर । उनको साहित्य लेखन वि.सं. २०३४ देखि हालसम्म निरन्तर चलिरहेको देखिन्छ ।

भुवन देवकोटाको पहिलो रचना छापिएको देख्दा उनको हर्षले शिखर छोयो । त्यसपछि उनी पहिलेभन्दा अझ जाँगरका साथ आफ्नो कलम कुदाउन थाले । भुवन देवकोटा खासगरी कविता, कथा, गजलमा कलम चलाउँछन् । उनका फुटकर कविताहरू 'युगबोध', 'युगचेतना', 'सुस्केरा', 'दैनिक निर्णय', 'खलिहान', 'वगर', 'वेदना', 'दाङका सुसेलीहरू', 'एक्काईसौं शताब्दी' 'खसानी', 'गाउँ घर सात दिने', 'मध्यपश्चिमका कविता' लगायतका पत्रपत्रिका एवम् पुस्तकहरूमा दर्जनौं सङ्ख्यामा

प्रकाशित भएका छन् । साहित्यमा बडो निर्भीकताकासाथ कलम चल्छ । उनको हालसम्म आफूले रचना गरेका कविताहरूमध्ये 'मन' र 'मेरी श्रीमती' शीर्षकका कविता उनलाई अत्यन्त मन पर्छन् । साहित्यकारहरूमध्ये माडसाव अर्थात् नेत्रलाल पौड्याल 'अभागी' लाई मन पराउने देवकोटा एक समय 'गाउँले' उपनामबाट साहित्य रचना गर्ने र प्रकाशन गर्ने गर्दथे ।

## २.८.२ लेखनका लागि प्रेरणा र प्रभाव

भुवन देवकोटाको भावुकताभित्र जिज्ञासा र विभिन्न जटिलताहरूको अनुभूति समायोजन भएर उनलाई साहित्यप्रति चेतनाको स्फुरण गरायो । उनी समाजको परम्परागत संरचना मन नपराउने व्यक्तिका साथै सामाजिक रूढि मान्यताप्रति विद्रोही भाव भएका व्यक्ति हुन् । आफ्नो मनका विद्रोही भावलाई बाहिरी संसारमा छर्लङ्ग देखाउन नै उनले साहित्यलाई माध्यम बनाए । आफ्नो कुण्ठित विचार सबैका लागि अनुकरणीय बनाउन उनी समाजका अधिकांश जनताका पक्षमा रहेर साहित्य सिर्जनामा तल्लीन भए । समाजका अधिकांश गरिब जनताका दुःख पीडालाई सङ्घर्षबाट परिवर्तन गर्नु पर्दछ भन्ने मान्यताले उनलाई प्रेरित गऱ्यो । फलतः उनले गरिब जनता र आफ्नै समस्याले प्रेरित भावनालाई व्यवस्थित रूपमा साहित्यमा अभिव्यक्त गरे । सामाजिक विषमताबाट ग्रसित जनताका व्यथाहरूलाई रचनाका माध्यमले सार्वजनिक गर्नु पर्दछ । त्यसैले नै शोषित जनतामा चेतनाको वृद्धि हुन्छ भन्ने दृढ धारणाले उनलाई लेखनमा प्रेरणा दिएको हो ।

भुवन देवकोटा मा.वि. तहसम्मको अध्ययनले वैचारिक रूपमा स्पस्ट भए । प्रगतिवादी साहित्यकार कृष्णप्रसाद सुवेदीसँगको भेटघाटले उनलाई मार्क्सवादी साहित्यको अध्ययन गर्न प्रेरणा मिल्यो । समाज सेवाको भावनाले राजनीतिमा लागेर वि.सं. २०५४ देखि २०५९ सालसम्ममा लक्ष्मीपुर गा.वि.स. को अध्यक्षसमेत भएर

जनताको सेवा गरे । दाङ हापुर हिलो निवासी भानु गौतमबाट राजनीतिमा थप प्रेरणा पाएका देवकोटाले कार्यावधिभरि कुशलतापूर्वक कार्य सम्पन्न गरे (शर्मा, २०५९ :२) ।

भुवन देवकोटाले आफ्नो राजनीतिकयात्रामा भोगेका समस्यालाई पनि साहित्यिक लेखनमा उतारे । आफ्नो सहयात्री मित्रहरूमा आएको पलायनता, आत्मसमर्पणले झन् उनलाई साहित्यिक रचनामा निकै कडा प्रस्तुति गर्न प्रेरित गऱ्यो । समाजमा विद्यमान लोकसंस्कृति र भाषिक मान्यतालाई संरक्षण, संवर्धन गर्नु पर्छ भन्ने मान्यताका आधारमा उनका भावनाहरूलाई साहित्यिक रचनामा प्रेरणा प्रदान गऱ्यो र उनले ती स्रोतबाट विषयवस्तु छनौट गरेर साहित्यिक लेखन गरे ।

भुवन देवकोटालाई नेपाली साहित्याकाशमा उदीयमान साहित्यकारहरू जसले वि.सं. २००७ साल पूर्व राणाशासनका विरूद्धमा आँटिला कविताहरू जस्तै 'पिजँडाको सुगा', लेखनाथ पौड्याल 'हुरीको गीत', 'आमाको सपना' गोपालप्रसाद रिमाल, 'प्रभुजी भेडो बनाऊ', बाघले 'बच्चा किन खान्छ' लक्ष्मीप्रसाद देवकोटा, 'सङ्घर्षको ठीक गर' देवीप्रसाद किसान आदि जस्ता कविका कविताहरूले राजनीतिक परिवर्तनप्रति अभिप्रेरित गरे । यी कविताहरूले भुवन देवकोटालाई विद्रोही कविता लेख्न प्रेरणा मिल्यो । कवि भूपि शेरचन र गोपालप्रसाद रिमालका कविताहरूले उनका कविता रचनामा शैलीगत प्रभाव पारे । भुवन देवकोटालाई प्रगतिशील साहित्यको क्षेत्रमा वि.सं. २०३४ बाट प्रेरित गरेर लेख्न प्रेरणा दिने काम साहित्यकार अमर डाँगीले गरेका हुन् ।

भुवन देवकोटालाई तत्कालीन क्रान्तिकालीन साहित्यको प्रभाव निकै पऱ्यो । उनलाई विश्वका क्रान्तिकालीन साहित्यको प्रभाव पनि पऱ्यो । उनी विश्वका क्रान्तिकालीन साहित्य र साहित्यको अध्ययन गरी प्रशस्त प्रभावित पनि भए । उनले विश्वसाहित्यका क्रान्तिकालीन रचनाहरू मूलतः 'मेक्सिम गोर्की', 'राहुल साँकृत्यायन', लुसन (चीन) का रचनाहरू तथा माओत्चेतुङका पाँच सङ्कलित रचनाहरू, जीवन,

माओको २० डिसेम्बर १९३९ मा प्रकाशित 'स्टालिन चिनिया जनताका साथी' आदि रचनाहरूको गहन अध्ययन गरे । अन्य विश्वका क्रान्तिकारी साहित्यकारहरू बाल्जाक, भोल्टेयर, रोलाँ, मेक्सिम गोर्की विश्वको अन्य चर्चित व्यक्तित्व लिया टल्सोटाय, निकोलाई भलादिमिरो, मायाको भस्की, जुलियस फ्युचिक आदि भुवनका साहित्यिक प्रेरणा र प्रभावका आदर्श साहित्यकारहरू हुन् । तीबाहेक अस्त्रीभस्की र लेनिन पनि प्रेरणाकै आदर्श साहित्यकार हुन् ।

भुवन देवकोटाको जीवन हुर्काई र साहित्यिक लेखनमा वि.सं. २००७ सालको क्रान्ति, वि.सं. २०१५ सालको निर्वाचन, वि.सं. २०३६ सालको जनमतसङ्ग्रह, पारिवारिक पृष्ठभूमि, आर्थिक अभाव अध्ययनका क्रममा उक्त समयमा विभिन्न गतिविधिमा भएको संलग्नता, प्रगतिवादी साहित्यकारसँग प्रवेश गरे । उनले जीवन भोगाइका क्रममा आर्जित समग्र ज्ञान र अनुभवलाई साहित्यिक रचनामा प्रस्तुत गरेका छन् ।

### २.८.३ लेखनको प्रारम्भ र प्रकारको थालनी

भुवन देवकोटाले विद्यार्थी जीवनमा विभिन्न अनुभवहरू सँगालिसकेका थिए । उनले सञ्चित अनुभवलाई सत्र अठार वर्षको उमेरबाट लिपिबद्ध गर्न सुरु गरे । प्रारम्भमा साना कविता मुक्तक, गीतको रचना गरेर साहित्यक यात्रा सुरु गरेका भुवनले आफ्नो अनुभवको अभिव्यक्ति भएका रचनाहरूलाई साथीहरूको समूहमा सुनाई सुझाव मागेर आफ्नो रचनालाई अनुभूति, सामाजिक घटना, दुःख, पीडा, प्रकृति आदि विषयमा केन्द्रित हुन्थे । उनको प्रन्ध/सोह्र वर्षको उमेरमा अरूको घरमा ज्याला मजदुरी गर्न जानु पर्ने कहिलेकाहीँ बाध्यता बन्यो । वि.सं. २०४० मा उनका पिताको मृत्यु भयो । त्यो समयमा उनी राजकाज मुद्दा लागी जेलमा थिए । वि.सं. २०५७ साल चैत्र २० गते उनले मातृ वियोगको पीडासमेत खप्नु पर्‍यो । यी सबै प्रतिकूल अवस्थालाई आफ्नो संवेदनाले नियन्त्रण गरी जीवनको सङ्घर्षलाई साहित्यको

फाँटमा उतार्ने प्रयास गरे । उनले प्रतिकूल परिस्थितिसँग जुधेर पनि आफ्नो संवेदनालाई कलात्मक ढङ्गले गीत, कवितामा उतारे । वि.सं. २०३४/०३५ देखि साहित्यिक लेखन प्रारम्भ गरे तापनि चालिसको दशकमा भुवनका रचनाहरूले स्तरीयताको पहिचान दिन थालेका हुन् ।

भुवन देवकोटाका प्रारम्भिक रचनाहरू रूढि परम्पराका विरोधी, विद्रोही, गरिबमुखी भएकोले तत्कालीन समाजले पचाउन सकेन । आफ्नो अपरिपक्व लहडी उमेरका कारण ती रचनाहरू व्यवस्थित र सुरक्षित हुन सकेनन् । त्यस समयमा प्रकाशन गर्ने संस्थाहरूको अभावका कारणले र जेल बस्दा बाहिर प्रकाशन गर्न गाह्रो भएर पनि प्रारम्भिक रचनाहरू प्रकाशित हुन सकेनन् । भुवनका परिपक्व उमेरका साहित्यिक रचनाहरूमा विद्रोहको विस्फोट भए पनि राजनीतिक गतिविधिले गर्दा सहज रूपमा उनका रचना व्यवस्थित, सुरक्षित भएर प्रकाशनमा व्यापक देखापर्न सकेनन् । उनका रचनाहरू लेखनारम्भको समयभन्दा करिब पाँच वर्षपछि मात्र प्रकाशित हुन सके ।

भुवन देवकोटाकाले लेख रचनाहरू विभिन्न छद्मनामबाट पनि प्रकाशन गरेको पाइन्छ । अधिकारिक रूपमा हाल प्राप्त सामग्रीका आधारमा वि.सं. २०४३ तिर 'नेल्सन मन्डेला' शीर्षकको पहिलो लेख पनि प्रकाशित भएको जानकारी पाइन्छ । कविता प्रकाशनका सन्दर्भमा वि.सं. २०३६ मा प्रकाशित पत्रिका 'दैनिक निर्णय'मा पहिलो पटक 'मुकुण्डो उघारिएपछि' शीर्षकको कविता 'गाउँले' का नामले प्रकाशित भएको पाइन्छ । हाल प्राप्त सामग्रीहरूका आधारमा सम्भवतः यी लेखरचनालाई नै प्रथम प्रकाशित रचनाहरू भएको स्पस्ट हुन्छ ।

भुवन देवकोटाका लेख रचनाहरू चालीसको दशकतिरबाट विभिन्न पत्रिकाहरूमा प्रकाशन भए । उनका फुटकर रचनाहरू प्रकाशन भएका पत्रिकाहरू 'युगबोध', 'बहिङ्गा', 'वेदना', 'दाङका सुसेलीहरू', 'एक्काईसौ शताब्दी', 'गाउँघर

सातदिने', 'मध्यपश्चिमका कविता' लगायतका पत्रपत्रिका एवम् पुस्तकहरूमा 'मेरी श्रीमती' मात्र एक पुस्तकाकारका रूपमा प्रकाशित भएको छ ।

भुवन देवकोटाले लेखरचनाहरू विभिन्न छद्म नामबाट पनि प्रकाशन गरेका छन् । 'प्रारम्भमा शरद देवकोटाको' नामले रचनाहरू कोरे । त्यसपछिका केही रचनाहरू 'शरद गाउँले' र कतै 'गाउँले' मात्रै तथा कतै 'दीपक'का नामले पनि आफ्नो रचनाहरू प्रकाशित गरे । यी सबै नामहरू कविता गीत र अन्य लेखहरूमा प्रयोग भएका छन् ।

भुवन देवकोटाका फुटकर लेख, रचनाहरू वि.सं. २०३६ बाट प्रकाशन भए पनि कृतिहरूका रूपमा भने उनको 'मेरी श्रीमती' २०६२ सालमा आएर मात्र प्रकाशन भयो । उनका अन्य थुप्रै फुटकर रचनाहरू उनी जेल गएको वेला र घरमा २०३९ साउनमा प्रहरीले छापा मारेपछि धेरै रचनाहरू लुटिएको जानकारी उनीबाटै पाइन्छ । तीमध्ये केही प्राप्त रचनाहरू पनि अपूर्ण अंशमा छिन्न-भिन्न अवस्थामा पाइन्छन् ।

## २.९ राजनीतिक जीवन

भुवन देवकोटाको पाँच दशकको (हालसम्मको) अल्प जीवनको एक महत्त्वपूर्ण पाटो राजनीतिक जीवन पनि हो । उनको राजनीतिक जीवन करिब २५ वर्षको अवधिसम्म फैलिएको छ । पुर्ख्यौली रूपमा नै आर्थिक अभावको मारमा परेका पुरोहित परिवारका भुवनले पनि बाल्यकालबाटै आर्थिक मार खपेका हुन् । केही समय उनी २०३६ सालमै दाङ सौडियार गा.वि.स.को बेडगईमा नारायण चौधरीको घरमा हली बसे ।

भुवन देवकोटाको जीवनको सबैभन्दा महत्त्वपूर्ण पाटो राजनीतिक जीवन हो । उनको राजनीतिक जीवनको लमाइ जम्मा २५ वर्षको छ । त्यसमा पनि ६ महिना पूर्ण कठोर राजनीतिक यात्रा उनको राजनीतिक जीवनको उत्कर्ष समय हो । उनी नेपाली

वामपन्थी आन्दोलनका एक महत्त्वपूर्ण व्यक्ति हुन् । उनको राजनीतिक चासोमा बृद्धि वि.सं. २०३२ सालमा नारायणपुर गा.वि.स. ६ चाघुमा चिनियाँमान काजीको स्मृतिमा एक सभाको आयोजना गरिएको थियो, देवकोटा पहिलो पटक त्यस सभामा उपस्थित भए । चिनियाँमान काजीको योगदानको कुरा सुन्दा उनीमा उत्साह जाग्यो र राजनीतिमा चासो बढाउन लागे । त्यही क्रममा दाङ हापुर हिले निवासी भानु गौतमबाट थप प्रेरणा पाएर सक्रिय राजनीतिमा संलग्न भए । छात्र जीवनदेखि राजनीतिको मियो समाएका भुवन देवकोटा २०३४ सालमा पहिलोपटक राजकाज केशमा पक्राउ परी सल्यान जेल चलान भए । जेल बसाईंकै क्रममा अमर डाँगीबाट प्रेरणा पाएर २०३४ सालदेखि नै उनी साहित्य लेखनमा लागे ।

आफू राजनैतिक कार्यकर्ता भएकै नाताले उनी नेपालमा राजनीतिज्ञहरूसँग पनि परिचित भई नेपालमा कम्युनिस्ट पार्टीको जग बसाल्ने क. पुष्पलाललाई मन पराउँछन् भने दोस्रोमा मनमोहन अधिकारी र मदन भण्डारीलाई । पार्टी भूमिगत कालमा राजनीतिमा उनी ‘दीपक’ नामले चिनिन्थे । जीवनका स्मरणीय घटनामध्ये नेपालमा प्रजातन्त्रको पुनर्वहाली २०४६ चैत्र २६ गतेको ऐतिहासिक घटनालाई लिने देवकोटा पार्टीगत रूपमा काम गर्दा गाउँ पार्टी कमिटी, क्षेत्रीय कमिटी, हुँदै जिल्ला परिषद्को सदस्य रहेर काम गरेको अनुभव छ । वि.सं. २०५९ मा उनी एमाले जिल्ला परिषद्का सदस्य भएका थिए । राजनीतिक र साहित्यलाई एकै रथका दुई पाङ्ग्रा ठान्ने देवकोटा राजनीति र साहित्य दुबैमा उत्तिकै सक्रिय छन् । त्यत्ति मात्र होइन राजनीतिक कार्यकर्ता, प्रगतिवादी साहित्यकार र सामाजिक कार्यकर्ता पनि हुन् ।

वि.सं. २०३६ अषाढ ४ गते सुरु भएको ‘किसान विद्रोह’ आन्दोलनको सिलसिलामा पार्टी सम्पर्कका लागि उनी भूमिगत बसे । उनले जमिन्दार, शोषक, सामन्तको भकारी फोडी किसानहरूलाई वितरण गर्न थाले । नेत्रलाल ‘अभागी’ को निर्देशन र भुवन देवकोटाको अगुवाईमा भएको शोषकलाई ‘मोसो दल्ने’ र्‍यालीमा नारी हलगोरू झैं जोत्ने जस्ता जनकार्वाही हुँदा भुवन देवकोटा पनि उक्त कार्यमा सहभागी

भए । किसानलाई सङ्गठित गराई मोही बेदखलीविरूद्ध सार्वजनिक जग्गामा जग्गाधनीको हस्तक्षेपविरूद्ध किसान विद्रोह हुँदा देवकोटा पनि त्यसैमा सहभागी भए । भूमिगत बसेकै बखत उनी हली बसेका थिए नारायण चौधरीको घरमा । यता हली बस्ने र उता पार्टी कार्य गर्ने गर्न थाले । दाङको कम्युनिस्ट आन्दोलनमा उनको पनि राम्रो भूमिका छ भन्नु अत्युक्ति नहोला । पार्टी कामकै सिलसिलामा देवकोटा २०३४ सालदेखि २०४६ सालसम्म पटक-पटक गरी राजकाज मुद्दामा साढे ६ वर्ष जेल जीवन बिताएका छन् भने वि.सं. २०५१ साल कार्त्तिक १७ गते बिजौरीमा भएको गोलीकाण्डमा परी उनी घाइते भए । उक्त गोली काण्डका गोलीका छर्रा लागेको उनको दाहिने गोडामा दाग छदै छ । देवकोटाले कम्युनिस्टहरूले जातभात मान्दैनन् भन्ने सुनेदेखि कम्युनिस्ट व्यवस्थाबाट नै मुक्ति होला जस्तो माने ।

देवकोटा आफ्नो राजनीतिक कार्यथलोमा निस्वार्थी र निर्भीक भएर इमानदारीपूर्वक पार्टीको लाइन नीति र सिद्धान्तलाई लागू गर्न तल्लीन रहे । उनले पूर्ण रूपमा आफ्नो जीवन पार्टीमा समर्पण गरी पार्टीको काममा सक्रिय भएको र महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

## २.१० विद्यार्थी जीवन

वि.सं. २०१६ साल असोज १५ गते जन्मिएका भुवन देवकोटाले २०२१ सालको वसन्त पञ्चमीदेखि घरमै अक्षराम्भ गरी नि.मा.वि. (हालको मा.वि. प्रस्तावित) चौघेरामा २०२२ सालमा कक्षा १ मा भर्ना भई अध्ययन आरम्म गरे । २०२६ सालमा उनको परिवार ढिकपुर ३ दुन्द्रामा बसाइँसराइँ गऱ्यो । उनी दुन्द्राबाट मा.वि. (हालको उ.मा.वि.) नारायणपुरमा अध्ययन सुरु गरे । त्यहाँ अध्ययन गर्दा उनको अध्ययन विद्यार्थी जीवन शान्तिपूर्वक वितेन । कम्युनिस्ट पार्टीप्रति आस्थावान् विद्यार्थी भएकोले उनको अध्ययनमा उतारचढाव आयो ।

भुवन देवकोटाले दश (१०) कक्षा पढ्दा पढ्दै पक्राउ परे र केही समय प्रहरी हिरासतम रहे । थुनाबाट मुक्त भएपछि भुवन देवकोटाले पुनः कक्षामा उपस्थित भई अध्ययन अगाडि बढाए । भुवन विद्यार्थी कालमा रहँदा वि.सं. २०३५ ⁄०३६ को विद्यार्थी आन्दोलनमा पनि उनले सक्रिय भूमिका निर्वाह गरेका थिए । यीबाहेक भुवन देवकोटा विद्यालयमा हुने अतिरिक्त क्रियाकलाप तथा अन्य राजनैतिक कार्यक्रममा पनि सधैं सहभागी हुने गर्दथे । यसरी आफ्नो व्यस्त पढाइको वाबजुद पनि अन्य साहित्यिक तथा राजनैतिक चासो राख्ने गरेको जानकारी पाइन्छ । भुवन देवकोटाका विद्यार्थी कालका यस्ता कार्यबाट विद्यार्थीले पढाइमा मात्र नभएर देशको विकृति र अन्यायको विरूद्धमा पनि उत्तिकै ध्यान दिनुपर्ने मान्यता रहेको पाइन्छ । यही मान्यताबाट अगाडि बढ्ने गरेका भुवन देवकोटा साँच्चिकै एक कर्मठ देशप्रेमी र अत्याचार विरोधी विद्यार्थी थिए ।

## २.११ भूमिगत जीवन

भुवन देवकोटाको जीवन समग्रमा साहित्यिक र राजनीतिक मात्र भए पनि उनले आफूलाई विविध पक्षमा सक्रिय बनाई जीवनलाई सार्थक तुल्याए । समग्र जीवनमा उनी मूल रूपमा राजनीति, साहित्य र समाज सेवामा चर्चित भए । उनको अधिकारिक रूपमा राजनीतिक जीवनभित्र उनको जीवनको उत्कर्षकाल वि.सं. २०३६ सालमा रह्यो । २०३६ सालको किसान विद्रोहको कारण उनी भूमिगत हुनु पर्‍यो । यही क्रममा उनी नारायण चौधरीको घरमा केही समय (असार साउन) हली समेत बसे । उनले भूमिगत कालमा साहित्यिक रचनामा 'गाउँले र कतै प्रदीप' का नामबाट साहित्यिक रचनाहरू छपाए । साहित्य र राजनीतिलाई साथसाथै अङ्गालेकाले प्रशासनको नजरमा उनी परिसकेका थिए । वि.सं. २०३६ पछि त यिनी झन पञ्चायती व्यवस्थाका कडा विरोधी भएर निस्किए । उनलाई प्रशासनले अनेक निहुँमा दुःख दिन चाहन्थ्यो । त्यही कारण उनी ६ महिना कठोर भूमिगत जीवनयात्रा भोग्न

बाध्य भए । भुवनले पञ्चायती शासकको हातमा पर्नुभन्दा देश र जनताको मुक्तिका लागि भूमिगत भएर सङ्घर्ष गर्ने निर्णय गरी वि.सं. २०३६ देखि भूमिगत रहे ।

भूमिगत जीवनमा भुवन देवकोटाका आश्रय स्थल गरिब दुःखी किसान वस्तीहरू भए । उनले अत्यन्त कडा सुराकीबाट बच्दै किसानहरूका झुपडीहरूमा लुक्दै, रातमा हिड्दै विभिन्न भेष बदलेर किसानहरूलाई सङ्गठित गर्दै वर्ग विद्रोह गर्न प्रेरित गरे । २०३६ को दाङको ऐतिहासिक किसान आन्दोलनलाई नेत्रलाल पौडेल अभागीले गरेको प्रत्यक्ष नेतृत्वमा भुवन देवकोटाले पनि प्रत्यक्ष भाग लिए । उनले किसान आन्दोलनमार्फत् सामन्तवाद र साम्राज्यवादका विरूद्ध विगुल फुके । यस समयमा उनी आधारभूत वर्गलाई सचेत पार्न तल्लीन भए । देवकोटाले भूमिगत जीवनमा धेरै सङ्घर्ष गरे । कम्युनिस्ट पार्टीभित्र भएका वैचारिक मत भिन्नताले टुक्रा टुक्रा भएका समूहरूलाई एकीकृत गर्ने कार्यमा उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरे । उनले सदा सर्वदा महत्वाकाङ्क्षी व्यक्तिहरूका विरूद्ध सङ्घर्ष गरे र आफ्नो प्रतिष्ठालाई पार्टी प्रतिष्ठादेखि भिन्न ठोनेनन् । उनले पार्टीका नीतिअनुसार एक एरिया, एक युनिट, एक एक्सन, एकले अर्कालाई जनताको बीचमा स्थापित गर्ने किसान विद्रोह गर्ने वर्गीय आन्दोलनद्वारा पार्टीलाई जनताको बीचमा स्थापित गर्ने छरिएर रहेको क्रान्तिकारीहरूलाई एकताबद्ध गर्ने काम गरे । उनलाई पञ्चायत प्रशासनले कडा निगरानीका साथ खोज्दा पनि उनी कहिल्यै पञ्चायती शासकको हातमा परेनन् उनलाई पक्रने अनेक प्रयत्न असफल भए । देवकोटा नेत्रलालसँग भूमिगत बस्दा लेखन परिमार्जन र राजनीतिक ज्ञानमा अझ विस्तार भएको पाइन्छ ।

## २.१२ निष्कर्ष

भुवन देवकोटाको जन्म वि.सं. २०१६ असोज १५ गते ब्राह्मण पुरोहित परिवारको पौडेल थरमा भएको थियो । उनको बाल्यकाल दाङ लक्ष्मीपुरमा बितेको हो । धार्मिक पारिवारिक पृष्ठभूमिमा उनको शिक्षारम्भ घरबाटै भयो । उनले घरमा नै

धार्मिक ग्रन्थ रूद्री र चण्डी कष्ठ गरेका थिए । उनी ६ वर्षको उमेरमा विद्यालय भर्ना भई वि.सं. २०३८ सम्म अध्ययन गरी २०३८ सालमा मा.वि. तहको अध्ययन पूरा गरे । अध्ययन कै क्रममा आर्थिक अभावका कारणले पटक पटक पत्रिकामा कामसमेत गर्नु पऱ्यो । उनी मार्क्सवादी साहित्य र राजनीतिमा सक्रिय भए । त्यही समयमा नै उनका रचनाहरू प्रकाशन हुन थालेको पाइन्छ । वि.सं. २०३८ बाट कम्युनिस्ट पार्टीको सदस्य बनेर विभिन्न गतिविधि सञ्चालन गर्दै वैचारिक सङ्घर्षबाट अगाडि बढेर विभिन्न समूहको नेतृत्व गर्दै कम्युनिस्ट पार्टी एकीकरणको अभियानमा निरन्तर लागि विभिन्न कार्यक्रममा सक्रिय भई त्यस पार्टीको एकीकरणको अभियानमा निरन्तर लागि विभिन्न कार्यक्रममा सक्रिय भई त्यस पार्टीको सदस्य एवम् समाजसेवी हुँदै साहित्यलाई पनि साथै अगाडि बढाए । पार्टी कामको सिलसिलामा उनले कैंयौं रात भोकै बस्नु पऱ्यो भने केही समय भूमिगत पनि हुनुपऱ्यो ।

# तेस्रो परिच्छेद

# भुवन देवकोटा 'शरद देवकोटा'को व्यक्तित्व

## ३.१ व्यक्तित्व निर्माण

व्यक्तित्व भनेको व्यक्ति विशेषका समग्र प्रवृत्तिको समुच्चय हो जसअन्तर्गत उसका जन्मजात गुणहरू, परिवार, वातावरण, समाज आदिबाट आर्जित गुणहरू पर्दछन् । कुनै पनि व्यक्ति वंशपरम्पराको निरन्तरताको क्रममा जैविक वृत्तिपुञ्जका रूपमा सिर्जित हुन्छ । हरेक कुराको अवसर,। अनुभव, शिक्षा - दीक्षा र ज्ञानार्जनका क्रममा उसले आफूलाई परिवर्तन र परिमार्जन गर्दै परिपक्व बनाउँदै लैजान्छ । यस्तै चक्रीय जीवनमा भुवन देवकोटाको करिव पाँच दशकसम्मको जीवनमा लगभग डेढ दसक जति विद्यार्थी जीवनमा करिब एघार वर्षजति वि.सं. २०३४ देखि वि.सं. २०४६ सम्म पटक पटक गरी जम्मा छ सात पटक राजनीतिक जेल जीवन विताएका छन् । त्यसमा पनि ६ महिना त उनले कठोर भूमिगत जीवन विताए । वि.सं. २०५२ देखि हालसम्म पत्रकारिताको जीवन र करिब १२ वर्षजति राजनैतिक जीवन विताए । करिब तीन दशकभन्दा बढी (हालसम्मको जीवन) उनले साहित्यिक गोरेटोमा जीवन सर्मपण गरिरहेको पाइन्छ ।

## ३.२ भुवन देवकोटाको व्यक्तित्वको प्रमुख विशिषता

भुवन देवकोटा विद्यार्थी जीवनबाटै साहित्य र राजनीति दुबैतिर चासो राख्दै मा.वि. तहसम्मको अध्ययन पूरा गरेका सङ्घर्षशील व्यक्तित्व हुन् । आधिकारिक रूपमा उनी वि.सं. २०३६ देखि साहित्य यात्रामा संलग्न भए । त्यसै समयदेखि उनी राजनीतिमा पनि सक्रिय रूपमा सहभागी भए । देवकोटाले कुनै एक क्षेत्रलाई मात्र शुद्ध आफ्नो छनोटको विषय बनाएनन् । उनले राजनीति र साहित्यलाई एकैसाथ अङ्गाले । उनको विशेषता यी दुई क्षेत्रलाई एकीकृत गरी अभिन्न अङ्गका रूपमा अँगालेर दक्षता हासिल गरी चर्चामा आउनु हो । उनी आफ्नो कार्यक्षेत्रमा, निस्वार्थी,

निर्भयी अविचल, अटल भएर निरन्तर क्रियाशील रहे । त्यसैले गर्दा भुवन देवकोटा सामाजिक, शैक्षिक, राजनीतिक र साहित्यिक उत्थानका लागि निस्वार्थी भावको जीवन समर्पण गर्ने व्यक्तिका रूपमा चिनिन्छन् । भुवन देवकोटाले विद्यार्थी जीवनको उत्तर चरणमा आत्मसात गरेको मार्क्सवादी विचारलाई आफ्नो व्यावहारिक जीवनमा पनि प्रयोग गरे । उनी परम्परावादी जीवनशैलीलाई द्वन्द्वात्मक भौतिकवादी विचार अनुरूपको जीवनशैलीमा रूपान्तरित गर्न सक्ने एक उदाहरणीय व्यक्ति बने । उनले आफ्नो जीवनको उत्तरार्द्धमा आएर राजनीति र सङ्गठनात्मक गतिविधिमा कम चासो राखेको पाइन्छ भने साहित्यमा अझैसम्म पनि कठोर परिश्रम गरिरहेकै पाइन्छ । उनले निकट भविष्यमै एक लघु कथासङ्ग्रह प्रकाशन गर्ने सोंच बनाएको पाइन्छ । उनको कठोर साहित्यिक यात्राले उनलाई समाजका शोषित् पीडित किसानहरूका भरोसाको आधारस्तम्भ बनायो । उनी अन्याय, अत्याचार, विकृति, विसङ्गतिको विरूद्ध बज्रपातका रूपमा उभिए । गा.वि.स. अध्यक्ष हुँदा कुशल प्रशासक बने भने साहित्यमा यथार्थवादी वर्गीय साहित्यकार बने । राजनीतिमा कठोर, वैचारिक, त्यागी, निस्वार्थी र इमानदार व्यक्तित्व बने । यिनै आधारमा भुवन देवकोटाको व्यक्तित्वका विविध पक्षलाई मूलतः निजी व्यक्तित्व र सार्वजनिक व्यक्तित्व गरी दुई भागमा विभाजित गरेर अध्ययन गर्नु उचित हुन्छ ।

## ३.३ निजी व्यक्तित्व

भुवन देवकोटाको व्यक्तिगत व्यवहारबाट प्रकट हुने प्रभाव नै उनको निजी व्यक्तित्व हो । उनको सिङ्गो व्यक्तित्वको अध्ययनका लागि पनि निजी व्यक्तित्वको पहिचान गर्नु आवश्यक छ । व्यक्तिको व्यक्तित्व निर्माणमा वंशानुगत गुण, स्थानीय वातावरण, शिक्षा आदि कुराले प्रभाव पार्दछ । भुवन देवकोटाको व्यक्तित्व निर्माणमा पनि मूलतः यिनै कुराहरूको प्रभाव परेको पाइन्छ अथवा भनौं उनको व्यक्तित्व र स्वभावमा पनि केही वंशानुगत गुण, केही स्थानीय वातावरण र केही शिक्षाले प्रभाव पारेको पाइन्छ । उनी ब्राह्मण पुरोहित परिवारमा जन्मिएकाले प्रारम्भमा उनी धार्मिक

स्वभावका पनि थिए । बाबुआमाले कसैसँग ठगी व्यवहार रिसराग नराखेकोले त्यसको प्रभावले उनी पनि मिनलसार, सहयोगी र मृदुभाषी बने । घरमा धार्मिक कर्मकाण्ड, पुराण, दर्शन र इतिहासका सन्दर्भ चलिरहने भएकाले उनले पनि जिज्ञासु बनी पौराणिक कथा, दर्शन, इतिहासको अध्ययनमा रुचि देखाउँथे (हेर्नुः परिशिष्ट ३) ।

भुवनको बौद्धिक चेतना प्रारम्भ हुने समयको वातावरणीय सन्दर्भ वि.सं. १९९७ को सहिदकाण्ड, वि.सं. २००७ को राणाविरोधी जनसङ्घर्ष, वि.सं. २०११ तिरको गाउँमा देखा परेको कम्युनिस्ट गतिविधि, वि.सं. २०१५ सालको चुनाव आदि नै थिए । यस्तो वातावरणीय प्रभावले उनमा भित्रभित्रै अन्यायको विरोध, सामाजिक विषमताको विरोध गर्ने स्वभाव एवम् सहयोगी र विद्रोही भावनाको जन्म भयो । यस संगसँगै उनीभित्र सामाजिक घटनालाई साहित्यका माध्यमले रचना गरी सुनाउदै आफू जस्तै दुःखीहरू एकजुट हुनुपर्छ भन्ने धारणा थियो । उनले अध्ययनकै क्रममा विभिन्न प्रकारका कुराहरू बुझे । वर्गीय धारणा भएका व्यक्तिहरूको सम्पर्कमा आएपछि उनी वर्गीय साहित्य र राजनीतितर्फ संलग्न भए । मार्क्सवादी दर्शनको अध्ययन गरेर हरेक कुरालाई मार्क्सवादी दर्शनअनुसार द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणले विश्लेषण गर्ने भुवन देवकोटा क्रमशः विचार, दर्शन र सिद्धान्तलाई व्यावहारिक जीवनमा लागू गर्न सिपालु भए । उनी जहिले पनि व्यक्तिगत स्वार्थ र परिवारको उपेक्षा भन्दा वर्गीय स्वार्थ र जनताको मुक्तिलाई ठूलो देख्थे (शर्मा, २०५९ :२) ।

भुवन देवकोटाको चाहना आफूले दुःख गरेर अरूले सुख पाऊन् भन्ने थियो । उनले आफ्नो आम्दानीको स्रोत कतै नभए पनि आफ्नो खल्तीमा पैसा भए गरिब दुःखीलाई सापटी सहयोग गर्दथे भने कतै आफूले दुःख गरी कमाएको पैसा सार्वजनिक काममा खर्च गर्दथे । भुवन देवकोटा आफूले खाना खाएका भाँडाहरू आफै माझ्थे, राष्ट्रिय, अन्तराष्ट्रिय समाचारपत्रहरूको अध्ययन गर्थे । क्रान्तिकालीन विश्वसाहित्यका साहित्यकार र तिनका कृतिहरू अध्ययन गर्ने, नखाएर भए पनि पुस्तक किन्ने र सङ्केत नम्बर लेखेर पुस्तक सङ्कलन गरी राख्ने उनको आफ्नै बानी थियो । भुवन

देवकोटामा यी सबै शीलस्वभाव आचरण बानी आदि कुरालाई नै यथार्थमा उनको निजी व्यक्तित्वका रूपमा हेर्न सकिन्छ ।

### ३.३.१ बाह्य व्यक्तित्व

भुवन देवकोटाको शारीरिक बनोट पुँजीवादी दृष्टिबाट त्यक्ति आकर्षक देखिदैनथ्यो । मध्यम खालको ठिक्कको शरीर, ५ फिट साँढे तीन इन्च उचाई, बाक्लो कपाल, चौडा र सपाट निधार, भित्र पसेका गहिरा र गोलाकाला आँखाहरू ठूलो नाक, बाटुल्लो अनुहार, मिलेका दाँतहरू र ओठमाथि कालो बाक्लो जुँगा र अस्तव्यस्त पाराले लुगा लगाएको व्यक्तित्व भुवन देवकोटाको थियो (शर्मा २०५९ : २) ।

भुवन देकोटा सरल जीवन उच्च विचार भएका व्यक्ति थिए । उनले सुरुका दिनमा झैं सर्ट, पैन्ट र चप्पल लगाई हिड्ने बानी अझैसम्म देखिन्छ । कहिलेकाहीँ ढाकाको टोपी लगाउँछन् । हातमा प्रायजसो पुस्तक बोकेर हिड्ने बानी देखिन्छ । उनको फेसन सामान्यतया अस्तव्यस्त खालको नै हुन्थ्यो । कोठामा बस्दा पनि उनी अस्तव्यस्त लुगामा बस्थे । पुराना कपडा लगाए नै बजार हिडडुल गर्ने बानी थियो । महिनौसम्म एके जोर कपडा लगाएर बस्ने भुवन देवकोटाको यस्तो स्वभाव वा पहिरण आर्थिक स्थितिमा कमजोर नभई आफ्नै प्रकारको सादापन थियो । यो आफूलाई सर्वहाराकरण गर्ने दिशामा उनमा भएको ठूलो परिवर्तन थियो । एउटा साहित्यिक र राजनीतिक व्यक्तिमा आएको नयाँ र ठूलो रूपान्तरण नै हो ।

भूमिगत जीवनमा प्रायः भुवन देवकोटा रातमा मात्र हिड्डुल गर्थे । हिडडुल गर्न परेका खण्डमा गोप्य बाटोबाट मात्र हिड्थे । चिनेको मान्छेले पनि उनलाई त्यत्ति सजिलै ठम्याउन सक्दैनथे । सामान्य पोसाकमा अँध्यारोलाई छिचोल्दै हिड्ने एक तेजी अनुहार भएको व्यक्ति भुवन देवकोटा थिए । अधिकांश भेटघाटका कामहरू रातमा नै हुन्थे । राती हिड्दा आवाज आउँछ भनेर उनले चप्पल हातमा उचाल्थे । यसो गर्दा कैयौं पटक खुट्टाको औलामा ठेस लागेको चोटहरू सजिलै देखिन्थे भने कतै सहज

ठाउँमा खुट्टाबाट थुप्रै काँडा झिक्थे र शरीरमा किसानका छाप्रामा बस्दालुक्दा सल्किएका जुम्रा पनि भेटिन्थे (हेर्नु : परिशिष्ट : २) ।

भुवन देवकोटा रातमा हिड्दा भनेको स्थानमा भनेको समयमा उपस्थित हुन्थे । उनले सम्बन्धित ठाउँमा सुनिने आवाजले कसैलाई पनि बोलाएनन् । कसैले देख्ने गरी कसैको घरमा पस्ने र निस्किने काम पनि गरेनन् । सम्बन्धित स्थानमा पुगी झ्याल वा ढोकामा लठ्ठीले मसिनो आवाजमा टिक्टिक् हान्थे र भुवन देवकोटा आइपुगेको सङ्केत सम्बन्धित व्यक्तिले मात्र थाहा पाउँथे । वि.सं. २०३५/०३६ को किसान आन्दोलनमा सामान्य जमिन्दारका लागि भुवन देवकोटाको व्यक्तित्व एउटा त्रास र भयको हाउगुजी बनेको थियो ।

भुवन देवकोटा कतै हिड्दा सामन्तहरू आयो आयो भुवन आयो भनेर त्रसित हुन्थे । तत्कालीन अञ्चलाधीशले पनि उनलाई पक्रेर देख्ने मन गरेका थिए भन्ने बुझिन्छ । यसरी भुवन देवकोटा कतिलाई आशा भरोसाको व्यक्तित्व बने भने कतिलाई जिज्ञासा भय र त्रासको व्यक्तित्व बने ।

### ३.३.२ आन्तरिक व्यक्तित्व

भुवन देवकोटा समाजको पुरोहित ब्राह्मण परिवारमा जन्मेका हुन् । उनको व्यक्तित्वमा ग्रामीण परिवेशको प्रभाव प्रत्यक्ष भेटिन्छ । ग्रामीण समाजमा हुने सामाजिक परम्पराका अनेक पक्षलाई सानै उमेरबाट बढी केलाएर हेर्ने र त्यसको परिणाम पत्ता लगाउने स्भाव उनको थियो । ब्राह्मण परम्पराभित्रका अवैज्ञानिक पक्षलाई पनि उनले मन पराएनन् । उनले गाउँ समाजमा भएको दमन, शोषण, छुवाछुत, लिङ्गभेदलाई बढी प्राथमिकता दिएर अध्ययन गरे । उनमा यी सबै विसङ्गतिका विरूद्ध तीव्र आक्रोश जमेर रहेको थियो । जातीय छुवाछुत प्रथालाई अन्त्य गर्न जति प्रथालाई उनी कामीकहाँ सँगै बसेर खाना पनि खान्थे । पुरातनपन्थी विचारबाट आफूलाई पृथक भएको प्रमाण उनीले विजौरी गा.वि.स. अक्कासी निवासी

घनश्याम नेपालीको घरमा २०३४ सालमा खाना खाएकोबाट प्रस्ट रूपमा देखाएका छन् (शर्मा, २०५९ : २) । वि.सं. २०३८ सालमा प्र.ने.क.पा. (माले) को सदस्य बनेका भुवन देवकोटा पछिल्लो चरणमा आएर राजनीतिज्ञ र साहित्यकार व्यक्तित्वका रूपमा देखा परे ।

भुवन देवकोटाले जीवनमा विभिन्न उतारचढाव पार गर्दै अत्यधिक सङ्कटहरू झेल्दै अगाडि बढे । उनले सधैं गम्भीर, शान्त, शिष्ट र मृदुभाषी भएर सबैसंग समान व्यवहार गरे । उनी मार्क्सवादी दर्शनबाट प्रभावित व्यक्ति हुन् । दर्शन, सिद्धान्त, विचारलाई आफ्नो व्यावहारिक जीवनमा प्रयोग गर्ने काममा उनी सदैव अग्रसर रहे । उनी जीवनलाई सर्वहाराकरण गर्ने एक उदाहरणीय व्यक्ति हुन् । वर्गीय प्रेमले प्रेरित भएका भुवन देवकोटा श्रमको सम्मान गर्दा सबैसँग समान व्यवहार गर्न कहिल्यै पछि परेनन् । यसै सिलसिलामा उनले आफ्ना सबै प्रकारका अनुभूतिलाई साहित्यिक रचनाका माध्यमले अभिव्यक्त गरे । फलतः उनीले साहित्यिक रचनामार्फत् विद्रोह, गरेर कतिपय यथार्थ घटनालाई निडरताको साथ वर्गीय प्रेम व्यवहारमा एकाकार बनाई देखाउने सफल व्यक्ति हुन् । यी गतिविधिबाट उनी पञ्चायती व्यवस्थाको आँखाको तारो बने भने अधिकांश ग्रामीण जनताका आँखाको नानी भए ।

भुवन देवकोटाको जीवन सधैं सङ्घर्षमयी बन्यो । उनको आफ्नो विचार र व्यवहार पनि सङ्घर्षशील नै थियो । समाजका प्रतिकूल अवस्थालाई मुस्कुराउँदै आफू अनुकूल बनाएर बाँच्न सक्ने भुवन गरिब दुःखीका लागि अत्यन्त सहयोगी बने । किसानहरूको मोहीसम्बन्धी निवेदन, किसानका छोराछोरीको पढाइ खर्च, विरामी खर्च र विवाह खर्चमा सदैव सक्दो सहयोग गर्ने भुवन देवकोटालाई कसेको प्रलोभन, दबाव, भय, त्रास आदि केही कुराले विचलित गराउन सकेन । उनी राजनीतिक, समाजसेवी एवम् साहित्यकार व्यक्तित्व हुन् । राजनीति र साहित्यका क्षेत्रमा उनी एक सशक्त स्तम्भ हुन् । भुवन देवकोटा त्यागी र सङ्घर्षशील व्यक्ति हुन् । बाहिरबाट देख्दा सामान्य देखिने भए पनि उनको आन्तरिक व्यक्तित्व विशाल, अटल, निर्भीक,

अविचलित, विद्रोही, निस्वार्थी आदि प्रवृत्तिले पूर्ण भएको थियो । उनी शोषित पीडितप्रति प्रेम र जमिन्दार, शोषकप्रति घृणाभाव भएका व्यक्तित्व हुन् । उनमा नारीप्रति समानतावादी दृष्टिकोण छ भने गरिब किसानप्रति सदा सहानुभूति पाइन्छ । सम्पूर्ण मोह त्याग गरी देश र जनताका लागि भूमिगत जीवनमा सङ्घर्ष गर्दागर्दै उनको जीवन यहाँसम्म आइरहेको जानकारी पाइन्छ ।

## ३.४ सार्वजनिक व्यक्तित्व

भुवन देवकोटाको समग्र जीवन भनेकै साहित्य, राजनीति र पत्रकारितामा बितेको देखिन्छ । उनी हालसम्म पनि एक व्यक्ति अनेक व्यक्तित्वका रूपमा चर्चित छन् । उनको विचार, स्वभाव र व्यवहार, व्यक्ति र स्वार्थमा नअल्झी सामूहिक र वर्गीय स्वार्थमा केन्द्रित भएकोले उनी सार्वजनिक व्यक्तिका रूपमा सम्मानित भएका हुन् । जिज्ञासा, क्रियाशीलता, निस्वार्थता, त्याग, तपस्या, यथार्थता, निर्भयता, व्यवहारिकता, दृढ अठोट आदि विशेषताहरूले उनलाई सार्वजनिक व्यक्तित्व निर्माण गरेर सार्थक बनायो । उनी आफ्नो जीवनभरि समाजसेवा, राजनीति, साहित्य र पत्रकारिता आदि क्षेत्रमा निरन्तर क्रियाशील रहे । उनले आफ्नो भाषा, इतिहासि, साहित्य, विचार, दर्शन सिद्धान्तप्रतिको मोह त्यागन नसकी आफ्नो जीवनको पछिल्लो चरणमा यी विषयहरूमा क्रियाशील रहे । यी विषयहरूमा देखापरेको क्रियाशीलताकै आधारमा उनको सार्वजनिक व्यक्तित्वलाई साहित्येत्तर व्यक्तित्व र साहित्यिक व्यक्तित्व गरी दुई भागमा विभाजन गरी चर्चा गर्न सकिन्छ ।

भुवन देवकोटाले वि.सं. २०६१/०६२ को ऐतिहासिक जनआन्दोलन - २ मा पनि सक्रिय रूपमा साहित्यक र राजनीतिक गरी दुबै तर्फबाट अहम् भूमिका सार्वजनिक रूपमा सहभागी भएर निर्वाह गरेका थिए ।

### ३.४.१ साहित्येतर व्यक्तित्व

भुवन देवकोटा समाज अध्ययन गरी सामाजिक विसङ्गतिलाई हटाएर समाजमा समानता कायम गर्न चाहने व्यक्ति हुन् । समाज परिवर्ततनका लागि उनले अनेक प्रकारले समाजमा काम गरे । उनले समाज विकासका लागि गरेका कामभित्र साहित्यिकभन्दा केही फरक पक्षहरू पनि छन् । ती कार्यहरूलाई अथवा समाज सेवासँग सम्बन्धित उनको पाटोलाई बुँदागत रूपमा यसरी चिनाउन सकिन्छ ।

#### ३.४.१.१ समाजसेवी व्यक्तित्व

भुवन देवकोटा समाज मै हुर्किएकाले समाजसँगको उनको सम्पर्क अत्यन्त राम्रो थियो । उनले विद्यार्थी जीवनदेखि नै समाजसँग सम्पर्क राखेका थिए । उनका घरमा जम्मा हुने व्यक्तिहरूले धार्मिक समाज र धार्मिक कार्यको बढी कुरा गर्नाले उनमा त्यसको सामान्य प्रभाव परेको थियो । उनी सामाजिक भेदको कुरालाई बुझ्न थाले । समाजमा असमानता विद्यमान छ, यसको परिवर्तनविना विकास सम्भव छैन भन्ने तथ्यलाई उनले राम्रोसँग बुझे । उनी विद्यार्थी जीवनमै समाज परिवर्तनको वैचारिक धरातलमा प्रवेश गरिसकेका थिए । अध्ययनपछि समाज सेवको भावनाले घच्घच्याएर नै होला उनले राजनीतिको माध्यमबाट गा.वि.स. अध्यक्षसमेत भएर जनताको सेवामा जुटेका थिए । त्यसै समाजमा उनी जनतासँग प्रत्यक्ष घुलमिल हुने अवसर पनि प्राप्त गरेका थिए । यसरी गा.वि.स. अध्यक्षबाट समाजसेवा प्रारम्भ गरेका भुवन देवकोटाले वि.सं. २०५४ देख २०५९ सम्म कुशल प्रशासन चलाएका थिए । चेतना वृद्धिका लागि उनले गाउँगाउँमा शिक्षाको प्रचार गरे । यस क्रममा उनले गरिब किसानका बच्चाबच्चीलाई पढ्ने वातावरण मिलाई दिए ।

लक्ष्मीपुर गा.वि.स. को अध्यक्ष भएर अन्य गतिविधि सञ्चालन गरी उनले समाजलाई अगाडि बढाउने प्रयत्न गरे । उनले गाउँको भौतिक विकास, अनुशासन र शैक्षिक वातावरणमा बढी जोड दिए समाजमा पिछडिएका वर्गसँग उनको सम्पर्क

बढ्यो । उनीहरूका सुख दुःखमा प्रत्यक्ष सहभागी बनेर उनले पीडित किसान वर्गलाई चेतना दिदै सङ्गठित बनाए । भुवन देवकोटाले समाजका विद्यमान जातिगत कुसंस्कार र कुप्रवृत्तिका विरूद्ध विद्रोही स्वर मुखरित गरे । समाजभित्र रहेका जातिगत भिन्नताप्रति उनी पटकै सन्तुष्ट थिएनन् । यही असन्तुस्टिको परिणाम स्वरूप भुवनले समाज जातिगत रूपमा होइन वर्गगत रूपमा विभाजित हुनुपर्छ भन्ने धारणा बनाए ।

भुवन देवकोटाले विशेषगरी थारू जातिसँगको सम्पर्क बढाएका थिए । थारू समुदायमा भएका कुसंस्कार पनि हटाउन उनले जोड दिए । उनले थारू भाषाको भाषिक विकासका लागि थारू भाषाका पत्रपत्रिका प्रकाशित गर्न थारूलाई प्रेरणा जगाउने काम गरे । उक्त कार्यका लागि उनले थारू समुदायलाई सङ्गठित गराउनुका साथै थारू जाति तथा उत्थान मञ्च गठन गर्न सल्लाह दिए । उनले समाजमा आइपर्ने आकस्मिक सङ्कटबाट मुक्त हुने, दुःख विरामी, अध्ययन, विवाह, मृत्यु आदि सबै कार्यमा सरिक हुने, आवश्यक सहयोग गर्ने र सुझाव दिने काम गर्थे । उनी व्यक्तिगत जीवनभन्दा सामाजिक जीवन निर्वाह गर्न रूचाउने व्यक्ति हुन् । यसप्रकार उनी आफ्नो सम्पूर्ण जीवन समाजसेवाका लागि समर्पण गर्ने व्यक्ति हुन् भन्न सकिन्छ ।

### ३.४.१.२ विद्यार्थी व्यक्तित्व

भुवन देवकोटाको औपचारिक रूपमा पढाइ त्यति धेरै नभए पनि उनले वि.सं. २०३८ मा एस्.एल.सी. उत्तीर्ण गरेका हुन् । २०२२ सालदेखि शिक्षारम्भ गरेका देवकोटाले वि.सं. २०३८ सालसम्म आइपुग्दासम्म उनले विद्यार्थी जीवनलाई एक शक्तिका रूपमा चिनाएका छन् । उनको विद्यार्थी जीवन पनि भिन्नै खालको थियो । उनीमा विद्यार्थी जीवनदेखि नै समाज सेवाको भावनाले आँकुरो टुसाएको थियो । सानैदेखि तेज बुद्धि भएका देवकोटा समाजका कुरीति र कुप्रथाप्रति विद्यार्थी जीवनमा नै कडा तीखो व्यङ्ग्य विरोध गर्दथे । कक्षामा सबै साथीहरूसँग मिलनसार व्यक्तिका

रूपमा चिनिने तथा लगनशील व्यक्तित्व उनको विद्यार्थी जीवनको प्रमुख व्यक्तित्व नै थियो । उनको मिहिनेत तथा समाजको अन्याय र अत्याचारप्रतिको विरोधी स्वभाव देखेर अन्य विद्यार्थी साथीहरू उनीप्रति आकर्षित हुन्थे । भुवनको राजनैतिक तथा साहित्यिक भावना विद्यार्थी जीवनमा नै जागृत भएको थियो । विद्यार्थी जीवनमा नै पलाएको उक्त भावना विद्यार्थी जीवनपछि विशुद्ध साहित्यिक र राजनीतिक धारमा साकार भएको देखिन्छ ।

यसरी भुवन देवकोटाको औपचारिक शिक्षा थोरैमा सीमित भए पनि देश विदेशका समाचार पढ्ने तथा अन्य साहित्यिक राजनीतिक पुस्तकहरू खोजी खोजी स्वाध्ययन गर्ने बानीले उनी आफ्नो ज्ञानको क्षितिजलाई निकै फराकिलो पारी समाजमा हाल बौद्धिक व्यक्तित्वको रूपमा चिरपरिचित भएका छन् ।

### ३.४.१.३ राजनीतिक व्यक्तित्व

भुवन देवकोटाको जीवनको सबैभन्दा शक्तिशाली, व्यक्तित्व राजनीतिक हो । उनले आफ्नो जीवन राजनीतिक कार्यमा नै उत्सर्ग गरेको हुनाले नै राजनीतिक व्यक्तित्व देवकोटाको प्रमुख व्यक्तित्व मानिन्छ । वि.सं. २०३२ सालतिर चिनियाँमान काजीको स्मृतिसभा देखेर उनी निकै प्रभावित भए । उनी त्यसरी कम्युनिस्ट पार्टीका कार्यक्रम तथा अन्य कम्युनिस्ट गतिविधि देखर त्यसप्रति सहानुभूति पलाएर कम्युनिस्टप्रति आकर्षित भए । कम्युनिस्ट तरिकाबाट आफ्नो र समाजको मुक्ति होला जस्तो विचार पलायो र उनले राजनीतिक चासो देखाउन थाले । उनीमा कता कता केही मात्रामा राजनीतिक प्रभाव पर्न थाल्यो । आफू हुर्केको गाउँ समाजका विद्यमान कुरीति, कुसंस्कार, जातिभेद, सामाजिक विषमता, दमन शोषणको अन्त्य, राजनीतिबाट गर्न सकिन्छ भन्ने विचारले प्रेरित भएर भुवन देवकोटा राजनीतिको क्षेत्रमा प्रवेश गरेका हुन् । वि.सं. २०३९ मा दाङ हापुर हिले निवासी भानु गौतमबाट वैचारिक प्रेरणा पाएर प्रभावित भएका देवकोटा वैचारिक रूपमा मार्क्सवाद, द्वन्द्वात्मक

भौतिकवादी बने । वि.सं. २०३८ सालमा प्र.ने.क.पा (माले) को सदस्य बनेर सङ्गठित भई पार्टीको नीति र सिद्धान्त अनुसार चल्न थाले । यस बेला उनले राजनीति र साहित्यलाई एकैसाथ अंगालेका थिए । यी सबै विषयमा भुवन देवकोटोको राजनीतिक उद्देश्य मिसिएको थियो । भुवन देवकोटाले वि.सं. २०४९ तिर राप्ती साहित्य परिषद्, दाङको सदस्य तथा वि.सं. २०४९ मा प्र.ले.स. को सदस्य भएर राजनीतिक र साहित्यिक दुबै पक्षलाई एकैसाथ मिलाएर सञ्चालन गरे । सबै वर्षतिर उनीले सञ्चालन गरेका साहित्यिक गतिविधि राजनैतिक उद्देश्यले प्रेरित थिए । वि.सं. २०४६ मा उनी प्र.ने.क.पा. बाट दाङ जिल्ला कमिटीमा सङ्गठित भएर पार्टी काममा लागे । साथै उनी साहित्यकारको हैसियतले अनेक जगजागरणका काम गरे । ती सबै कार्यहरू राजनीतिबाट प्रेरित र प्रभावित थिए । उनी शोषित, पीडित जनताका प्रिय बने । उनका गतिविधिमा जनताको आकर्षण बढ्यो । उनले दिएका सुझाव र निर्देशन अनुसार जनताहरू सङ्गठित र परिचालित हुन थाले ।

भुवन देवकोटाले वि.सं. २०३७ सालबाट दाङमा राजनीतिक गतिविधि सञ्चालन गर्न थालेका हुन् । यस क्रममा उनीलाई २०३४ सालमा राजकाज केशमा पक्राउ परी सल्यान जेल चलान गरियो । जेल बसाईंकै क्रममा अमर डाँगीबाट प्रेरणा पाएर २०३४ देखि साहित्यमा विशेष लेखन प्रारम्भ गरे (शर्मा, २०५९ : २) ।

भुवन देवकोटा २०३६ मा नेत्रलाल पौडेल 'अभागी' ले नेतृत्व गरेको किसान आन्दोलनमा समेत सहभागी भए । देश र जनताको मुक्तिका लागि निन्तर अटल भएर निर्भयी रूपमा राजनीतिमा क्रियाशील भए । जीवनका स्मरणीय घटनामध्ये नेपालमा प्रजातन्त्रको पुनर्वहाली २०४६ चैत्र २६ गतेको ऐतिहासिक घटनालाई लिने देवकोटा पार्टीगत रूपमा काम गर्दा गाउँ पार्टी कमिटी, हुँदै जिल्ला परिषद्को सदस्यसमेत रहेर काम गरेको अनुभव छ । वि.सं. २०५९ सम्म उनी नै एमाले जिल्ला परिषद्को सदस्य थिए (शर्मा, २०५९ :२) ।

### ३.४.१.४ सम्पादक व्यक्तित्व

भुवन देवकोटा एक सम्पादक व्यक्तित्व पनि हुन् । उनी वि.सं. २०३८ सालमा मा.वि. तहको अध्ययन पूरा गरेर जागिरका सिलसिलामा कतै गएनन् । वि.सं. २०३९ मा पुनः जेल परे । समाज सेवाको भावले प्रेरित भुवन देवकोटाको विचार रचनात्मक प्रकृतिको थियो । त्यसपछि उनले आफ्नो समाजमा विभिन्न रचनात्मक कार्य गर्ने गराउने गरेर आफ्नो समाजमा सिर्जनात्मक वातावरण तयार पार्ने कार्यमा सक्रिय भएको बुझिन्छ ।

राजनीति र साहित्यलाई एकै रथका दुई पाङ्ग्रा ठान्ने हुने देवकोटा एक सफल पत्रकार पनि हुन् । रामप्रसाद 'प्रदीप' बाट असीम प्रेरणा पाएर पत्रकारिता क्षेत्रमा लागेका देवकोटाले साहित्यिक पत्रिका 'अन्तर्ध्वनि' र 'खलिहान' को सम्पादनसमेत गरेका छन् । २०४२ सालदेखि रामप्रसाद प्रदीपको सम्पादकत्वमा प्रकाशित हुने 'राप्ती समाचार' साप्ताहिकमा संलग्नता नै उनको पहिलो पाइलो हो । राप्ती समाचारमा उनी सहयोगीका रूपमा प्रवेश गरेर केही समय सह-सम्पादक पदमा रहेरसमेत कार्य गरेका छन् । राप्ती समाचारमा प्रवेश गरेदेखि साहित्य र पत्रकारितालाई एकैसाथ उठाउँदै लिए ।

भुवन देवकोटा 'राप्ती समाचार', गाउँघर सातदिनेमा सम्पादन सहयोगीको रूपमा रहेर काम गरेका छन् । उनी नेपाल पत्रकार महासङ्घ दाङ शाखाको साधारण सदस्यसमेत छन् (शर्मा, २०५९ :२) । वि.सं. २०६१ को प्र.ले. स. दाङ शाखाको वार्षिक मुखपत्र अङ्क ४ 'बहिङ्गा' को समेत सम्पादन मण्डलमा बसेका देवकोटा हाल गणतन्त्र राष्ट्रिय दैनिकका कार्यकारी सम्पादक भएर काम गर्दै आइरहेका छन् । पत्रकारिता क्षेत्रमा रहँदा उनी समाजमा भएका अन्याय, अत्याचारका विरूद्ध चलेको आन्दोलनमा सहयोगी र समर्थन जनाएर सामाजिक सुव्यवस्था र विकास गर्नमा

योगदान पुऱ्याएका छन् । यसरी भुवन देवकोटाले सम्पादक व्यक्तित्वको तर्फबाट पनि समाज सेवा र साहित्यिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् ।

### ३.४.१.५ भाषासेवी व्यक्तित्व

भुवन देवकोटा भाषा सम्बन्धी अध्ययनमा आफ्नै मत प्रकट गर्दछन् । उनले नेपाली भाषाको उत्पत्ति र विकासमा विभिन्न विद्वान्हरूले दिएको मतलाई पनि राम्रोसँग केलाएर अध्ययन गरी नेपाली भाषाको विकास र संरक्षणमा जोड दिने व्यक्तित्वको सूचीमा पर्दछन् । देवकोटाले प्राचीन कालदेखि नेपाली भाषामा चलिआएका शब्दको व्युत्पत्ति र नेपाली भाषाको इतिहासको अध्ययन गरिनुपर्छ भन्ने मान्यता प्रकट गर्छन् ।

भुवन देवकोटा सामाजिक विकासको लागि पनि भाषिक उत्थान अर्थात् भाषिक विकास हुनु जरूरी भएको विचार व्यक्त गर्छन् । नेपाली भाषामा रहेका जटिलता र विरोधाभाषालाई समाप्त पारी जनजिब्रो अनुरूपको भाषा प्रयोग हुनुपर्दछ भन्ने उनको ठहर छ । “नेपाली भाषामा विदेशी भाषाका शब्दहरू प्रशस्त मात्रामा ओइरिरहेका छन् र ती शब्दको नेपाली भाषामा भरमार रूपमा प्रयोग भइरहेको छ, यो ज्यादै दुःखपूर्ण कुरा हो” भन्ने उनको भनाईं छ । यही नै नेपाली भाषाको अपहेलना हो र नेपाली भाषाप्रति आस्था र ज्ञानको अभाव हो भन्ने उनको ठहर छ । नेपाली भाषामा विदेशी भाषाका शब्दहरूको व्यापकता हुनुमा त्यसको मुख्य कारण उनी लेखकहरूलाई बढी जिम्मेवार भएको दावी गर्छन् । केही बुद्धिजीवी लेखकहरू विशेषगरी शहरी क्षेत्रमा बसोबास गर्ने भएकोले उनीहरूलाई गाउँले जनताले बोल्ने भाषा र शब्दहरूको बारेमा थाहा छैन र उनीहरू लेख्दा नेपाली भाषाका शब्दहरू प्रयोग गर्न सक्दैनन् । उनीहरूलाई नेपाली भाषाका ओझिला शब्दको अभाव खट्किन्छ । फलस्वरूप भाव प्रकट गर्न सक्दैनन् र अन्य भाषाको शरण लिन पुग्छन् । अरू ठाउँबाट आएका नयाँ वस्तु र चिजहरू जनताको सम्पर्कमा आउनासाथ जनताहरूले ती वस्तु र चिजहरूका

निम्ति आफै पनि शब्दहरू बनाउने गर्छन् । जस्तै प्लेन (चिलगाडी), मोटरसाइकल (भट्भटे) आदि । जनताका माझ गई खोजी गरे यस्ता धेरै शब्दहरू पाउन सकिन्छ । कोठामा बसेर बनाएका शब्दहरू पच्न सक्दैनन् । तिनीहरूले आफ्नोपनको रक्षा गर्नुभन्दा बढी अपच र अजीर्णता बढाउँछन् भन्ने धारणा भुवन देवकोटाले राखेको पाइन्छ ।

यसरी भुवन देवकोटाको भाषासम्बन्धी आफ्नै मान्यता र सम्मान छ र उनी सधैं भाषाको रक्षामा लागिपरेका छन् र आफ्नो लेख रचनामा पनि स्थानीय मीठा भाषिक शब्द प्रयोग गर्नु उनको प्रमुख भाषिक व्यक्तित्व हो ।

## ३.४.२ साहित्यिक व्यक्तित्व

भुवन देवकोटाको साहित्य सिर्जना वि.सं. २०३४ सालतिरबाट प्रारम्भ भएको पाइन्छ । उनको साहित्य सिर्जनाको स्रोत तत्कालीन सामाजिक वातावरण र समाजमा विद्यमान दमन, शोषण, विसङ्गति आदि नै हुन् । उनका सिर्जनालाई मूर्त रूप दिने काम वि.सं. २०३६ सालमा भयो तर लेखनको थालनी २०३४ सालमा नै सुरु भइसकेको थियो । त्यसबेला उनी जेल बसाइमा थिए र त्यहाँ जेल बसाइकै क्रममा अमर डाँगीबाट प्रेरणा पाएर उनले साहित्य लेखन प्रारम्भ गरेका थिए । उनको साहित्य परिमार्जन गर्न प्युठान टारीका कृष्णप्रसाद सुवेदीको अहम् भूमिका रहेको छ । २०३४ साल असोजमा उनले पहिलो पटक कविता लेखेका थिए । देवकोटा आफ्नो कवितालाई आफ्नो आमालाई जत्तिकै माया गर्छन् । उनको रचना २०३६ सालमा 'दैनिक निर्णयमा' पहिलो पटक 'मुकुण्डो उधारिएपछि' शीर्षकमा प्रकाशित भयो । आफ्नो रचना छापिएको देख्दा उनको हर्षले शिखर छोयो । त्यसपछि उनी पहिलेभन्दा अझ जाँगरका साथ आफ्नो कलम कुदाउन थाले । भुवन देवकोटा खास गरी कविता, कथा, गजलमा कलम चलाउँछन् । उनका फुटकर रचनाहरू 'युगबोध', 'युगचेतना', 'सुस्केरा', 'दैनिक निर्णय', 'खलिहान', 'बगर', 'वेदना', 'दाङका सुसेलीहरू', 'एक्काईसौं

शताब्दी', 'खसानी', 'गाउँघर सात दिने', 'मध्यपश्चिमका कविता' लगायतका पत्रपत्रिका एवम् पुस्तकहरूमा दर्जनौं सङ्ख्यामा प्रकाशित भएका छन् । साहित्यमा बडो निर्भीकताका साथ कलम चल्छ उनको । हालसम्म आफूले रचना गरेका कविताहरू मध्ये 'मन' र 'मेरी श्रीमती' शीर्षकका कविता उनलाई अत्यन्त मन पर्छन् । साहित्यकारहरू मध्ये माडसाव अर्थात् नेत्रलाल पौडेल 'अभागी' लाई मन पराउने देवकोटा एक समय 'गाउँले' उपनामबाट साहित्य रचना गर्ने र प्रकाशन गर्ने गर्थे ( शर्मा, २०५९ :२) ।

देवकोटा राजनीति र साहित्यको सम्बन्ध नङ र मासुको जस्तै हुनुपर्ने बताउँछन् । उनको विचारमा साहित्य र राजनीति भनेको फूलको माला हो । जस्तो कि राजनीति धारणा हो भने त्यसमा उनिएको फूलको थुँगा साहित्य हो । यसरी सरल किसिमले राजनीति र साहित्यको आपसी सम्बन्ध र साहित्यको बारेमा आफ्नो धारणा व्यक्त गने देवकोटा गद्य र पद्य दुबैमा उत्तिकै शसक्त रूपले कलम चलाउनुहुन्छ । कवि भुवन देवकोटाका कविता वीर, हास्य र करूण रसले भरिएका तथा व्यावहारिक हुन्छन् । कुनै घटना प्रवृत्तिलाई टपक्क टिपेर माला गाँसेसरी अलङ्कारको डोरीमा शब्दका थुँगा उनेर राख्न सक्छन् । उनका रचनाहरू अत्यन्त कलात्मक शैलीमा रहेका हुन्छन् । देवकोटाका कथा र कविताहरू हेर्दा अति सरलजस्ता लाग्ने उनका रचना जति पढ्यो उति रस आउने र गहन खालका हुन्छन् । दाङको साहित्यिक फाँटमा पनि प्रगतिवादी साहित्यको आफ्नै इतिहास छ । अनेकौं प्रतिभाहरूले दाङको प्रगतिवादी साहित्यलाई संवृद्ध गर्दै परिवर्तनको बाटोलाई फराकिलो बनाउने दिशामा महत्त्वपूर्ण योगदान दिदै आएका छन् । तीमध्ये दाङको प्रगतिवादी साहित्यलाई संवृद्ध गर्ने महत्त्वपूर्ण योगदान पुऱ्याउने प्रगतिवादी साहित्यकार भुवन देवकोटा पनि एक साहित्यिक व्यक्तित्व हुन् (प्र.ले.स. दाङ २०५४ :ख) ।

भुवन देवकोटाको कृति हालसम्म एउटा मात्र छ । 'मेरी श्रीमती' (२०६२) कवितासङ्ग्रह । यस कवितासङ्ग्रहभित्र थुप्रै २८ वटा फुटकर कविताहरू सङ्गृहीत

भएका छन् । सङ्ख्यात्मक रूपमा उनका प्रकाशित कृतिहरू धेरै नभए पनि अप्रकाशित रूपमा उनका प्रशस्त रचनाहरू पत्रपत्रिकामार्फत् छरिएर रहेका छन् । उनी नेपाली र थारू भाषा जाने पनि नेपाली भाषामा मात्र आफ्नो रचनाहरू लेख्ने र प्रकाशित गर्ने गरेका छन् । विधागत रूपमा उनले कविता, कथा, गीत, गजलमा बढी कलम चलाएको देखिन्छ । उनी मूलतः राजनीतिमा पनि समर्पित व्यक्ति भएको हुनाले जीवनमा सधैं निरङ्कुश पञ्चायती व्यवस्थाबाट सताइनु पर्‍यो । वि.सं. २०३४ मा उनी जेलपरेका थिए । राजनीतिक कारणले उनका साहित्यिक लेख रचनाहरू प्रहरीले छापा मारेर धेरै लुटेर नस्ट पार्‍यो र बचेका केही रचनाहरू पनि अव्यवस्थित बसाइ हिंडाइले गर्दा व्यवस्थित, सुरक्षित र प्रकाशित हुन सकेनन् । भुवन देवकोटा एक प्रगतिवादी साहित्यका कवि हुन् (शर्मा २०५९ : शोधपत्र) ।

भुवन देवकोटा साहित्यका विविध विधामा छरिएका भए पनि उनी मूलतः कविका रूपमा चिनिन्छन् । उनी प्रगतिवादी कवि हुन् । उनले आफ्नो कविताहरूमा सामाजिक यथार्थ घटनाको चित्रण, धर्म, शोषण र असमानताप्रति बज्र प्रहार गरेका छन् । देवकोटा समाजका यथार्थ घटनालाई प्रमुखता दिएर साहित्य सिर्जना गर्थे र कवितामा गलत कार्यबाट मुक्त हुन, जुझारू बन्न जनतालाई प्रेरित गर्थे, उनको प्रमुख लक्ष्य नयाँ समाज र संस्कृति स्थापना गर्नु थियो । उनले कामको कदर गर्ने, श्रमिकको जीवनलाई आदर गर्ने मात्र नभई धार्मिक आडम्बरलाई नङ्ग्याउन र नारीहरूको उचित सम्झनामा कलम चलाएका छन् । उनले कर्म र लेखनमा इमानदार रहेर जीवनभर सङ्घर्षमा प्रतिबद्ध भएर शोषणका नवनव जालहरूलाई छिनालेर जनचेतना र जागरणका लागि काव्यलाई पनि हतियार बनाएका छन् । कुनै पनि विषयमा प्रस्तुत हुँदा पनि परम्परावादी, यथास्थितिवादी शक्तिका विरोधी र परिवर्तनकारी भएर उभिन्छन् । उनका रचनाहरूमा बौद्धिकताको प्रदर्शनमात्र नभई ती सामान्य पाठकले पनि सजिलै बुझ्न सक्ने प्रकारका छन् । देशमा आर्थिक र सामाजिक परिवर्तन हुँदै नवीनता थपिनु पर्छ भन्ने विश्वास राख्नु हुने भुवन देवकोटा ‘शरद

देवकोटा' का रचनाहरू सरल र यथार्थको धरातलमा रचिएका पाइन्छन् । उनको साहित्यिक योगदानको कदरस्वरूप राप्ती साहित्य परिषद्ले वि.सं. २०४८ सालमा धनेश्वर पुरस्कार र आदरपत्र प्रदान गऱ्यो (शर्मा, २०६० : २१) ।

वि.सं. २००७ सालपछि क्रमशः विद्यालय खुल्नु, शिक्षाको विकास हुन थाल्नु र साहित्यको पनि क्रमिक विकास पनि हुँदै जान थालेपछि खासगरी स्वर्गीय भीमनिधि तिवारी र दाङका साहित्यकार नारायणप्रसाद शर्माका नाटकहरू मञ्चित हुन थाले । विभिन्न पत्रपत्रिका प्रकाशित हुनथाले जसले साहित्यको विकासलाई अगाडि बढाउने क्रममा नयाँ प्रतिभाको रूपमा देखापरेका भुवन देवकोटा हालसम्म साहित्य सृजनामा कलम चलाई रहेका छन् । देवकोटाले पञ्चायती शासकहरूको जतिसुकै कोपभाजनमा परी यातना खानु परे पनि र जतिसुकै आर्थिक कठिनाइको घनचक्करमा पिंधिनुपरे पनि करिब एक दशकदेखि कविता क्षेत्रमा उनको कलम चल्दै आएको छ । प्रगतिवादी मूल्यमान्यताका आधारमा कविता सृजनामा लागि परेका शरद देवकोटाका रचनाहरू शिल्प, भाव र विचारका हेराइले स्तरीय हुन्छन् । शरद देवकोटाका अतिरिक्त भुवन देवकोटाका नामबाट पनि उनी रचनाहरू रच्छन् (गिरी, २०५० : १३, २०) ।

### ३.४.२.१ काव्यकार व्यक्तित्व

भुवन देवकोटा १७/१८ वर्षको उमेरमा कविता, मुक्तक, गीत लेख्न सुरु गरेका हुन् । सार्वजनिक रूपमा उनी २०३६ सालबाट साहित्यिक फाँटमा देखिएका हुन् । कविता विधा उनको साहित्य क्षेत्रको प्रमुख विधा हो । उनले सात पङ्तिका कवितादेखि खण्डकाव्य स्तरीय आकारका कविताहरू रचना गरेका छन् । प्रारम्भमा कतै कतै पद्यमा रचना गर्ने प्रयत्न गरे पनि मूलतः उनी गद्यकवि नै हुन् । उनले परम्परावादी कविता परम्परालाई तोडेर नवीन परम्परा अंगालेका छन् ।

उनका कविताहरूमा मैत्रीभाव र वैरभाव उत्पन्न हुने परिस्थितिको वर्णन छ । प्रतिक्रियावादीहरूको सेवामा संलग्न र साँठगाँठ गर्ने व्यक्ति प्रजातन्त्रवादी हुन नसक्ने

भावाभिव्यक्ति, शोषणका विरूद्ध मजदुर किसान एक हुन गरिएको आह्वान्, सामन्तवाद, साम्रज्यवादको अन्त्य गरी नयाँ सुन्दर समाजको निर्माण गर्ने प्रतिबद्धता, श्रमजीवीहरूको पक्षधरता, अन्तराष्ट्रिय आन्दोलनप्रति समर्थन र प्रशंसा गर्नुका साथै धर्तीप्रेम र राष्ट्रप्रेमको भावना पनि मुखरित भएको छ ।

प्रगतिवादी नेपाली कविहरूले अँगालेका प्रवृत्ति यिनका कविताहरूमा विध्यमान भए पनि अन्य कविभन्दा भिन्न रूपमा प्रगतिवादी कविताको क्षेत्रमा आफ्नै पहिचान कायम गर्न यिनी सफल भएका छन् । यिनका कविताहरू कल्पना र भावनाका वेगमा बगेका देखिदैनन् । भुवन देवकोटाले सामाजिक घटनामा आधारित विषयवस्तुलाई छनौट गरेर सामान्य भाषामा सामान्य पाठकले पनि सजिलै बुझ्ने प्रकारका रचना गरेका छन् । कवितामा शाब्दिक आडम्बर देखाएर विद्वता प्रदर्शन गर्ने पक्षमा पनि यिनका कविताहरू देखिदैनन् । परम्परावादी शास्त्रीय नियममा आबद्ध भई कृत्रिम अनुशासनको पालना पनि यिनका कविताहरूमा पाइँदैन । उनका कविताहरूमा विचार र भावको सन्तुलन कायम भएको पाइन्छ । स्थानीय प्रकृति चित्रणबाट पनि सामाजिक विसङ्गतिलाई खोतल्न सिपालु भुवन देवकोटाका कविताहरूले स्थानिय परिवेशदेखि अन्तर्राष्ट्रिय परिवेशलाई विषयवस्तु वनाएका छन् । उनले आफूले भोगेका अवस्था र परिवेशलाई बिम्बात्मक तरिकाले व्यक्त्याउँदै आफ्नो कविताको स्तरवृद्धि गरेका छन् । उनको शैलीमा सहजता र स्पस्टता विशेषताकै रूपमा पाइन्छ । आफू जस्ता थिए र व्यवहारमा अनुभव गर्दथे, उनका रचनामा पनि त्यस्तै भाव व्यक्त भएको छ । प्रायः साहित्यिक व्यक्तिमा हुने संवेदनशीलता त उनीमा पनि थियो । त्यसभन्दा पनि अघि बढेर दृढताको पक्ष उनको कविताहरूमा स्पस्ट रूपमा अभिव्यक्त भएको पाइन्छ ।

भुवन देवकोटाले राष्ट्रिय, अन्तर्राष्ट्रियता साहित्यको गहिरो अध्ययन गरी त्यसको प्रभाव नेपाली समाजको तल्लो वर्गमा पुऱ्याउनु पर्छ भन्ने मान्यता राखेका छन्र । नेपाली प्रगतिवादी कविताले जनतामा सङ्घर्षको उर्जा थपोस् भन्ने उद्देश्यले उनी सबैलाई कविता रचना गर्न प्रेरित गर्थे र आफ्नो रचना पनि सुनाउँथे ।

क्रान्तिको ऊर्जा बोकेका नेपाली कविताहरू पनि रचना गरेर अरूलाई सुनाउँथे । प्रतिकूल परिस्थितिमा पनि दृढ अटल योद्धा निर्भीकताका साथ सङ्घर्ष गर्ने कवि भुवन देवकोटा वर्गीय अडान भएका प्रगतिवादी धारणामा स्पष्ट भएका हुनाले समग्र कविताहरूमा अन्याय अत्याचारको विरोध गरेका छन् (शर्मा, २०६२/०६३) । गद्य र पद्य दुवैतर्फ उत्तिकै रूपमा सशक्त रूपमा कलम चलाउने भुवन देवकोटा छन्दोबद्ध कविता लेख्ने कविहरूमध्ये दाङका आधुनिक कविको सूचीमा पर्दछन् । उनी छन्दोबद्ध कविता लेखनमा सम्बद्ध रहेको पाइन्छ (मजगैंयाँ, २०६१ : च, छ) ।

भुवन देवकोटाले कविहरूले दबेर बस्नु हुँदैन, आँधी बनेर अघि बढ्नु पर्छ भन्दै कालका कुहेका पिला र घाउलाई सफा गर्नुपर्छ भनेका छन् । उनका कविता पङ्क्तिहरू मार्फत् उनले वर्गद्वन्द्वका निम्ति आह्वान गरेका छन् । (गिरी, २०६३: ४१) ।

यसप्रकार के देखिन्छ भने किसान वस्तीका अन्धकारलाई छिचोल्न भुवनका कविताहरू तेजिलो प्रकाश बनेर छाप्राछाप्रीमा प्रवेश गरेका छन् । समाज परिवर्तनका लागि उनका कविताहरू वर्गीय मन्त्रको बुटी बनेका छन् । भुवन देवकोटाका कवितामा नारी दासताको सुन्दर प्रस्तुति छ । उनले नारी स्वतन्त्रताको उद्घोष गरेका छन् । कविताले मान्छेलाई उत्प्रेरित गर्न सक्दैन भने त्यो कविता हैन भन्ने विचार राख्ने देवकोटा पुरूषले नारीमाथि गरेको दमनको विरोध गर्छन् । सामन्ती र शोषकका विरूद्ध उनका कवितामा विद्रोहको स्वर सुरिलो बनेको पाइन्छ । उनका कवितामा सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली पनि व्यक्त गरिएको पाइन्छ । उनका कविताले जागृतिको विगुल फुकेका छन् । (शर्मा, २०६२ भूमिका) । कवि भुवन देवकोटाका कविताहरू सङ्घर्षमय जीवनको यथार्थ प्रस्तुतिबाट सुरुवात हुन्छन् । उनका कविताहरू स्वतः स्फुर्त, सशक्त कविताले प्रगतिवादी साहित्यको गोरेटोमा विशेष छाप पार्छन् र छन्दमा सलल वगेका कविता पनि हृदयस्पर्शी छन् । कवि कविता होस् कविता कवि होस् भन्ने कथन उनका कवितामा लागू हुन्छ । नारी स्वतन्त्रता, शोषित पीडितका जीवनका तीता - मीठा अनुभवहरू, परिवर्तनका आयामहरू, जागृतिका नयाँ

नयाँ सन्देशहरू, सहिदका मुटुहरू एवम् प्रजातन्त्रको खुला आकाश सम्बन्धमा उनका कविताले यथेष्ट प्रभाव पारेका छन् । 'युगबोध' र जनचेतनाका भावहरू प्रशस्त पाइन्छन् उनका कवितामा । कवितामा कोरा तारा नहुनु उनको अर्को थप विशेषता हो । पञ्चायत कालमा धेरै पटक उनी जेलमा परेका र अभिव्यक्त उनका धेरै कविता तत्कालीन प्रशासनले जफत गरी हिनामिना समेत गरेको भए पनि जुन बचे खुचेका कविताहरू हुन् तिनीहरूको सँगालोको रूपमा 'मेरी श्रीमती' कवितासङ्ग्रह (२०६२) प्रकाशित भएको (सापकोटा, २०६२ भूमिका) छ ।

भुवन देवकोटा कविताहरू फुटकररूपमा सङ्ख्यात्मक दृष्टिले यत्ति छन् भन्न कठिन छ । उनको कृतिका रूपमा प्रकाशित जम्मा एक मात्र कृति छ । वि.सं. २०६२ मा प्रकाशित 'मेरी श्रीमती' उनको प्रथम र हालसम्मको यत्ति मात्रै कृति हो । यो कृति २८ कविताहरूको सङ्कलित कविता कृति हो । यसभित्र धार्मिक आँखाले छोपेको कुसंस्कार र नारी शोषणको पर्दाफास गरिएको छ । यहाँ नारी वेदना र यौन शोषणको वस्तु स्थितिलाई सरल र स्पष्ट शैलीमा चर्चा गरिएको छ । यस कवितासङ्ग्रहमा २०३४ देखि २०६२ सम्मका कविताहरू समावेश गरिएका छन् । जसमा उनका प्रारम्भिक रचनादेखि उत्कर्षकालसम्मका रचनाहरू सङ्गृहीत छन् । यस कृतिका कविताहरूमा अन्याय, अत्याचार, शोषण दमन, क्रान्तिको आह्वान्, विश्वक्रान्तिको समर्थन, नेपाली समाजको विषमताको चित्रण, आफ्नो पारिवारिक अवस्था र प्रतिक्रियावादीलाई जवाफ आदि केन्द्रित सन्दर्भहरू रहेका छन् ।

### ३.४.२.२ पत्रकार व्यक्तित्व

भुवन देवकोटा लक्ष्मीपुर स्वास्थ्य चौकी सहयोग समितिको अध्यक्ष, पत्रकार महासङ्घ दाङ शाखाको साधारण सदस्य र राप्ती साहित्य परिषद्मा रहेर लामो समयसम्म कार्य गरिसकेका छन् भने प्रगतिशील लेखक सङ्घ दाङ शाखाको स्थापनाकाल २०५० पुसदेखि २०५९ सम्म संलग्न रही कार्य गरिसकेका छन् ।

भुवन देवकोटा एक सफल पत्रकार पनि हुन् । रामप्रसाद प्रदीपबाट असीम प्रेरणा पाएर पत्रकारिता क्षेत्रमा लागेका भएका देवकोटाले साहित्यिक पत्रिका 'अन्तरर्ध्वनि' र 'खलिहान' को समेत सम्पादन गरेका छन् । त्यसैगरी 'बहिङ्गा' 'चौथो अङ्ग' जस्ता मुखपत्रको सम्पादन मण्डलमा समेत काम गरिसकेका छन् । त्यत्ति मात्र नभएर 'राप्ती समाचार' र 'गाउँघर सातदिने'मा समेत सम्पादन सहयोगीको रूपमा रहेर काम गरिसकेका भुवन देवकोटाले हाल गणतन्त्र राष्ट्रिय दैनिकमा कार्यकारी सम्पादकका रूपमा काम गर्दै आएका छन् ।

औपचारिक शिक्षा हासिल गर्ने क्रममा राजकाज मुद्दा खेप्नु मात्र होइन पटक पटक जेल जीवनसमेत व्यतित गरेका शरद देवकोटा पत्रकारिता क्षेत्रमा भुवन देवकोटाका नामले परिचित छन् । २०४२ सालदेखि रामप्रसाद 'प्रदीप'को सम्पादकत्वमा प्रकाशित हुने 'राप्ती समाचार' साप्ताहिकमा संलग्नता नै उनको पहिलो पाइला हो । राप्ती समाचारमा उनी सहयोगीका रूपमा प्रवेश गरेर केही समय सह-सम्पादक पदमा रहेरसमेत कार्य सम्पन्न गरेका छन् ।

राप्ती समाचारमा प्रवेश गरेदेखि साहित्य र पत्रकारितालाई एकसाथ उठाउँदै लगे । भुवन देवकोटा 'गाउँघर सातदिने', 'नयाँ युगबोध' साप्ताहिक हुँदै गोरखापत्र दैनिकमा समेत रहेर पत्रकारिता क्षेत्रलाई विस्तार गरे । २०४२ सालदेखि पत्रकारिता क्षेत्रमा संलग्न भुवन देवकोटासँग राजधानीबाट प्रकाशित हुने 'बुधवार साप्ताहिक'मा समेत समाचारदाताको रूपमा रहेर कार्य गरेको अनुभव छ । हाल दाङबाट प्रकाशित हुने गणतन्त्र राष्ट्रिय दैनिकका कार्यकारी सम्पादक भुवन देवकोटा पत्रकार महासङ्घको कार्य समितिमा रहेर दाङ र राजधानीलाई पत्रकारिताका माध्यबाट पटकपटक जोडेका भुवन देवकोटा दाङका पाका पत्रकारमध्ये एक हुन् ।

### ३.४.२.३ नाट्यकर्मी व्यक्तित्व

भुवन देवकोले आफ्ना भोगाइलाई समेटेर उनले आफ्ना साहित्यिक रचनाहरू तुरून्तै बाहिर ल्याउँछन् । आफ्नो जीवनमा अनुभव गरेका र समाजमा देखिने विकृति, अन्याय, अत्याचारको व्यङ्ग्य गरेर निर्माण गरिएका नाटकहरूमा उनी सक्रिय र रूचिका साथ सहभागी हुन्छन् । हालसम्म पुस्तकाकारका रूपमा कुनै नाटकीय कृति प्रकाशित नगरेता पनि नाटकमा चासो राख्ने र सशक्त पात्रको रूपमा पनि भूमिका खेल्ने भएकोले पनि उनी एक नाट्यकर्मीको रूपमा पनि उत्तिकै रूपमा चिनिएका नाट्य व्यक्तित्व पनि हुन् ।

नाट्य व्यक्तित्व भुवन देवकोटाले अभिनय गरेका नाटकहरूमा 'मरूभूमिका लेखक' र अन्य नाटक ('बौलाहाकाजीको सपना' नाटक सङ्ग्रहबाट लिइएका) हरूमा सशक्त भूमिका निर्वाह गरेका छन् । 'मरूभूमिका लेखक' नाटकमा त उनले 'कवि' को भूमिका निर्वाहगरेका छन् । भुवन देवकोटो शोषित, पीडित जनताका लागि एउटा उज्यालो ज्योति बनेर समाजको वास्तविकता देखाउन उनी विभिन्न रूपमा देखा पर्थे । उनका कविता पाठ हुँदा त्यस स्थानका सबैले निकै ध्यान दिएर सुन्छन् त्यसैगरी नाटकमा पात्रको भूमिका खेल्दा पनि दर्शकहरू उत्तिकै चासो दिएर हेर्छन् र आत्मसात् गर्छन् । उनलाई असल मान्छेको रूपमा चिन्छन् । उनी कविता वा नाटकमा शोषित, पीडित जनताको प्रतिनिधिको रूपमा देखिन्छन् ।

### ३.४.२.४ कथाकार व्यक्तित्व

भुवन देवकोटा साहित्यिक फाँटमा एक प्रतिभावान् कथाकारका रूपमा पनि फुलेका व्यक्तित्व हुन् । दाङको साहित्यिक गतिविधिलाई फलाउन फुलाउन लघुकथा, कथाका माध्यमबाट पनि निकै मलजल गरेको देखिन्छ । भुवन देवकोटाले आफ्नो साहित्यिक जीवनको कालमा पूर्वार्द्ध चरणदेखि उत्तरार्द्ध चरणसम्म विभिन्न सामाजिक, राजनैतिक, विषमताका विषयवस्तुलाई समेटेर लेखिएका कथा, लघु कथाको सङ्ख्या

पनि प्रशस्तै देखिन्छ । भुवन देवकोटाले पूर्वार्द्ध चरणका कथाहरू वि.सं. २०५२ सालतिरबाट लेख्न थालेको पाइन्छ तर उत्तरार्द्ध चरणमा भने उनले कथाको क्षेत्रमा भने आफ्नो लेखनीको गति कम गरेको जस्तो पाइएको छ । उनका कथामा पाइने मुख्य विशेषता भनेकै निरङ्कुश शासनप्रति कटाक्ष गर्दै समाज सुधारको सन्देश दिनु हो । कथामा समाजका तत्कालीन विषमतालाई चित्रण गर्छन् जुन उनको कथाकार व्यक्तित्व पनि हो ।

समाजलाई विकृतमार्गबाट जोगाई सुधारात्मक सन्देश दिने विभिन्न साहित्यिक विधमध्ये एक शसक्त विधाका रूपमा मान्यता पाएको कथा विधा पनि सामाजिक जागरणको एक गतिलो खुराक नै मानिन्छ । भुवन देवकोटाले पनि कथाका माध्यमबाट विभिन्न विषयवस्तुका जागरण गराउने कथाहरू रचेर कथा साहित्यिक फाँटमा उल्लेख्य योगदान पुऱ्याएका छन् । वर्तमान रूढि परम्पराप्रति सचेत गराउने र सामाजिक यथार्थ धरातलको चित्रण गर्नु पनि उनको कथानकीय व्यक्तित्व हो । भुवन देवकोटा दाङका फुटकर कथाकारहरूमा एक प्रतिभाशाली कथाकारको सूचीमा पर्दछन् (मजगैयां, २०६४: ६) भुवनले निकट भविष्यमै 'कथासङ्ग्रह' निकाल्ने सोच बनाएको बताउँछन् ।

### ३.४.२.५ गजलकार व्यक्तित्व

भुवन देवकोटा एक सफल गजलकार पनि हुन् । उनले साहित्यिक जीवनमा प्रवेश गरेपछि गजलमा पनि हात हालेको पाइन्छ । उनका गजलहरू समसामयिक विकृतिहरूकै विरूद्ध रचिएका पाइन्छन् । गजल व्यक्तित्व पनि उनको साहित्यिक व्यक्तित्व भित्रको एक व्यक्तित्व हो । जनतालाई गजलका माध्यमबाट समसामयिक अवस्थाप्रति सचेत पार्ने र सन्देश दिने उद्देश्यले उनले गजल रचना गरेको पाइन्छ । पहिले पहिले गजल नेपालमा भित्रिदा मोतीरामको समयमा शृङ्गारिक भावमा मात्र रचिएको पाइन्थ्यो भने वर्तमान परिवेशमा गजल राजनैतिक, नैतिक पक्षप्रति पनि

कटाक्ष गर्दै रचिएको पाइन्छ । भुवन देवकोटाले पनि सामान्य जनतालाई जागरणको कुरा सुनाउन गजलबाट पनि सहयोग पुग्ने एक माध्यम ठानेर गजल रचना गरे । उनले विभिन्न सामाजिक परिवेशीय विषयवस्तुलाई समेटेर गजल रचना गरेका छन् र उनका ती गजलहरू विभिन्न स्थानीय र राष्ट्रिय दैनिक तथा मासिक साहित्यिक पत्रिकाहरूमा प्रकाशित भएका छन् । मूलतः कविता र कथामा नै बढी कलम चलाउने देवकोटाले गजल पनि रचना गर्दै आइरहेका छन् । समकालीन नेपाली साहित्यका प्रायः सबै विधामा सशक्त बनेको व्यङ्ग्यको चेतना गजलको क्षेत्रमा पनि एउटा महत्त्वपूर्ण प्रवृत्ति बनेर आएको छ । युगीन, विसङ्गति, विद्रुपना, विडम्बना, बेइमानी, प्रशासनिक अस्तव्यस्त, चारैतिर बढिरहेको आशङ्का, सन्त्रास र अराजकतालाई उद्घाटन गर्ने क्रममा आजका गजलहरूले व्यङ्ग्यात्मक शैलीलाई एउटा हतियारको रूपमा प्रयोग गरेका छन् ।

भुवन देवकोटाका गजलले भावको धारिलो प्रभाव सृजना गर्दै विविध युगीन विकृति र विसङ्गतिको सटीक चित्रण गर्ने भावहरू व्यक्त गरेको पाइन्छ जुन यही नै गजलकार भुवन देवकोटाको गजल व्यक्तित्व हो भन्न सकिन्छ । गजलले समाजमा भएका असङ्गति, भ्रष्टाचार, अत्याचारका विरूद्धमा जागरूकता फैलाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । भुवन देवकोटा यस्तै गजल लेख्ने गजलकार हुन् । उनी प्रगतिशील गजलकारका रूपमा स्थापित छन् । देवकोटा यस्ता प्रगतिशील प्रतिभाहरू मध्येका क्रियाशील व्यक्तित्व हुन् । उनले यथास्थितिको विरोध गर्दै परिवर्तनका पक्षमा आवाज उठाउँछन् । समाजका युगीन विसङ्गति, शोषण, अन्याय र विडम्बनाको चित्रण गर्दै परिवर्तनका लागि समाजलाई अभिप्रेरित गर्छन् (उदासी, २०५२:१०२-१०३) ।

### ३.४.२.६ गीतकार व्यक्तित्व

भुवन देवकोटाको साहित्यिक व्यक्तित्व भित्रको एक व्यक्तित्व गीतकार व्यक्तित्व पनि हो । जनतालाई गीतका माध्यमबाट आफ्नो कथाव्यथा सुनाउँदा जनसंवेदनामा गीतले राम्रो प्रभाव पार्दछ भन्ने उद्देश्यले भुवन देवकोटाले गीत रचना गरेका हुन् । उनले कहिलेकाहीँ गीत गाउने पनि गर्छन् । सामान्य जनतालाई जागरणको कुरा सुनाउन गीत नै सबैभन्दा बढी प्रभावकारी तरिका हो भन्ने कुरा भुवन देवकोटालाई राम्रोसँग थाहा छ । भुवन देवकोटाले विभिन्न उपनाममा गीतहरू रचना गरी विभिन्न पत्रिकामा पनि प्रकाशित गराएका छन् । भुवन देवकोटामा अन्य साहित्यिक रचना र कृतिको भाव गीतका सन्दर्भमा पनि समान रूपमा लागू हुन्छ । उनका गीतमा चुसाहाका विरूद्ध लड्ने, विरोध गर्ने कुराको उल्लेख गरिएको छ । भुवन देवकोटाले भेटघाटका समयमा गीत गाएर पनि साथीहरूलाई सुनाउँथे, उनी कवि पनि भएकाले उनका गीत र कवितामा विचार भावको एकरूपता पाइन्छ । कवितामा भन्दा गीतमा लय र सङ्गीत थप हुने भएकाले भुवन देवकोटाका गीत अझ सुन्दर मानिन्छन् । 'हाम्रा सुसेलीहरू' गीतसङ्ग्रह प्रकाशित गर्ने देवकोटा फुटकर कविता प्रकाशन गर्ने कवि र गीतकार व्यक्तित्व पनि हुन् (सुवेदी, २०५३:१४७) ।

भुवन देवकोटाको एउटा गीत 'गाउँ गुञ्जिए' शीर्षकको गीत 'छन्दमा रापती' ( २०६२) मा सङ्गृहीत भएको र उक्त गीतको सि.डी. पनि निर्माण भइसकेको छ । गोविन्द आचार्यको सङ्गीत र जगदीश समालको स्वर रहेको सो गीतको भाव गाउँमा एकताको आवश्यकता भएको र अव देशमा मुहार फेर्ने अबेर भैसक्यो त्यसकारण निधारमा अबिर लगाउँदै अदम्य जोश लिएर जुट भनेर प्रेरणा दिइएको छ । आज सचेत बन्नु छ र कालका पिला र घाउलाई गलाएर फाल्नुपर्ने सन्देश दिएका छन् ।

भुवन देवकोटा अब कमारा, दास बन्ने दिन गइसके यहाँ कुनै ठूला ठालु, देवा, मालिक होइनन् बरु मालिक भनेका श्रम, पसिना नै हुन् भन्ने कुरालाई गीतकार देवकोटा यसरी गीतमा भाव व्यक्त गर्छन् ।

देवता मालिक यिनै हुन् नसिकाऊ कुनै ठालुलाई
कमारा - दास तिनै हुन् नदेखाऊ कुनै कालुलाई
कमारा अब बन्दैनन्, धर्तीको कुनै कुनामा
मुक्तिको साँचो बाँधे छ युगको आफ्नो कुनामा (हाम्रा सुसेलीहरू : ३)

अर्थात् गीतकार देवकोटाले अब शोषण दमनको प्रथा अन्त्य भएको र परिश्रम, पसिना लाई नै हाम्रा मालिक भनेका छन् । अब धर्तीको कुनै पनि कुनामा कमारा नहुने भाव व्यक्त गरेका छन् । अब यस युगमा मुक्तिको साँचो बाँधिएको अर्थात् कोही पनि कसैको बन्धनमा अब बस्नु नपर्ने  समय भइसकेको भनेर आजभन्दा १४/१५ वर्ष अगाडि नै हालको वर्तमान समयसित मेलखाने गरी गीत रचना गरेका छन् । यसर्थ उनलाई दूरदृष्टि भएका गीतकारको रूपमा पनि चिन्न सकिन्छ ।

त्यसैगरी गीतकार देवकोटाले शहीदको संझनामा पनि गीतहरू रचेको पाइन्छ । उनले गीतका माध्यमबाट शहीदको गुणगान गाएका छन् ।

प्यारो छ हामीलाई शहीदको त्यो सुन्दर मुक्त जीवन
लोभ र लालच धम्कीमा नपरी मृत्यु रोजेका
निरङ्कुशतन्त्र विरूद्ध मुक्तिको शङ्खफुकेका
हुकुमी, जाली, कपटी, शासन तिनले रोजेनन् (हाम्रा सुसेलीहरू :७) यसरी भुवन देवकोटाले शहीदलाई सम्झदै उनीहरूको मुक्त जीवन, रगत अझै प्यारो छ । शहीदहरू कतै लोभ र लालचमा फसेनन् बरु मुक्तिका निम्ति शङ्ख फुक्दै कपडी, जाली शासनको विरोध गर्दै मुक्त जीवनको शङ्ख फुकेका छन् ।

### ३.४.२.७ अन्य व्यक्तित्व

भुवन देवकोटाले साहित्यका विविध विधामा कलम चलाएका छन् । राजनीतिक कारणले उनका सबै साहित्यिक विधाको पहिचान गर्न कठिन भएको छ । उनले माथिका यी व्यक्तित्वका रूपमा बढी चर्चा पाए तापनि उनले विभिन्न विषयको समालोचना गरेको र संगसँगै केटाकेटीलाई जीवनको ज्योति जगाउने बालकथाहरू रचेका छन् । भुवन देवकोटाले संस्मरण, विभिन्न लेखहरू तथा पुराना लेखकका रचनाको सम्बन्धमा सोधखोज गरी समालोचना लेख्न तयार पारिएका टिप्पणीहरू पनि पाइन्छन् । यी सबै आधारमा भुवन देवकोटाको साहित्यिक व्यक्तित्वभित्र अन्य थुप्रै व्यक्तित्वहरू पनि अन्तर्निहित छन् । भुवन देवकोटा उद्घोषक, कुशल पत्रकार, विभिन्न सङ्घसंस्थामा संलग्न भई कामसमेत समेत गरिसकेका छन् । उनी २०४७ साल श्रावण ४ गते दाङ जिल्लाको सदरमुकाम तुलसीपुरमा गठित राष्ट्रिय जनसाँस्कृतिक मञ्चको संस्थापक सदस्य भएका थिए । त्यसपछि विभिन्न समयमा विभिन्न पदमा रहँदै २०५९ सम्म संस्थापक अध्यक्षको रूपमा रहेर काम गरे । पत्रकार महासङ्घ दाङ शाखाको साधारण सदस्यसमेत भएर काम गरेका छन् । राप्ती साहित्य परिषद्मा आबद्ध भएर धेरै लामो समयसम्म समेत कार्य गरिसकेका छन् भने प्रगतिशील लेखक सङ्घ दाङ शाखाको स्थापनाकाल २०५० पुसदेखि हालसम्म संलग्न छन् । २०४४ साल मार्ग ६ र ७ गते भक्तपुरमा भएको प्रगतिशील लेखक कलाकार सङ्घको राष्ट्रिय भेलामा दाङबाट प्रतिनिधि बनेर भाग लिइसकेका छन् । त्यसैगरी विभिन्न मितिमा भएका राष्ट्रिय जनसांस्कृतिक मञ्चका राष्ट्रिय सम्मेलनमा दाङबाट प्रतिनिधि बनेर पटक पटक भाग लिएका छन् ।

कवि भुवन देवकोटाले जेल यातना मात्र होइन पुरस्कार पनि प्राप्त गरेका छन् । उनको साहित्यिक योगदानको कदर गर्दै 'राप्ती साहित्य परिषद्'ले २०४८ सालमा धनेश्वर पुस्कार र आदर पत्र प्रदान गरेको छ (शर्मा, २०५९ :२) । 'निर्जर साहित्य सम्प्रेषण अभियान' दाङले उनको साहित्यिक प्रतिभाको प्रशंसा गर्दै वि.सं. २०६२ पौष

२६ गते गर्दै कदरपत्र र निर्झर साहित्यिक पुरस्कार प्रदान गरेको छ । हालको बाँकी जीवन साहित्य र राजनीतिमा संलग्न रहँदै समाज सेवामा सक्रिय रूपले लाग्दै आएका प्रगतिवादी साहित्यकार एवम् राजनैतिक कार्यकर्ता भुवन देवकोटाको भविष्य प्रकाशमय रहोस् भन्ने कामना व्यक्त गर्दछु । वि.सं. २०४२ मा राप्ती समाचार साप्ताहिकमा सम्पादक भई पत्रकारिता क्षेत्रमा प्रवेश गरेका देवकोटाले दृष्टि साप्ताहिक सम्वाददाता (२०६१) गोरखापत्र दैनिक सम्वाददाता (२०६१) मा समेत काम गरेका छन् । पत्रकारिताको दक्षता प्राप्त गर्न उनले आधारभूत पत्रकारिता तालिम गरेका छन् र 'बहिङ्गा' सम्पादकसमेत भएका छन् (ने.प्र.म दाङ शाखा, २०६१ : ३७) । भुवनले केही भारतीय साहित्यकारका लघुकथाहरू समेत फुटकर रूपमा वि.सं. २०३७ - ०३८ तिर 'युगबोध' राष्ट्रिय दैनिकमा अनुवाद गरी प्रकाशन गरेर उनले अनुवादक व्यक्तित्वसमेत प्रदर्शन गरिसकेका छन् ।

## ३.७ निष्कर्ष

भुवन देवकोटामा एक व्यक्ति अनेक व्यक्तित्व रहेको पाइन्छ । उनी बाहिरी रूपमा सामान्य देखिए पनि आन्तरिक गुणले विशेष व्यक्तित्व थिए । ठीक्कको कद, गहुँगोरो वर्ण, गठिलो शरीर, पङ्क्ति मिलेका दाँत र गोलो हंसमुख अनुहार भएको भुवन देवकोटा करिब १७/१८ वर्षको उमेरबाट साहित्यसाधनमा लागेर राजनीतिक र साहित्यिक क्षेत्रमा नै बढी क्रियाशील देखिएका छन् । उनी राजनीतिक र साहित्यमा समाज परिवर्तन चाहने व्यक्ति भएकोले यी क्षेत्रलाई समाज सापेक्ष राख्न निरन्तर क्रियाशील रहेका छन् । राजनीतिका कारण साहित्यमा देखिएको उनको प्रतिभा स्वतन्त्र रूपले अगाडि नबढी पूर्णत : मार्क्सवादी, प्रगतिवादी प्रवृत्तिकै बन्यो । उनले समाज सेवामा साहित्यभन्दा इतर विषयहरू राजनीतिक कृतिसमीक्षा जस्ता लेख आदिले पनि योगदान पुऱ्याएका छन् । साहित्यमा उनी विभिन्न विधामा सक्रिय देखिए पनि मूलतः कविता विधामा नै उनी बढी चर्चित बनेका छन् । उनले फुटकर कवितादेखि कवितासङ्ग्रहसम्मको कृति रचना गरेका छन् । उनी समग्रमा मार्क्सवादी दर्शन, विचार र साहित्यबाट प्रेरित भएका व्यक्तित्व हुन् ।

# चौथो परिच्छेद

# भुवन देवकोटा 'शरद देवकोटा' को साहित्यिक यात्राको चरण विभाजन

## ४.१ पृष्ठभूमि

भुवन देवकोटाको जीवन वि.सं. २०१६ देखि हालसम्मको अवस्थामा आइपुग्दा बाल्यकालको समयबाहेक चेतनाको बाँकी जीवनका पाटाहरू साहित्य र राजनीतिमा बिताएका देवकोटाले १७/१८ वर्षको उमेरदेखि नै साहित्यि लेख र रचनाहरूमा कलम चलाएका छन् । उनी त्यस समयबाट नै लगातार हालसम्म पनि साहित्यिक र पत्रकारिता क्षेत्रमा सक्रिय रहेका छन् ।

भुवन देवकोटाले पारिवारिक पृष्ठभूमि तत्कालीन राजनैतिक वातावरण र सामाजिक विषमता आदिका प्रभावले साहित्ययात्राको प्रारम्भ गरेका हुन् । उनले आफ्नो साहित्यिक यात्रालाई क्रमिक रूपमा परिष्कृत, परिमार्जित गर्दै मार्क्सवादी प्रगतिवादी साहित्यकारका क्षेत्रमा प्रवेश गरेका हुन् । उनी परम्परावादी साहित्यबाट विद्रोही साहित्यकार र विद्रोही साहित्यकारबाट मार्क्सवादी प्रगतिवादी साहित्यकार बनेका हुन् । देवकोटाले वि.सं. २०३४ बाट साहित्य र राजनीतिलाई एकैसाथ अँगालेका र ती दुबै क्षेत्रमा केही समयसम्म सन्तुलित रूपमा अगाडि बढ्न पनि सफल भएका थिए । देवकोटा बीचबिचमा साहित्यिक कारणले पक्राउ परेका छन् । वि.सं. २०३४ सालमा साहित्यिक कारणबाटै राजकाज केशमा पक्राउ परेका देवकोटा वि.सं. २०३६ सालको किसान आन्दोलनको सिलसिलामा पार्टी सम्पर्कका लागि भूमिगत बस्नु पऱ्यो । उनको कठिन भूमिगत राजनीतिक यात्राले साहित्ययात्रालाई सहज रूपमा अगाडि बढाउन केही कठिन भयो । उनी हरेक कठिन परिस्थितिसँग जुधेर नेपाली साहित्यको प्रगतिवादी क्षेत्रमा योगदान दिन सफल भएका छन् । उनका साहित्यिक लेख, रचनाहरू कठिन राजनीतिक यात्रका कारण सर्वसुलभ, सहज र व्यवस्थित अवस्थामा पाउन सकिदैनन् । यसो भएका हुनाले हालसम्म प्राप्त हुन

सकेका जानकारी एवम् 'मेरी श्रीमती' कवितासङ्ग्रह प्रकाशन र प्रगतिवादी साहित्यमा बढी जोड दिइएका रचनाको आधारमा नै भुवनको साहित्यिकयात्राको वर्गीकरण गर्न सकिन्छ । यसका लागि प्रारम्भदेखि देवकोटाको कृति प्रकाशन हुनु पूर्वको समयलाई पूर्वार्द्ध काल र प्रकाशन भएदेखि हालसम्मको समयलाई उत्तरार्द्ध काल मानी चर्चा गर्न सकिन्छ ।

## ४.२ पूर्वार्द्धकाल (वि.सं. २०३४ देखि वि.सं. २०६२ सम्म)

भुवन देवकोटाको धार्मिक परिवारमा हुने पूजापाठ र धार्मिक ग्रन्थहरूको वाचन गरिने वातावरणको पृष्ठभूमिबाट कण्ठ गर्ने र वाचन गर्ने अभ्यास विद्यालय जानु पूर्व नै भइसकेको थियो । देवकोटाले विद्यार्थी जीवनमै सानै उमेरबाट कविता प्रतियोगिताहरूमा र गोष्ठीहरूमा भाग लिन सुरु गरेका हुन् । उनले अन्याय र अत्याचारका विरूद्ध कविता, गीत, रचना गर्न थाले तापनि उनको वि.सं. २०३६ सालमा रचना गरेको 'मुकुण्डो उघारिएपछि' नै पहिलो मौलिक रचना हो । वि.सं. २०३५ मा दाङ जिल्लाको नारायणपुर मा.वि. मा वार्षिक उत्सवमा राखिएको कविता प्रतियोगितामा भुवन देवकोटाले भाग लिएर 'कोही किन बेचिन्छन् प्रदेशमा युवती हे, रोक्दैनन् कोही किन ?' कविता वाचन गरेर प्रथम स्थान हासिल गरी पुरस्कृतसमेत भएका थिए ।

वि.सं. २०३४ सालमा जेल बस्दा देवकोटाले जेलमै अमर डाँगीबाट प्रेरणा पाएर साहित्य लेखनमा लागे भने उनको साहित्य परिमार्जन गर्न प्युठान टारीका कृष्णप्रसाद सुवेदीको अहम् भूमिका रहेको छ । यही भूमिका र प्रेरणाबाट देवकोटा प्रगतिवादी मार्क्सवादी साहित्य सिर्जनातर्फ उत्प्रेरित र उन्मुख भए । उनी वि.सं. २०५९ सालमा समाजसेवाका उद्देश्यले राजनीति र साहित्यको क्षेत्रमा सक्रिय बने । वि.सं. २०३६ मा 'मकुण्डो उघारिएपछि' कविताको प्रकाशनपछि उनलाई वि.सं. २०३६ कै किसान विद्रोहको कारण भूमिगत हुनुपर्ने भयो । यसरी अगाडि बढेको साहित्य यात्राको पूर्वाद्ध काललाई दुई चरणमा विभाजन गरी प्रारम्भदेखि वि.सं. २०३६ सम्म

आभ्यासिक चरण र वि.सं. २०३६ देखि वि.सं. २०६२ सम्म प्रकाशनको चरणका हिसावले चर्चा गर्न सकिन्छ ।

### ४.२.१ आभ्यासिक चरण (प्रारम्भदेखि वि.सं. २०३५ सम्म)

भुवन देवकोटाले बाल्यकालमा परम्परावादी धार्मिक संस्कारभित्र हुर्कंदा विद्यालय जानु पूर्व केही धार्मिक ग्रन्थहरू कण्ठ गरेर वाचन गर्ने अभ्यास पूरा गरिसकेका थिए । 'कृष्णलीला', 'रामायण', 'महाभारत', 'दुर्गासप्तसती' जस्ता धार्मिक पुस्तकहरूका केही श्लोक कण्ठ गरिसकेका थिए । उनको लागि अरूको अगाडि उभिएर आफ्नो अभिव्यक्ति राख्न सक्ने क्षमताको विकास घरबाटै भयो । उनको गाउँमा वि.सं. २०३२ को सालमा कम्युनिस्ट गतिविधि सञ्चालन भयो । उनी २०३२ सालमै भएको चिनियामान काजीको स्मृतिसभामा उपस्थित हुँदा साहित्यको क्षेत्रमा झुकाव बढाएका देवकोटा राजनीतिमा पनि चासो बढाउन थालेको जानकारी पाइन्छ । उनले आफ्नो गाउँमा हुने गरेका त्यस किसिमका राजनीतिक कम्युनिस्ट गतिविधिबाट सामाजिक संरचना, विसङ्गति, ईश्वर र जातभात सम्बन्धी कुराको केही वास्तविकता थाहा पाए । उनको मनभित्र अन्यायप्रति विरोध जन्मन थाल्यो । उनको ईश्वरप्रतिको धारणा र जातीय छुवाछुतप्रति आस्था हराउँदै गयो ।

भुवन देवकोटा विद्यालयमा हुने साहित्यिक गतिविधिमा सहभागी बनेर साना कविता, मुक्तक वाचन गर्न थाले । उनले मनमा लागेका कुराहरूलाई साहित्य सृजनाका माध्यमले अभिव्यक्त गर्न थाले । उनले आफ्नो साहित्यिक अभ्यास यस्तै क्रमले अगाडि बढाए । उनको साहित्यिक अभ्यासको प्रारम्भिक समयमा लेखिएका पाँच छ पङ्क्तिका रचनाहरूमा विद्रोही भाव प्रकट गरेका छन् । उनका साहित्यिक रचनाहरू, विचार र व्यक्तिगत आचरणहरूमा एकरूपता देखा पर्दै गयो । उनले जातीय विद्रोह सुरुगरी आफ्नो छरछिमेकमा कामी दमाईको घरमा गएर खाना खाने पनि गरे ।

भुवन देवकोटा बीस वर्षको चढ्दो उमेरका साथ तीव्र उत्सुकता र कौतुहलतामा पनि वृद्धि हुँदै गयो । साहित्यिक लहडको बढ्दो गतिमा आफूलाई साहित्यिक नामले चिनाउने क्रममा उनले पनि आफ्नो साहित्यिक उपनाम 'शरद देवकोटा' राखे । त्यसपछि उनले 'शरद देवकोटा' उपनामबाट रचनाहरू रच्न थाले, यस समयसम्म उनी परिपक्व भई नसकेकोले पनि होला उनले त्यस बेलाका आफ्नो रचनाहरूमा कुनै लेखन समय उल्लेख गरेको पाइँदैन । यसरी उनका साहित्यिक सिर्जनाहरू अव्यवस्थित रूपमा छरिएर रहे । आफ्नो रचनाहरूलाई सङ्कलन गरी व्यवस्थित गर्ने सूचीकृत गर्ने कार्यमा उनीद्वारा कुनै प्रयत्न गरिएको पाइँदैन । यस समयमा उनले रचनाहरू खुला कागजका टुक्राटुक्रीमा कोर्ने र त्यसै राख्ने गरेको पाइन्छ । कतै कतै आफूलाई मन पर्ने रचनाहरू मात्र सुरक्षित राखेको पनि भेटिन्छ । उनले आधिकारिक रूपमा मिति उल्लेख गरी आफ्नो रचना प्रथम पटक वि.स.. २०३६ सालमा दैनिक निर्णयमा प्रकाशित गरेका हुन् ।

भुवन देवकोटाले साहित्यको अभ्यास कालमा कविता विधाबाट साहित्य सिर्जना सुरु गरेका हुन् । उनले केही प्रारम्भिक रचनाहरू पद्यमा पनि रचना गर्ने प्रयत्न गरेका छन् । उनले यस कालमा नेपाली साहित्यका चर्चित कविहरू कवि लेखनाथ पौडेलको 'पिँजडाको सुगा', कविता गोपालप्रसाद रिमालका 'हुरीको गीत' र 'आमाको सपना', कविता लक्ष्मीप्रसाद देवेकोटाको 'प्रमुजी भेडो बनाऊ', जस्ता कविताहरूको गहिरो अध्ययन गरी तिनबाट भाव, विचारशैली आदिको प्रभाव ग्रहण गरे । आफ्नो रचनाहरूमा देवकोटाले विभिन्न साहित्यिक नामको प्रयोग गरी कवि गोपालप्रसाद रिमाल र कवि भूपि शेरचनको शैली र प्रवृत्ति अँगाले । उनको प्रथम रचित रचना 'उनको मुहार' समस्यापूर्ति कविता हो भनी उनी बताउँछन् । उनी साहित्य यात्राको आभ्यासिक कालमा अध्ययनरत विद्यार्थी नै थिए । विद्यार्थी जीवनमा उनको वि.सं. २०३५ सालमा प्रगतिवादी साहित्यकार नेत्रलाल 'अभागीसँग भेट भएपछि उनले

साहित्यको आभ्यासिक चरणबाट मार्क्सवादी प्रगतिवादी साहित्यतर्फ अगाडि बढ्ने प्रेरणा र उत्साह पाए ।

### ४.२.२. प्रकाशनको चरण (वि.सं. २०३६ देखि वि.सं. २०६२ सम्म)

भुवन देवकोटाको साहित्यिक यात्रामा सिर्जनाको तुरून्तै प्रकाशन नभई तीन वर्षपछि मात्र प्रकाशनको आरम्भ भएको हो । देवकोटाको प्रथम प्रकाशित कविता 'दैनिक निर्णय' मा प्रकाशित 'मुकुण्डो अघारिएपछि' कविता हो भने भुवन देवकोटाको प्रथम लेख वि.सं. २०४३ सालतिर प्रकाशित 'नेल्सन मन्डेला' शीर्षकको हो जुन प्रकाशित भएर पनि हराएको जानकारी पाइन्छ । भुवन देवकोटाका साहित्यिक यात्राको तत्कालीन समय प्रकाशन प्रतिबन्धित समय थियो । वि.सं. २०१७ सालको शाही कदमले नेपालमा निरङ्कुश पञ्चायती व्यवस्थाको स्थापना भयो । निरङ्कुश पञ्चायती व्यवस्थाले प्रकाशन स्वतन्त्रता र वाक् स्वतन्त्रतामाथि प्रतिबन्ध लगायो । त्यस्तो अवस्थामा प्रकाशन संस्थाको पनि अभाव थियो । फलस्वरूप देवकोटामा विद्रोही, जनचेतनाका प्रगतिवादी कविता र अन्य रचनाहरू प्रकाशनमा आउन निकै समस्या थियो । वि.सं. २०३५ सालमा भुवन देवकोटाको प्रगतिवादी साहित्यकार नेत्रलाल सँगको भेटले उनलाई विद्रोही जनभावना बोकेका साहित्यिक विचारलाई मार्क्सवादी, द्वन्द्वात्मक भौतिकवादी साहित्यतर्फ प्रेरित र उन्मुख गरायो । उनका रचनाहरूमा त्यसपछि मात्र अलि वैचारिक सचेतना देखिएको छ । उनले साहित्य सिर्जनामा प्रस्ट रचना समय उल्लेख गर्ने, सामाजिक यथार्थ घटनालाई विषयवस्तु बनाउने कामको सुरु गरे । भुवन देवकोटाले साहित्य सिर्जना गरेर मात्र हुँदैन । तिनको प्रचार प्रसार हुन प्रकाशनको आवश्यकता पर्छ भन्ने कुराको महसुष पनि गरे ।

भुवन देवकोटा प्रकाशनका लागि सचेत भएदेखि रचनाहरू प्रकाशनका लागि उनले प्रकाशन स्रोत खोज्ने प्रयत्न गरे । उनले प्रथम प्रकाशित लेखमा 'नेल्सन मन्डेला' मा 'गाउँले' उपनाम राखेका र प्रथम प्रकाशित कविता 'मुकुण्डो उघारिएपछि'

मा र 'शरद गाउँले' उपनाम राखेका छन् । उनले यस 'नेल्सन मन्डेला' शीर्षकीय लेखमा कर्मठ, अडिग र अरूलाई सुख दिने मण्डेलाको बारमो र कवितामा आफ्नो सिद्धान्त छोडेर पद र पैसामा चरित्र बेची पञ्चायतलाई समर्थन गर्नेको विरोध गरेका छन् । भुवन देवकोटाको आभ्यासिक चरणका रचनाहरूभन्दा प्रकाशन चरणका रचनाहरू परिष्कृत र परिमार्जित भएर मार्क्सवादी प्रगतिवादी चरणमा प्रवेश गरिसकेका छन् । प्रकाशन चरणबाट उनका रचनामा देखा परेका प्रगतिवादी धाराले देवकोटाको साहित्यिक यात्रालाई मार्ग निर्देशन गऱ्यो । देवकोटाका प्रकाशन चरणका रचनाहरू आभ्यासिक चरणका भन्दा विचार, भाव, कला र आयामका दृष्टिले उत्कृष्ट र यथार्थ छन् । उनका रचनाका आयाम फुटकर कवितामै सीमित छन् ।

देवकोटाले यस चरणमा विभिन्न साहित्यिक उपनामको उल्लेख गरेका छन् । यस चरणको सुरुमा विभिन्न साहित्यिक उपनामको उल्लेख गर्दा सुरुमा 'शरद देवकोटा' उपनाम उल्लेख गरेका छन् भने पछि पचासको दशकमा 'दीपक' र तीसको दशकमा 'गाउँले' ले र कतै 'शरद गाउँले' नाम प्रयोग गरेका छन् । कविताको आयाममा फुटकरदेखि एक कवितासङ्ग्रह 'मेरी श्रीमती' (२०६२) सम्मका कविता कृति छन् ।

भुवन देवकोटाको साहित्ययात्राको पूवार्द्ध कालको आभ्यासिक चरण र प्रकाशनको चरणका प्रमुख प्रतिनिधि रचनाहरू, प्रकाशन स्रोत र प्रकाशन समय यसप्रकार छन् :

| क्र.सं. | शीर्षक | विधा | रचनाकाल | प्रकाशन स्रोत र समय |
|---|---|---|---|---|
| १ | मुकुण्डो उघारिएपछि | कविता | २०३६ | दैनिक निर्णय (२०३६) |
| २ | कर्फ्यू लागेको रात | कविता | २०४४ | नेपाली साहित्यिक त्रैमासिक (२०४४) |
| ३ | डर | मुक्तक | २०४४ | राप्ती समाचार (२०४४) |
| ४ | संसार फेर्ने भए | कविता | २०४७ | राप्ती समाचार (२०४७) |
| ५ | पञ्चायती शैली र अछामको घाउ | लेख | २०४७ | राप्ती समाचार (२०४४) |

| | | | | |
|---|---|---|---|---|
| ६ | मेरो कविता | कविता | २०५० | अन्तर्ध्वनि (२०५०) वैशाख - जेठ |
| ७ | मन | कविता | २०५१ | बगर (२०५१) |
| ८ | मेरो गाउँ | कविता | २०५२ | गाउँघर सातदिने (२०५२) |
| ९ | धर्मप्रसाद | कथा | २०५२ | गाउँघर सातदिने (२०५२) |
| १० | समयको जीत | कथा | २०५२ | गाउँघर सातदिने (२०५२) |
| ११ | मोही नभएको किसान | कथा | २०५२ | गाउँघर सातदिने (२०५२) |
| १२ | ठूले झाँक्री | कथा | २०५२ | गाउँघर सातदिने (२०५२) |
| १३ | सानी | कथा | २०५२ | गाउँघर सातदिने (२०५२) |
| १४ | नयाँ हाकिम | कथा | २०५२ | गाउँघर सातदिने (२०५२) |
| १५ | सन्तवीर ससुराली हिड्यो | कथा | २०५२ | गाउँघर सातदिने (२०५२) |
| १६ | बुझौना चौधरी | कथा | २०५२ | गाउँघर सातदिने (२०५२) |
| १७ | चित्र हेरेर जुठे अघाएन | कथा | २०५२ | गाउँघर सातदिने (२०५२) |
| १८ | हाम्रा नानीहरू | गीत | २०४९ | हाम्रो सुसेलीहरू (२०४९) |
| १९ | सहिदको संझनामा | गीत | २०४९ | हाम्रो सुसेलीहरू (२०४८) |
| २० | छोरीको बिहे | कथा | २०५२ | गाउँघर सातदिने (२०५२) |
| २१ | उनी | कथा | २०५२ | गाउँघर सातदिने (२०५२) |
| २२ | गोपीको प्रश्न | कथा | २०५२ | गाउँघर सातदिने (२०५२) |
| २३ | निर्णय | कथा | २०५२ | गाउँघर सातदिने (२०५२) |
| २४ | छोरी | कथा | २०५२ | गाउँघर सातदिने (२०५२) |
| २५ | वीरबहादुर | कथा | २०५२ | गाउँघर सातदिने (२०५२) |
| २६ | समय | कथा | २०५३ | गाउँघर सातदिने (२०५३) |
| २७ | 'मेरी श्रीमती' | कविता | २०५३ | मध्यपश्चिमका कविता (२०५३) |
| २८ | चाहना | कविता | २०५३ | मध्यपश्चिमका कविता (२०५३) |
| २९ | निसाफ | कविता | २०५३ | मध्यपश्चिमका कविता (२०५३) |
| ३० | कुरै नबुझेपछि | कविता | २०५३ | मध्यपश्चिमका कविता (२०५३) |
| ३१ | भाग्य | कविता | २०५३ | मध्यपश्चिमका कविता (२०५३) |
| ३२ | लाछमणिया | कविता | २०५४ | मध्यपश्चिमका कविता (२०५४) |
| ३३ | सबिनाको लोग्ने | कविता | २०५४ | मध्यपश्चिमका कविता (२०५४) |
| ३४ | फूलहरू | कविता | २०५४ | दाङका सुसेलीहरू (२०५४) |
| ३५ | गजल | गजल | २०५४ | दाङका सुसेलीहरू (२०५४) |
| ३६ | आमाको तिलहरी | कथा | २०५४ | दाङका सुसेलीहरू (२०५४) |
| ३७ | सरूवा | कथा | २०५४ | दाङका सुसेलीहरू (२०५४) |
| ३८ | पैसा | कथा | २०५४ | दाङका सुसेलीहरू (२०५४) |
| ३९ | समाचार | कथा | २०५४ | दाङका सुसेलीहरू (२०५४) |
| ४० | प्रजातन्त्र | कथा | २०५४ | दाङका सुसेलीहरू (२०५४) |

| | | | | |
|---|---|---|---|---|
| | | | | वर्ष-३ अङ्क - २१, चैत्र- २८, |
| ४१ | उघारिएको झ्यालको पर्दा | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५५) |
| ४२ | अलग हुँदै गएको सम्बन्ध | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५५) |
| ४३ | महानता | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५५) |
| ४४ | भोजविक्रमको वक्तव्य | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५५) |
| ४५ | खोजी | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५५) |
| ४६ | जिज्ञासा | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५५) |
| ४७ | घमण्ड | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५५) |
| ४८ | मोहभङ्ग | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५५) |
| ४९ | घर | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) |
| ५० | तीज | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) |
| ५१ | रविबाबु | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) |
| ५२ | इज्जत | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) |
| ५३ | प्रजातन्त्र | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) वर्ष - ३, अङ्क ४५, असोज-९ |
| ५४ | पर्खाइ | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) वर्ष - ३, अङ्क ४५, असोज-९ |
| ५५ | आचरण | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) वर्ष - ३, अङ्क ४५, असोज-९ |
| ५६ | कुहिरो | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) |
| ५७ | पलायन | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) |
| ५८ | नयाँ हाकिम | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) |
| ५९ | धनमाया चुनाव लड्दैछिन् | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) |
| ६० | गौरिया | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) |
| ६१ | समय | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) |
| ६२ | पारापाचुके | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) |
| ६३ | चुनावको तारेख | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) |
| ६४ | इज्जत | कथा | २०५५ | दाङका सुसेलीहरू (२०५४) |
| ६५ | पार्टीको निर्णय | कथा | २०५६ | दाङका सुसेलीहरू (२०५६) |
| ६६ | डर | कविता | २०५६ | खसानी (२०५६) असोज |
| ६७ | पक्ष- विपक्ष | कथा | २०५६ | खसानी (२०५६) असोज |
| ६८ | यसरी हामी नजिक भयौ | कथा | २०५६ | खसानी (२०५६) असोज |
| ६९ | चिठी | कथा | २०५६ | खसानी (२०५६) असोज |
| ७० | साइन बोर्ड | कथा | २०५६ | खसानी (२०५६) असोज |
| ७१ | अविश्वास | कथा | २०५६ | खसानी (२०५६) असोज |
| ७२ | लैनो भैसी | कथा | २०५६ | खसानी (२०५६) असोज |

| | | | | |
|---|---|---|---|---|
| ७३ | मुक्ति | कथा | २०५६ | खसानी (२०५६) असोज |
| ७४ | सदरमुकाम | कथा | २०५६ | खसानी (२०५६) असोज |
| ७५ | चिन्ता | कथा | २०५७ | खसानी (२०५७) |
| ७६ | गजल | गजल | २०५९ | बहिङ्गा (२०५९) |
| ७७ | गजल | गजल | २०५९ | खसानी (२०५९) |
| ७८ | कविहरूको जीवनी | जीवनी | २०६० | राप्ती साहित्य परिषद्को इतिहास (२०६०) |
| ७९ | गजल | गजल | २०६० | बहिङ्गा, प्रलेसः २०६० |
| ८० | गाउँघरले मलाई जे दिएको छ | लेख | २०६१ | गाउँघर सातदिने, (२०६१) |
| ८१ | मैले कविता लेख्नै सकिनँ | कविता | २०६१ | बहिङ्गा प्रलेश : २०६१ |
| ८२ | गाउँ गुन्जिएँ | कविता | २०६१ | छन्दमा रापती, २०६२ |
| ८३ | अपराध | लघुकथा | २०६१ | गाउँघर सातदिने (२०६१) |
| ८४ | पश्चिमका जनताबाट ठूलो प्रेरणा पाएँ | लेख | २०६२ | गाउँघर सातदिने (२०६२) |
| ८५ | निरङ्कुशताले थिचिएको मेरो मन | लेख | २०६२ | गाउँघर सातदिने (२०६२) |
| ८६ | मुटुमाथि ढुङ्गो राखी हाँस्नु पऱ्या छ | लेख | २०६२ | गाउँघर सातदिने (२०६२) |
| ८७ | यसरी म उनका कुराहरू चुपचाप सुनिरहेँ | लेख | २०६२ | गाउँघर सातदिने (२०६२) |
| ८८ | साँच्चि जवाफ खोज्नैपर्छ | लेख | २०६२ | गाउँघर सातदिने (२०६२) |
| ८९ | 'मेरी श्रीमती' | कवितासङ्ग्रह | २०६२ | राप्ती साहित्य परिषद् (२०६२) |
| ९० | गजल | गजल | २०६२ | राप्ती साहित्य परिषद् (२०६२) |
| ९१ | जान्दै नजान्ने नारायण गुरु | कविता | २०६२ | अन्तर्ध्वनि, २०६२ : माघ- चैत्र |
| ९२ | कलमदेखि डराउनेहरूसँग | लेख | २०६१ | गाउँघर सातदिने (२०६१) |
| ९३ | कविहरू | कविता | २०६१ | राप्तीदूत |
| ९४ | भरोसा | लघुकथा | २०६१ | गाउँघर सातदिने |

यसरी भुवन देवकोटाको साहित्यिकयात्राका आभ्यासिक चरणका र प्रकाशनारम्भ चरणका सबै सिर्जनाहरू भेटिएजति सबै रचनाहरू सोधखोज गरी क्रमिक कालक्रममा सूचिकृत गरिएको छ तर उनका अझ अरू थुप्रै रचनाहरू पञ्चायतकालमा लुटिए र केही लुकाउने क्रममा आफै हराए र भए जति सबै

सिर्जनाहरू प्रकाशन हुन सकेनन् । उनका प्रकाशन गर्ने प्रमुख पत्रिकाहरू - 'गाउँघर सातदिने', 'अन्तर्ध्वनि', 'दाङका सुसेलीहरू', 'राप्तीदूत', 'सन्देश', 'खरानी', 'बगर' आदि हुन् । उनका यस कालका रचनाहरू ५/६ पङ्क्तिका जस्तै 'डर' (२०५६), कवितादेखि १०५ पङ्क्तिसम्मका करिब लामो कवितासम्मका जस्तै 'इमान बेचेको मानिस' ( २०६२) र 'मानिसहरू आइरहन्छन्' (२०६२) जस्ता १०५ पङ्क्ति भएका कविताहरू पनि प्रकाशित भएका छन् । वि.सं. २०३६ बाट औपचारिक रूपमा रचनाहरू प्रकाशित हुन थालेका देवकोटाका रचनाहरू फुटकर रूपमा मात्र धेरैजसो प्रकाशन भए तरसबै रचना भएका जति प्रकाशन नभई भूमिगत रहँदाको अवस्थामा रचित कतिपय रचनाहरू हराए पनि । उक्त समयमा छरिएर रहेका रचनाहरूबाटै उनले सङ्कलन गरी २०६२ सालमा 'मेरी श्रीमती' नामक कवितासङ्ग्रहमा प्रकाशन गरेका हुन् ।

देवकोटाको जीवनमा साहित्ययात्राको प्रकाशनको चरण सबैभन्दा महत्त्वपूर्ण काल बन्यो । उनका केही रचनाहरू तत्कालीन पञ्चायती सरकारको आँखाको कसिङ्गर भए र त्यही कारण उनी जेल परे भने कति समयसम्म भूमिगत रूपमा जीवन बिताउनु परे तापनि पक्राउ पर्नुभन्दा देश र जनताको मुक्तिका लागि जीवनलाई आश मारेर निरन्तर सङ्घर्षमा लाग्ने निर्णय गरी भूमिगत अवस्थाबाटै देश र जनताको लागि साहित्य र राजनीतिलाई कर्म क्षेत्रबनाई क्रियाशील भइ नै रहे । यस कालका रचनामा सामाजिक यथार्थको चित्रण, परिवर्तनको आह्वान्, विद्रोह, वर्गीय स्नेह, जीवनको पहिचान, सहिदको सम्झना, अन्तर्राष्ट्रिय आन्दोलनप्रतिको समर्थन आदि भावनाहरू अभिव्यक्त भएका छन् ।

### ४.३ उत्तरार्द्धकाल (वि.सं. २०६३ - हालसम्म)

भुवन देवकोटाको समग्र साहित्ययात्रा भित्रको वि.सं. २०६२ साल पछिको हालसम्मको साहित्यिक यात्रा केही स्वतन्त्र रूपमा अघि बढे पनि नेपालको इतिहासमा कायापलट गर्न सफल ऐतिहासिक जनआन्दोलन-२ (२०६२-०६३) मा झनै उनको

साहित्यिक र राजनीतिक जीवन महत्त्वपूर्ण, र फलदायी रह्यो । तत्कालीन ज्ञानेन्द्र सरकारले त्यो वेलाभन्दा अघिसम्म वाक् स्वतन्त्रता र स्वतन्त्र रूपमा देश र जनताको मुक्तिका लागि लेखिने साहित्यिक वातावरण र राजनैतिक गतिविधिमा पनि निगरानी गर्ने गर्थ्यो अर्थात् सफल जनआन्दोलनको समयभन्दा पछाडि वा जनआन्दोलनबाट गणतन्त्र स्थापनार्थ वातावरण फुकुवा बनिसकेपछि उनका रचनाहरू फुटकर रूपमा निरन्तर प्रकाशन भइरहेका छन् । उनले साहित्य यात्राको पूवार्द्धकालमा राजनीति र साहित्यलाई एकाकार रूपमा अगाडि बढाई समाज परिवर्तनको चाहना राख्दै गर्दा उनी जेल परेका हुन् । पछि पनि उनी भूमिगत जीवन यापन गरे । उक्त समयमा उनले रचना प्रकाशन गर्न नपाएर पनि साहित्यिक र राजनीतिक अभिव्यक्तिका लागि साहित्यिक लेख, कविता, गीत र राजनीतिक विचारहरू 'मितेरी साहित्यिक पत्रिका', नेपालगञ्जमार्फत् प्रकाशित गरे । फुटकर रूपमा अन्य पत्रिकाहरूमा पनि उनका साहित्यिक रचनाहरू प्रकाशित भएका छन् । यस कालमा उनी मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी क्रान्तिका निम्ति साहित्यिक क्षेत्रमा एक प्रगतिशील क्रान्तिका निम्ति साहित्यिक क्षेत्रमा एक प्रगतिशील क्रान्तिकारी उत्कृष्ट साहित्यिक स्रष्टा बने । यस कालमा उनी कठिन वर्ग सङ्घर्षको यात्रा गर्दा सिद्धान्त, दर्शन, विचार र व्यावहारिक जीवनशैलीमा एकरूपता अँगाले । देवकोटाले साहित्यको माध्यमबाट सामन्तवादी संरचना ध्वस्त गर्न सीमित शोषकहरूलाई समाप्त पार्न, सामन्तको राज्यव्यावस्था जरैबाट उखेली फाल्न तिनका विरूद्धमा शोषित पीडित जनतालाई सङ्गठित भएर आन्दोलनमा उत्रन कविता मार्फत् यसरी आह्वान गर्छन् ।

मान्छे हो अब उठ्नु पर्छ दुनियाँलाई उचाली उठ
मान्छे हो अब जुट्नुपर्छ मनको जालो चुडाली उठ
बञ्जाडी अति बेलुवा रूकुम औ सम्झी बिजौरी उठ
यदु नेत्र सुखानी औ मदनका भाका सुसेली उठ
युवा उठ किसान उठ घरका आमा दिदी हो उठ

साँच्चै नै अब देशको रूप नयाँ फेर्नु छ सप्पै उठ

('मेरी श्रीमती', २०६२)

देवकोटाका पूवार्द्धकालका विद्रोही चेतका रचनाहरूभन्दा यस कालका रचनाहरूमा बढी आक्रामक र उत्तेजित रूपमा तत्कालीन निरङ्कुश राज्यव्यवस्थाको राजनीतिक परिदृश्यलाई अभिव्यक्त गरिएको छ । उनले यस कालमा नेपालको इतिहासलाई सङ्क्षिप्त तवरले काव्यका रूपमा उतार्न खोजेका तर पनि उक्त प्रयत्न अधुरो भएको पाइन्छ । उनले आफ्नो साहित्यिक जीवनमा लामालामा पङ्क्तिका कवितासमेत लेखेका छन् । यी कविताहरूमा उनले २००७ साल पछिको प्रजातन्त्र र पञ्चायतकालीन अवस्थाको सामाजिक राजनीतिक चरित्रको यथार्थ चित्रण गरेका छन् ।

देवकोटाका यस कालका रचनाहरूमा भाषाशैली कलात्मक भए पनि बौद्धिक जटिलताले शाब्दिक आडम्बरले बोझिलो नभई सामान्य पाठकले पनि सजिलै बुझ्न सक्ने सरल भाषाको प्रयोग गरिएको छ । भावका दृष्टिले यस कालका रचनाहरू प्रगतिवादी धाराको क्रान्तिकारी चेतनाले युक्त छन् । उनले असमानताको चङ्गुलबाट मुक्त हुन आमा शोषित पीडित जनता र सर्वहारा किसानहरूलाई साहित्यिक रचनाका माध्यमबाट अभिप्रेरित गरेका छन् । देवकोटाले आफ्नो साहित्य र राजनीति दुबै जीवनमा सर्वाधिक चर्चामा आएको प्रगतिवादी साहित्यमा सफल बिम्बात्मक बनेको कविता 'मुठीहरू' यसै कालमा रचना गरेका हुन् । तर यो कविता वि.सं. २०६२ मा 'मेरी श्रीमती' कवितासङ्ग्रहमा प्रकाशित भएको छ । उनले यस कवितामा कडा सिद्धान्त र विचारका नक्कली हिमायतीहरूलाई व्यङ्ग्य प्रहार गरेका छन् । आफ्नो सहयात्री योद्धामा आउनुपर्ने विचार व्यक्त गर्दै आफ्नो सिद्धान्त, मान्यताबाट विचलन, पलायन, भएर समर्पण नगर्न र गर्ने कार्यको असहमति प्रकट गरेका छन् । प्रतिकूल अवस्थामा पनि विचार सिद्धान्त दर्शनमा अविचलित हुने अचल र अटल रहेर सङ्घर्षमा समर्पित योद्धालाई नै उनले मुठीहरूको संज्ञा दिएका हुन् ।

देवकोटाको साहित्ययात्राको उत्तरार्द्ध कालका प्रतिनिधि लेख, रचनाहरूको रचनाकाल र प्रकाशित लेख, रचनाहरूका प्रकाशन स्रोत र प्रकाशन समय यसप्रकार छ ।

| क्र.सं. | शीर्षक | विधा | रचनाकाल | प्रकाशन स्रोत र समय |
|---|---|---|---|---|
| १ | नानी हो | बाल कविता | २०६३ | गाउँघर सातदिने (२०६३) |
| २ | किन | लघुकथा | २०६३ | गाउँघर सातदिने (२०६३) |
| ३ | कर्फ्यू लागेको रात | मुक्तक | २०६३ | गाउँघर सातदिने (२०६३) |
| ४ | एक दुई तीन | कविता | २०६३ | नयाँ युगबोध राष्ट्रिय दैनिक, ०६३ |
| ५ | किन ? | लघुकथा | २०६३ | बहिङ्गा, प्रलेस, ०६३ |
| ६ | गिरीको दुसाध्य समयलाई नियाल्दा | कृति समीक्षा | २०६४ | गणतन्त्र राष्ट्रिय दैनिक, माघ ११ |
| ७ | मन भित्रको मझेरीमा उदाएका महरा | कृति समीक्षा | २०६४ | गणतन्त्र राष्ट्रिय दैनिक, माघ २५ |
| ८ | यसरी मेरो देश दुखि रहेछ | कविता | २०६४ | गणतन्त्र राष्ट्रिय दैनिक, फागुन |
| ९ | छोडपत्र | लघु कथा | २०६४ | गणतन्त्र राष्ट्रिय दैनिक, फागुन |
| १० | पाठकहरूको माया पाउन सफल अन्तर्ध्वनि | समीक्षा | २०६४ | गणतन्त्र राष्ट्रिय दैनिक, चैत्र, २८ |
| ११ | पुस्तान्तर उपन्यास एउटा गतिलो दस्तावेज | समीक्षा | २०६४ | गणतन्त्र राष्ट्रिय दैनिक, चैत्र, १५ |
| १२ | पार्टीको पत्र | कथा | २०६४ | अन्तर्ध्वनि, २०६४ श्रावण - अषाढ |
| १३ | विर्सनै नसकिने भैरहवाको यात्रा | संस्मरण | २०६४ | अन्तर्ध्वनि, २०६४ वैशाख - जेठ |
| १४ | अग्रासन (थारू भाषाको मासिक पत्रिका) | समीक्षा | २०६४ | गणतन्त्र राष्ट्रिय दैनिक चैत्र ८ |

| | | | | |
|---|---|---|---|---|
| १५ | असामयिक | लघुकथा | २०६५ | गणतन्त्र राष्ट्रिय दैनिक अषाढ, ६ |
| १६ | थारू साहित्यको उत्थानमा सहयोगी बनेको पुस्तक | कृति समीक्षा | २०६५ | गणतन्त्र राष्ट्रिय दैनिक साउन, १० |
| १७ | गजल | समीक्षा | २०६५ | गणतन्त्र राष्ट्रिय दैनिक वैशाख, २० |
| १८ | यो चाकडीको भाषा नभएर अरू के हो त ? | लेख | २०६५ | गणतन्त्र राष्ट्रिय दैनिक जेठ, २४ |
| १९ | अन्तर्ध्वनिको माघ चैत्र अङ्कलाई नियाल्दा | कृति समीक्षा | २०६५ | गणतन्त्र राष्ट्रिय दैनिक अषाढ - १३ |
| २० | प्यारा मदन- आश्रित | कविता | २०६५ | गणतन्त्र राष्ट्रिय दैनिक जेठ, ३ |
| २१ | म आफूलाई पटक पटक सोध्ने गर्छु के लेखौं ? | लेख | २०६५ | २०६५ गणतन्त्र राष्ट्रिय दैनिक वैशाख २० |
| २२ | सम्झनाका तरेलीमा कृष्ण सेन | संस्मरण | २०६५ | २०६५ गणतन्त्र राष्ट्रिय दैनिक जेठ १७ |

यसप्रकार भुवन देवकोटाका उत्तरार्द्धकालका रचनाहरूको सङ्कल गरी तिनको क्रमैसंग कालक्रमिक रूपमा उल्लेख गरिएको छ। यीबाहेक हालसम्म अन्य कुनै रचना प्रकाशन गरेका छैनन् तर उनी साहित्यिक लेख, रचना सिर्जना गर्ने र प्रकाशन गर्ने साधनमा भने उनी निरन्तर लागिनै रहेका छन् । भुवन देवकोटाले भूमिगत जीवनकालमा पनि यसरी नैपाली साहित्यका क्षेत्रमा कठोर परिस्थितिको सामना गरेर योगदान पुऱ्याएका छन् । उनी जीवनको अन्तिम घडीसम्म पनि राजनीति र साहित्यलाई एकैसाथ अँगालेर देश र जनताका लागि चेतना जगाउने उत्कृष्ट स्रष्टा बनेका छन् । अभागी कठोर भूमिगत यात्रामा पनि कत्ति विचलित नभएर सिद्धान्त, विचार र दर्शनअनुसार साहित्य सिर्जनामा लागेका व्यक्तित्व हुन् ।

भुवनको जीवनको पूवार्द्धकालमा वि.सं. २०३६ सालको किसान आन्दोलनमा तत्कालीन पञ्चायती स्थानीय प्रशासनले उनको घरमा छापा मार्‍यो । उनका घरमा रहेका सम्पूर्ण साहित्यिक रचनाहरू प्रहरीले लुटेर लग्यो । त्यसपछि उनका महत्त्वपूर्ण साहित्यिक कृति र रचनाहरू हराए । कही कतै कुनै कारणबाट बचेका र छरिएर रहेका कृति र रचनाहरूको प्राप्त अंशहरूका आधारमा यहाँ समग्र साहित्यिक यात्राको विवेचना गरिएको छ । उनको जीवनको उत्तरार्द्ध काल साहित्यको पनि उत्तरार्द्धकाल बनेको छ । उनले प्रारम्भदेखि साहित्यका विविध विधामा कलम चलाए पनि मूलरूपमा उनी कविता विधाकै क्षेत्रमा बढी चर्चित छन् । उनले कविता विधामा लामा कविता र कवितासङ्ग्रह पनि प्रकाशित गरेका छन् ।

भुवन देवकोटा नेपाली साहित्यको प्रगतिवादी धारका एक प्रमुख व्यक्तित्व हुन् । उनका रचनाहरूको सङ्ख्या कम भए पनि वैचारिक, सैद्धान्तिक भाव, गर्ने अभागीको विचार, सिद्धान्त, व्यवहार र व्यक्तिगत आचरणमा एकरूपता पाइनु उनको छुट्टै विशेषता हो । उनले जनताका विचार र भावना बोकेर समाजसेवामा हिंड्दाहिंड्दै हालसम्म ४९ औ वसन्त पार गरिसक्दा पनि उनी उत्तिकै सक्रिय छन् ।

## ४.४ निष्कर्ष

भुवन देवकोटा वि.सं. २०३४/०३५ बाट साहित्यका क्षेत्रमा प्रवेश गरी आफ्नो साहित्यिक यात्रामा हालसम्म निरन्तर रूपमा क्रियाशील भइरहेका छन् । उनले आफ्नो ४९ औ वर्षे अल्प जीवनमा आधाभन्दा बढी समय साहित्य क्षेत्रमा विताएका छन् । साहित्य यात्राको प्रारम्भिक समयमा सामान्य रूपमा अन्याय अत्याचारको विरूद्धमा केही कविता रचना गर्ने र सुनाउने गरेका भुवन देवकोटाले वि.सं. २०३६ सालबाट आफ्नो साहित्य यात्रालाई मार्क्सवादी विचारतर्फ मोडे । वि.सं. २०३६ बाट उनका विभिन्न उपनामले विभिन्न पत्रिकामा लेख, रचना विभिन्न विधागत रचनाहरू प्रकाशित भएका छन् । उनको साहित्य सिर्जना मूल रूपमा कविता विधामा नै बढी

भेटिन्छ । उनले ५/६ पङ्क्तिका फुटकर कवितादेखि १०५ पङ्क्ति सम्मका लामा कविताहरू रचना गरेका छन् । उनले विभिन्न भाषका विश्वचर्चित साहित्यकारहरूका रचनाहरूको अध्ययन गरी त्यसबाट प्रभाव ग्रहण गरेका छन् । उनका कविता रचनामा कतै पद्य रचनाको प्रयत्न रहे पनि प्रमुख रूपमा उनी गद्य कविका रूपमा देखा पर्छन् । पद्य रचनाका क्रममा उनले कतै पञ्चचामर छन्दमा, कतै झ्याउने लोक छन्दमा र सवाई छन्दमा कविताहरू रचना गरेका छन् । नेपालको इतिहासलाई सङ्क्षिप्त रूपमा काव्यमा उतार्ने प्रयत्न पनि उनले गरेका छन् । उनको साहित्यिक यात्रालाई राजनीतिक यात्राले मार्गनिर्देश गरेर जनप्रिय भए पनि प्रशासनिक दमनका कारणले उनका रचनाहरू प्रहरी हस्तक्षेपबाट लुटिएर नस्ट पारिए । यस शोधपत्रमा प्रतिकूल स्थितिबाट बचेका, भेटिएका सामग्रीहरूका आधारमा उनको समग्र साहित्यिक यात्राको अध्ययन गरी कालविभाजन गरिएको छ ।

यस आधारमा उनको साहित्य यात्रा प्रारम्भदेखि वि.सं. २०६२ सम्म पूवार्द्धकाल र उनको कृति प्रकाशन भएको समय वि.सं. २०६२ देखि हालसम्मलाई उत्तरार्द्धकाल मान्न सकिन्छ । उनका रचनाहरू वि.सं. २०३६ बाट फुटकर रूपमा प्रकाशन भए पनि कृतिका रूपमा र अन्य केही अंशहरू धेरै समयपछि मात्र प्रकाशन भएका छन् । उनका प्रकाशित कृतिहरू सङ्ख्यात्मक रूपमा थोरै भए पनि गुणात्मक छन् । उनको प्रकाशित कृति ‘मेरी श्रीमती’ (२०६२) कवितासङ्ग्रह हो ।

# पाँचौं परिच्छेद

# भुवन देवकोटाको कृतित्वको विश्लेषण

## ५.१ भुवन देवकोटा 'शरद देवकोटा'का कविता कृतिको विश्लेषण

साहित्यका विविध विधामध्ये कविता विधा अनुभूतिमूलक एक सिर्जनात्मक रचना हो । कविता भाषाको माध्यमबाट प्रस्तुत गरिने सिर्जनात्मक अभिव्यक्ति हो । कविले आफ्ना अनुभूतिलाई भावनाले खेलाएर कलात्मक तरिकाले लिपिबद्ध गरिएको लयात्मक अभिव्यक्ति कविता हो । कविताले एक अनुभूतिलाई अर्को संवेदनामा प्रवेश गराई बौद्धिक भावको प्रकटीकरण गराउँछ । कविता साहित्यको एक पुरानो विधा हो । कविताका अनेक प्रकारका परिभाषाहरू र सैद्धान्तिक मान्यताहरू रहेका छन् । कविता विधाको आधुनिक सैद्धान्तिक मान्यता अनुसार कविताका विभिन्न तत्त्वहरू रहेका हुन्छन् । कविता अनेक अवयव वा अङ्गहरूको मेलबाट निर्मित एउटा संरचनात्मक साहित्यिक विधा हो । कवितामा भाव, विचार वा घटनाको अभिव्यक्ति भएको हुन्छ । विशिष्ट लयात्मकताका कारणले गर्दा यो अन्य विधाभन्दा भिन्न प्रकृतिको हुन्छ । कविताको आफ्नै प्रकारको संरचना हुन्छ । कविताको शीर्षक, संरचना, विषयवस्तु लय, भाषाशैली, बिम्ब आदि तत्त्वहरूबाट यसको स्वरूप निर्माण हुन्छ । कविताको सैद्धान्तिक मान्यताअनुसार आउने यी कविताका प्रमुख तत्त्वहरूका आधारमा भुवन देवकोटाका कविताहरूमा पाइने विशेषताहरूलाई औंल्याउने प्रयास यहाँ गरिएको छ । यस क्रममा देवकोटाका कविताकृतिका शीर्षक संरचना, विषयवस्तु, लय विम्ब भाषाशैलीमा केन्द्रित भएर उनका कविताकृतिको विश्लेषण यस शोधपत्रमा गरिएको छ ।

भुवन देवकोटाले आफ्नो अधिकार खोज्न आफै मुठी कसेर जुलुसमा सामेल हुन्छन् भन्ने भावहरू व्यक्त गरेका फुटकर कविताहरू पनि रचेका छन् यसरी :

कति सुन्दर हुन्छ जिन्दगी
जब मानिसहरू आफ्नो अधिकार निम्ति
मुठी उठाएर जुलुसमा सामेल हुन्छन्
कति मनमोहक हुन्छ जीवन
जब मानिसहरू आफ्नो आस्थाको निम्ति
मुठी उठाएर उठ्न थाल्छन् ।

('मेरी श्रीमती' : ३०)

भुवन देवकोटाले मानिसहरूले आफ्नो मानवीय अधिकार प्राप्त गर्नको निम्ति जब मुठीहरू उठाएर आन्दोलन गर्न थाल्छन् अर्थात् कुनै पनि हक अधिकार हनन भएमा मानिसले सङ्गठित रूपमा विरोध गर्नुपर्ने कुरामा जोड दिएका छन् । त्यसो गरेमा मात्र मानिसको जीवन सुन्दर हुन्छ भन्ने भाव पोख्छन् । त्यसैगरी मानिसहरू आफ्नो गुमेको आस्था प्राप्त गर्नको लागि पनि मुठी उठाएर एकताबद्ध भई लड्नु पर्ने कुरा पनि कवि भुवन देवकोटाले आफ्ना कविताका उल्लेखित कविताशंमा अभिव्यक्त गरेका छन् ।

यसरी कवि देवकोटाले साह्रै सरल र मीठो भाषाशैलीमा गद्यात्मक ढाँचाका कवितामा मानवीय जीवन सापेक्ष रचनाहरू प्रस्तुत गर्छन् ।

## ५.१.१ 'मेरी श्रीमती' कवितासङ्ग्रहको विश्लेषण

### ५.१.१.१ प्रकाशनको प्रेरणा र पृष्ठभूमि

'मेरी श्रीमती' भुवन देवकोटा 'शरद देवकोटा' द्वारा रचित कविताहरूको सङ्ग्रह हो । यस सङ्ग्रहभित्र उनका वि.सं. २०३४ देखि २०६२ सम्मका जम्मा २८ वटा महत्त्वपूर्ण कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहमा उनले उनको भूमिगत समयमा रचित कविता देखि लिएर ऐतिहासिक लोकतान्त्रिक जनआन्दोलन - २ सम्मका समयमा रचित कविताहरू पनि सङ्कलित छन् । दाङमा घटेको चर्चित घटना

बिजौरी गोलीकाण्डको सन्दर्भलाई पनि समेटिएर सम्झना स्वरूप लेखिएको 'बहिनीलाई चिठी' शीर्षकको कविता गद्य लयमा ९४ पङ्क्तिमा रचना गरिएको कविता पनि यसै सङ्कलनभित्र परेको छ । यही कवितासङ्ग्रह नै उनको पहिलो र हालसम्मकै एक मात्र उत्कृष्ट पुस्तकाकार कृति हो ।

### ५.११.२ शीर्षक

'मेरी श्रीमती' कवितासङ्ग्रहको नाम यसै सङ्ग्रहभित्र पृष्ठ १ मा सङ्गृहीत कविता 'मेरी श्रीमती' शीर्षकको कविताबाट राखिएको हो । यस सङ्ग्रहको शीर्षकले अभिधात्मक भाव व्यक्त गरेको छ किनभने कवितामा 'मेरी श्रीमती' एक सामाजिक प्रचलनमा प्रयोग भइरहने र हुँदै आएको प्रचलित एवम् सोझो अर्थ बुझाउने सरल वाक्यांश हो । यस सङ्ग्रहभित्रका कविताका शीर्षकहरू छोटामा एक शब्ददेखि लामामा ६ शब्द सम्मका छन् । यस सङ्ग्रहमा रहेका एक शब्दका शीर्षकहरू 'डर', 'राजबन्दी', 'म', 'उठ', 'पारिजात', 'अध्याँरो', 'श्रद्धाञ्जली', 'गाउँ', 'मन', 'कविता', 'मुठीहरू', 'फूलहरू', 'प्रश्न' र 'तिमीसँग' हुन् भने दुई शब्दका शीर्षकहरू 'मेरी श्रीमती', 'बहिनीलाई चिठी', 'कविताको जन्मोत्सव', 'बन्दुकको विरूहद्धमा', 'प्रियसीलाई पत्र', 'मानिसहरू आइरहन्छन्', 'मेरो कविता', 'मेरी छोरी' र 'बाँकी छ' हुन् भने 'इमान बेचेको मानिस' हो र चार शब्द भएका शीर्षकहरूमा 'म पसलमा बसेको छु' र 'मैले कविता लेख्नै सकिनँ हुन्' । यसै गरी पाँच शब्दका शीर्षकहरूमा 'यसरी मेरो देश दुखिरहेको छ' र 'खै यो उमेर कस्तो कस्तो ?' हुन् । यसप्रकार यस सङ्ग्रहमा एक शब्दका शीर्षकहरू चौध ओटा, दुई शब्दका शीर्षकका कविताहरू नौ ओटा, तीन शब्दका शीर्षकको कविता एक वटा, चार शब्दका शीर्षका कविताहरू दुई वटा र पाँच शब्दका शीर्षक कविताहरू पनि दुई वटा मात्र गरी जम्मा २८ वटा शीर्षकहरू सङ्गृहीत छन् ।

कवि देवकोटाका यी कविताहरूमा सामाजिक विषमताको विरोध, सङ्घर्ष, परिवर्तन, आक्रोश आदि जस्ता भावको अभिव्यक्ति छ । यी सबै कार्यका लागि निर्भीक, अटल, अविचलित दृढ योद्धाको खाँचो पर्छ । कविताका शीर्षक अनुसारका भावहरू यस कवितासङ्ग्रहमा अभिव्यक्त गरिएका छन् । प्रस्तुत 'मेरी श्रीमती' कविता पनि 'मेरी श्रीमती' प्रतिनिधिमूलक शब्दको माध्यमबाट जुनसुकै एक कुशल गृहिणीलाई सङ्केत गर्न खोजेको छ । श्रीमतीहरू श्रीमान्को नजरमा योग्य बन्न र आफ्नो घर व्यवहार चलाउन चरित्रवान् भएर रहन्छन् र उनीहरू आफ्नो पीडाहरू पनि पोख्न चाहन्नन् भने लोग्ने मानिसले चरित्रहीन र नालायक काम गर्दा पनि श्रीमतीहरू चुपचाप सहनुमात्र त के मध्यरातमा रक्सी खाएर घरमा आउँदा पनि उल्टै सम्मानपूर्वक सेवा पुऱ्याउनु पर्ने हुँदा उनीहरू साह्रै लक्षणका हुन्छन् भन्ने जस्ता भावहरू व्यक्त भएको तथा श्रीमतीकै प्रशसात्मक वर्णनमा कविताको भाव केन्द्रित भएको हुँदा उक्त 'मेरी श्रीमती' शीर्षक सार्थक देखिन्छ ।

### ५.११.३ संरचना

भुवन देवकोटा 'शरद देवकोटा' को 'मेरी श्रीमती' (२०६२) कवितासङ्ग्रहमा ५/६ पङ्क्तिका छोटा कविताहरूदेखि १०५ पङ्क्तिसम्मका लामा कविताहरू सङ्कलित छन् । २८ वटा कविताहरू भएको ४२ पृष्ठको यस कवितासङ्ग्रहको परिचय नारायणप्रसाद शर्माले पृष्ठ 'क' मा 'शरदका कविता पढ्दा' शीर्षकको भूमिकाबाट गराएका छन् भने त्यसैगरी अर्को साहित्यकार सूर्यनाथ सापकोटाले पनि यसै कवितासङ्ग्रहको भूमिका 'मेरी श्रीमती' सरसर्ती हेर्दा शीर्षकबाट गराएका छन् । यस कवितासङ्ग्रहभित्रका सबै कविताहरू वर्गीय अडान भएको प्रगतिवादी धारणामा स्पष्ट छन् तैपनि विषयगत हिसाबले विविध किसिमका कविताहरू यस सङ्ग्रहमा समाविष्ट छन् (शर्मा, २०६२ : ३) ।

'मेरी श्रीमती' कवितासङ्ग्रहमा सङ्कलित २८ वटा कविताहरूमध्ये पाँचवटा मात्र पद्य कविताहरू परेका छन् । ती कविताहरू 'श्रद्धाञ्जली' (पृ. १०), 'पारिजात' (पृ. १३), 'प्रियसीलाई पत्र' (पृ. २८) र 'बाँकी छ' (पृ. ३५) हुन् । १/२ वटा मुक्तक शैलीका लघुकविता बाहेक अन्य सबै सङ्कलित कविताहरू गद्य शैलीमा रचिएका छन् । यस सङ्ग्रहको बाहिरी आवरणलाई हेर्दा घरको एउटा भान्सा कोठामा गृहिणीले दिक्क लागेको अवस्थामा पुर्पूरोमाथि हात राख्दै चूल्होतिर टोलाइरहेकी र चूल्होदेखि नजिकै भान्सामा प्रयोग हुने दराज छ । उक्त दराजमाथि लल्टिन राखिएको छ भने कोठामा एउटा भ्याल छ जहाँबाट बाहिर टाढा सूर्य उदाउँदै गरेको (केही भाग पहाडमा देखिएको) पहाडको दृश्य तथा पहाडमाथि चराहरू पङ्क्तिबद्ध उडिरहेको देखिन्छन् भने आवरणको तल्लो भागको दायाँ छेउमा कविको नाउँ लेखिएको छ (शर्मा, २०६२ : ३) ।

यस कवितासङ्ग्रहको संरचनालाई बाह्य संरचना र आन्तरिक संरचनामा विभाजन गरी विस्तृत रूपमा विश्लेषण गर्न सकिन्छ ।

### ५.१.१.३.१ बाह्य संरचना

भुवन देवकोटाको 'मेरी श्रीमती' कवितासङ्ग्रंह जम्मा ४२ पृष्ठको छ । यस सङ्ग्रहको अगाडिको आवरण पृष्ठको माथिल्लो भागमा नीला अक्षरले सङ्ग्रहको नाम 'मेरी श्रीमती' लेखिएको छ । सङ्ग्रहको पछाडिको आवरण पृष्ठ सादा (सेतो रङ) प्रयोग गरिएको छ र त्यसमाथि केही पनि लेखिएको छैन । आवरण पछिको पहिलो पृष्ठमा कवितासङ्ग्रहको नाम 'मेरी श्रीमती' प्रकाशन वर्ष २०६२ असार महिना र प्रकाशन ( राप्ती साहित्य परिषद् दाङ) लेखिएको छ । दोस्रो पृष्ठमा प्रकाशकीय तथा कवितासङ्ग्रहको परिचय भूमिकाका रूपमा साहित्यकार नारायणप्रसाद शर्माद्वारा शरदका कविता पढ्दा शीर्षकमा पृष्ठ तेस्रोमा लेखिएको छ भने त्यसैगरी चौथो पृष्ठमा

भूमिकाका रूपमा साहित्यकार सूर्यनाथ सापकोटाद्वारा ''मेरी श्रीमती' सरसर्ती हेर्दा' शीर्षकमा लेखिएको छ । त्यसैगरी पाँचौं पृष्ठमा कवि भुवनले स्वयम् 'आफ्नो भनाइ' शीर्षकमा आफ्नो मनका कुरा व्यक्त गरेका छन् । कवितासङ्ग्रहको यस्तो परिचयात्मक खण्ड पछाडि छैटौ पृष्ठमा विषयसूची राखिएको छ । सङ्ग्रहको पृष्ठ १ मा 'मेरी श्रीमती' शीर्षकको कविताबाट देवकोटाका कविताहरू सङ्कलित हुँदै अट्ठाईसौ क्रममा 'मैले कविता लेख्नै सकिनँ' शीर्षकको लामो कविता ३३ हरफे कविता पृष्ठ ४२ मा लेखिएको छ । यही कविताबाट नै यो सङ्ग्रह समाप्त भएको छ । यस सङ्ग्रहको प्रकाशन गर्ने संस्था, दाङ जिल्लाको घोराही स्थित राप्ती अञ्चलकै ठूलो साहित्यिक संस्था राप्ती साहित्य परिषद् हो जसले यस कवितासङ्ग्रहलाई २०६२ असार महिनामा प्रकाशनमा ल्याएको हो ।

'मेरी श्रीमती' कवितासङ्ग्रहका कविताहरूलाई अध्ययन गर्दा यहाँ भएका सबै कविताहरूको रचना समय र प्रकाशन भएका कविताहरूको प्रकाशन समय र स्रोत स्पष्ट उल्लेख गरिएको छैन भने केही कविताहरू भने प्रकाशन समय र सन्दर्भसमेत उल्लेख गरिएको छ । यस सङ्ग्रहभित्रका कविताहरू वि.सं. २०३४ देखि २०६२ सम्म रचना भएका हुन् । सङ्ग्रहभिका कविताहरूको आयामगत अध्ययन गर्दा सबैभन्दा छोटो आयामको कविता वि.सं. २०४२ मा रचित 'डर' शीर्षकको कविता हो । यो कविता छ हरफे मात्र छ भने सबैभन्दा बढी आयामको कविता वि.सं. २०४५ मा रचना गरिएको कविता 'इमान बेचेको मानिस' र वि.सं. २०४५ मै रचिएको कविता 'मानिसहरू आइरहन्छन्' शीर्षकको कविता हो । यी दुबै कविताहरू १०५ पङ्क्तिका रहेका छन् । समग्र कविताको आयामगत सूचीमा पाँचदेखि पच्चीससम्मका कविताहरू ८ वटा छब्बीसदेखि छपन्न सम्मका चौधओटा सन्ताउन्नदेखि एकासीसम्मका चारओटा र एकासीदेखि एकसय पाँचसम्मका तीनओटा कविताहरू देखिन्छन् । यस सङ्ग्रहभित्र सङ्कलित कविताहरूमध्ये वि.सं. २०३६ सालदेखि वि.सं. २०६२ सालसम्म विभिन्न स्थानीय र राष्ट्रिय स्तरका पत्रिकाहरूमा प्रकाशित भएका कविताहरू २७ ओटा छन् ।

यस सङ्ग्रहभित्रका ३ ओटा कविता साथीको (पारिजात) को सम्झनामा लेखिएका छन् । जसमा 'श्रद्धाञ्जली' नेत्रलाल पौडेल 'अभागी' को सम्झनामा र 'बहिनीलाई चिठी' विजौरी गोलीकाण्डमा मृत्यु भएका साथीहरूको सम्झनामा लेखिएका कविता हुन् । पारिजातको संम्झनामा लेखिएको भन्ने कुरा खुट्टे टिप्पणीमा उल्लेख गरिएको छ भने 'मन' कविताको खुट्टे टिप्पणमा प्रजातन्त्रको पुनर्वहालीपछि रचना गरिएको भनेर टिप्पणी गरिएको छ ।

### ५.११.३.३ आन्तरिक संरचना

प्रस्तुत कवितासङ्ग्रहको आन्तरिक संरचनाको अध्ययन गर्दा यस सङ्ग्रहभित्रका कविताहरूको भाषाशैली भाव विचारका साथै अन्तर्लय तथा रूपतत्त्वलाई प्रथामिकता दिइएको छ । यस सङ्ग्रहमा सङ्कलित कविताहरू स्वतन्त्र रूपमा आएका छन् । कविताहरूमा परम्परावादी कठोर शास्त्रीय नियमलाई कुनै महत्व नदिएर प्रगतिवादी भावले भरिएका सिर्जनामा गद्य परम्परालाई स्वीकारिएको छ । कविताभित्र वर्गीय द्वन्द्वको स्पष्टधारणा प्रकट भएको छ । शास्त्रीय नियममा मात्र ५ ओटा कविता सङ्कलित छन् तर बाँकी जति सबै कविताहरू गद्य शैलीमै छन् । कवितामा सामाजिक विषमतालाई अङ्गालेर समाजमा जागरण ल्याउने प्रयत्नको आह्वान गरिएको छ । कविताले आफ्नो भावभिव्यक्तिमा वर्गीय प्रेमदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रेमको सहज प्रस्तुति गरेका छन् । कवि देवकोटाको यस सङ्ग्रहमा सङगृहीत कवितामा सरल भाषाको प्रयोग स्थानीय कथ्य भाषाको प्रयोग, नेपाली झर्रा शब्दको प्रयोगका साथमा संस्कृत तत्सम शब्दका र आगन्तुक शब्दका प्रशस्त प्रयोग भएका छन् । सङ्ग्रहका सबैजसो कविताहरू स्वतन्त्र र यथार्थ परक ढङ्गले प्रस्तुत भएका छन् । वास्तविक घटनालाई कलात्मक ढङ्गले प्रस्तुत गर्दा बीचबीचमा केही अलङ्कारको उचित प्रयोग गर्न पनि कविले भुलेका छैनन् । कवितालाई कलात्मक बनाउन सहज रूपमा कतै उपमालङ्कारको प्रयोग गरिएको छ । कविताका भावनालाई लयात्मक तुल्याउन अनुप्रासको पनि प्रयोग गरिएको छ । भावलाई रसमय

बनाउन, वीर, वीभत्स, करूण रसको पनि उपस्थिति कवितामा सहजै भएको छ । कविले कवितामा कुनै परम्परावादी शास्त्रीयताको प्रभाव नदेखाई भावना र कल्पनाको भासबाट आफूलाई मुक्त पारेका छन् । उनले आफ्नो कविताहरू सामाजिक विकृति र विसङ्गतिलाई मार्क्सवादी साहित्यको प्रभाव ग्रहण गरी यथार्थवादी प्रगतिवादी भावधारामा प्रस्तुत गरेका छन् । गद्य शैली अङ्गाल्दा शब्द, पद, पङ्क्ति र अनुच्छेदको वितरणमा समानुपातिकता पाइदैन । कवि देवकोटा परम्परावादी शास्त्रीय मान्यताको अनुशासनमा रहेर कविता रचना गर्ने कवि नभई स्वतन्त्र यथार्थवादी कवि हुन् । कवि देवकोटा वस्तुगत तथ्य र सामाजिक घटनालाई अँगालेर मुक्त गद्य लयमा कविता रचना गर्ने प्रगतिवादी कवि हुन् । त्यसैले उनका कविताको आन्तरिक संरचनामा प्रगतिवादी भाव वर्गीय द्वन्द्व, सरल भाषा मुक्त लयमा सङ्घर्ष परिवर्तनको भाव पाइन्छ ।

### ६.११.४ लयविधान

कविता विधालाई परिचित गराउने प्रमुख तत्त्व लय हो । छन्द्रोबद्ध पद्य कवितामा लयात्मकता बढी पाइन्छ भने छन्दमुक्त गद्य कविताको लयात्मकतामा केही कमी हुन्छ । कवि देवकोटाको प्रस्तुत कवितासङ्ग्रहमा 'श्रद्धाञ्जली', 'पारिजात', 'प्रियसीलाई पत्र', 'बाँकी छ' र 'म' शीर्षकमा पाँच ओटा कविता मात्र पद्य लयमा अन्य २३ ओटा कविता छन्दमुक्त गद्य लयमा रचना गरिएका छन् । कविको यस सङ्ग्रहमा सङ्कलित कविताहरूको अध्ययन गर्दा ती पद्य कवितामा पङ्क्तिपुञ्जका स्तरमा पङ्क्ति र वर्णको सङ्गति मिलेर अन्त्यानुप्रासको सङ्गतिले लयात्मकता सिर्जना गरेको छ । कवि देवकोटाका २३ ओटा छन्दमुक्त गद्य कविताहरूमा कविले आफ्नो अनुभूतिहरूलाई, आक्रोशहरूलाई, विचार, दर्शन र सिद्धान्तहरूलाई वर्गीय स्नेहरूका रूपमा अभिव्यक्त गरेका छन् । उनका छन्दमुक्त गद्य कविताहरूमा अलङ्कार, वाक्य ढाँचा, शब्द, ध्वनि र पदसङ्गतिमा भएका विचलन लय, उत्पादन गरेका छन् । यी कविताहरूमा ध्वनि एवम् अर्थबाट आन्तरिक लयको सिर्जना भएको छ । उनका गद्य

कवितामा सहज रूपमा अनियोजित र स्वतः स्फूर्त तरिकाले अनुप्रासको संयोजन भई कविता लयात्मक बनेका छन् ।

प्रस्तुत सङ्ग्रहका कविताहरूमा प्रयोग भएका शब्द, भाव र अर्थले कवितालाई लयात्मक बनाए पनि उनका कविताहरूमा आध्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको सहज उपस्थितिले कविताहरू लयात्मक बनेका छन् ।

जीवन यहाँ कसैको आलुको तौल बराबर भइरहेको छ
जीवन यहाँ कसैको पिडालुको तौल बराबर भइसकेको छ
सुनका सिक्का र नुनका दिक्का भएर
जीवन यहाँ कसैको पिडालुको तौल बराबर भइरहेको छ

('मेरी श्रमती', पृष्ठ, १२ : ५- ८ पङ्क्ति)

यस कवितामा आद्यानुप्रासका रूपमा 'जीवन यहाँ कसैको' मध्यानुप्रासका रूपमा 'आलुको तौल' र अन्त्यानुप्रासका रूपमा 'बराबर भइरहेको छ' जस्ता शब्दहरू दोहोरिएर लयात्मकताको सिर्जना भएको छ । यसैगरी उनका कवितामा शब्द पङ्क्ति र अनुच्छेदको विचलनको एवम् शब्द, ध्वनि, अर्थगत भावले लयात्मकता पैदा गरेको देखिन्छ ।

त्यसैगरी देवकोटाका कविताहरूमा टुक्रे शब्दगत पङ्क्तिहरूमा रचिएका भावगत लयात्मक कविताहरू पनि यस सङ्ग्रहभित्र समेटिएका छन् ।

फूलहरू
कयारीभित्रै बन्दी भएर पनि खुलिरहेका छन्
धेरै भयो
फूलहरूको सौन्दर्य हेरेर मनहरू हाँसेकै छन्
फूलहरूको सौन्दर्य चोरेर तनहरू नाचेकै छन्

('मेरी श्रीमती', पृष्ठ ३४)

प्रस्तुत यी पङ्क्तिहरूमा शब्द, वर्ण, मात्रा र वाक्य विचलित छन तैपनि यहाँ पङ्क्तिहरूमा प्रयोग भएका शब्दहरू फूलहरू, क्यारीभित्रै बन्दी, धेरै, सौन्दर्य, मन जस्ता शब्दका भाव र अर्थले लयात्मक बनाएर पाठकको मनलाई प्रभावित र जागरूक बनाएको छ ।

### ५.१.१.५ भाषाशैली

कविका मनमा रहेका भावनाहरूलाई कलात्मक कौशलका साथ प्रस्तुत गरिने लिपिबद्ध अभिव्यक्ति नै भाषाशैली हो । कविताको भाषाशैली कलात्मक, रागात्मक, आलङ्कारिक, लयात्मक आदि कुराले युक्त हुन्छ । कवि देवकोटाको प्रस्तुत सङ्ग्रहका कविताहरूमा लयात्मक र कलात्मक गुणले ओतप्रोत भाषिक विन्यास छ । यस सङ्ग्रहका कविताहरूमा प्रगतिवादी भावनाको विस्तार गरी सङ्क्षेपलाई विस्तारमा समेट्न सक्ने क्षमता भएका असामान्य गतिका वर्ण, शब्द, पद, लय, पङ्क्ति र अनुच्छेदमा अन्तर्लयात्मक र अन्तः सङ्गीतात्मक भाषाको प्रयोग गरिएको छ । 'मेरी श्रीमती' कवितासङ्ग्रहमा समग्र भाव प्रतीकात्मक र व्यङ्ग्यात्मक प्रकारको छ । यस भित्रका कवितामा कविले सरल र सुबोध भाषाशैलीको प्रयोग गरेका छन् ।

प्रस्तुत कवितासङ्ग्रहमा रहेका कवितामा तत्सम, आगन्तुक अनुकरणात्मक, स्थानीय भाषाका शब्दहरूको प्रयोग गरी सामान्य पाठकले पनि बुझ्न सक्ने गम्भीर अर्थ र भावयुक्त सरल भाषाशैलीको प्रयोग गरिएको छ । सङ्कलित कविताहरूमा अर्पण, अभिशाप, असाध्यै, अशान्त, आक्रमण, आत्मदाह, इतिहास, इमान, कलम, क्रान्ति, गुण, गृहलक्ष्मी, गृहिणी घृणा, ज्योति, जीवन, तन, द्वन्द्व, दीप, दीपावली, नव, नाना, निर्भीक, पुष्प, प्रजातन्त्र, पथ, पाउ, पनि, पाठशाला, प्रीति बन्छन् वन, वर्तमान, प्रिय, र वास्तवमा, विजय, वीर, विरूद्ध, विरोध, वेदना, वैरी, मर्द, मधुर, माधुर्य, मृत्यु, यौवन, ऋण, सगरमाथा सुशील, स्वर्णिम, षडयन्त्र, शरीर, शालिक, शिखर, शिर, शिशु, शोक, श्रद्धा, श्रद्धाञ्जली, श्रमिक, श्रीमती जस्ता तत्सम शब्दहरूको बढी प्रयोग

गरिएको छ भने आज, आगो, आँसु, काठ, ठूलो, दूध, नौला, निधार, पहिलो, परिवेश, फूल, विजुली, बिहान, भाइ, भाँडा, भात, मान्छे, रगत, रात, रातो, संसार, शङ्का, हात, जस्ता धेरै तद्भव शब्दहरूको पनि प्रयोग गरिएको छ । यस कवितासङ्ग्रहमा अदम्य, अधिकार, आँगन, आतङ्क, आस्था, आरोप, आली, आवाज, इज्जत, इतिहास, इन्क्लाव, कजाउन, कर्फ्यु, कार, कारागार, काला, किताव, किनकी, किल्ला, कोठा, कोल, कैदखाना, खण्डहरू, खाम, खेत, गहना, गाउँ गाली, गीत गोधुली, गोरू, घडी घायल, चामल, चिठी, चुनाव, छहरा, छाती, छाप्रा, जाल, जुलुस, जेल, टुहुरो, टि.भी., टोपी, ढोका, डर डोको, ताउना, तारा, तारिक, दाग, दाल, दिन, दुःखी, देवता, दोष, धर्ती, धारणा, धौसी, नदी, निश्चल, नेता पर्धेंरी परिवर्तन पाउजु प्रशंसा, पिँजडा, पीडा, पुजारी, पुतली, प्रेम, प्रजातन्त्र, बन्दुक, बन्दी, व्यथा, विरोध, विसञ्चो, विश्वास, बैठक, भाका, भान्सा, भिख, भैलो, मन, मन्दिर, माटो, मानव, मालिक, माली, मोटर, मौसम, राजनीति, राष्ट्र, रेडियो, रोल्पा, नाली, लाल्टिन, लुकामारी, सजिलो, सडक, सपना, समय, समाचार, संरक्षण, सर्वस्व, स्वतन्त्र, सहभागी, सहर, स्वीकार, सहिद, स्कुल, स्टिल, साहु, सास्ती, सिपालु, सुन्दर, सहर, शक्ति, हजुर, हरपल, हैकम जस्ता धेरै आगन्तुक शब्दहरू प्रयोग गरिएका छन् । त्यसैगरी अरिङ्गालको गोलो हुनु, आँखी हुनु, आश चाट्नु, ओठले लेपप्याउनु, कमाई खाने भाँडो बनाउनु, धारेहात लगाउनु, पुस माघको घाम झै हुनु, बाइलो हुनु, भोकभोकै मर्नु, जस्ता टुक्काको प्रयोग पनि यस सङ्ग्रहका कविताहरूमा गरिएको छ भने नेपाली झर्रा शब्दहरू काल्ना, धामी-झाँक्री, नाङ्गै नाचे बुङगैनाचे, भूत-बोक्सी पनि प्रयोग गरिएको छ । अलमल्ल, झलमल्ल, झिलीमिली, लुटुक्क, सुटुक्क जस्ता अनुकरणात्मक शब्द र घर, खेत, दिन जस्ता मूल शब्दका साथै गग्रेटो, घडेरी, दैनिक, मझेरी, नैतिक जस्ता व्युत्पन्न शब्द तथा क्यावात ! छि ! छि ! स्याबास ! जस्ता विस्मयादि बोधक शब्दसमेत प्रयोग गरिएका छन् । नाना, माम जस्ता बालबोली र अधकल्चटो, आटो, कमैयाकमलहर, दगुर्नु, फत्कँदै, यौटा जस्ता कथ्य भाषका स्थानीय भाषिकाका शब्दहरू पनि कविले यस सङ्ग्रहमा प्रयोग गरेका छन् ।

कवि भुवन देवकोटाका कविताहरू शाब्दिक आडम्बर, छन्द र तुकबन्दीको कसरत र पाण्डित्य प्रदर्शन नभएका जनता जस्तै सरल, निश्चल र रमाइला छन् । यस सङ्ग्रहमा सङ्कलित कविताहरू कविको हृदयबाट सहज रूपमा निस्किएका छन् । सजिलै कुराकानी गरे जस्तो सिङ्गै वातावरणलाई नै टिपेर सरल भाषाशैलीमा प्रस्तुत गरिएका छन् (शर्मा, २०६२ :३) । नयाँ चेतना, नयाँ भावना र नयाँ आवश्यकताको अध्ययन गर्दा यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा नयाँ शैलीको प्रयोग भएको छ । यसलाई नयाँ जनवादी शैलीका कविताहरू भन्न सकिन्छ । जनताले बुझ्ने सरल भाषा, सरल बिम्ब, सरल उपमा, सहज अभिव्यक्ति यस शैलीका विशेषता हुन् । यी कविताहरूमा यो नयाँ जनवादी शैलीको प्रयोग भएको छ ।

प्रस्तुत सङ्ग्रहका कविताहरूमा सरल भाषा शैलीमा सामाजिक यथार्थको सहज चित्रण गरिएको छ । तार्किक भाषा, सामान्य वाक्य गठन, न्यून सङ्गठित, गतिहीन, ध्वन्यात्मक, लयात्मक कविताहरू, प्रतीकात्मक र व्यङ्ग्यात्मक प्रकारका कविताहरू प्रस्तुत सङ्ग्रहमा प्रस्तुत भएका छन् ।

### ५.१.१.६ बिम्बालङ्कारको प्रयोग

कवितालाई जीवनमा दिने प्रमुख तत्त्व बिम्ब हो । बिम्ब कवि कल्पनाको प्रतीक मात्र नभएर पाठकका अनुभूतिको व्यञ्जना पनि हो । कवितामा विम्बद्वारा सिर्जित कलात्मकताले संवेदनशील बनाउने वस्तुलाई दृश्यमान तुल्याउँछ । बिम्बको अध्ययन विश्लेषणविना कविताको भित्री मर्मलाई छुन कठिन हुन्छ (लुइटेल, २०६० : १२६) । कवि भुवन देवकोटाले 'मेरी श्रीमती' कवितासङ्ग्रहमा कविले सरल भाषा र सरल बिम्बको प्रयोग गरेर कवितात्मक सुन्दरता कायम गरेका छन् । कविले दैनिक जनजीवनमा प्रयोग हुने जीवन जगत् र वस्तुजगत्का अनेक बिम्बहरूलाई आफ्नो अनुभवका आधारमा प्रयोग गरेका छन् । देवकोटाले जीवनजगत् र वस्तुजगत विसङ्गतिका अनेक पक्ष र सन्दर्भहरूको वर्णन सिधैं र स्मृतिजन्य बिम्बहरूका

माध्यमबाट सहजरूपमा पूरा गरेका छन् । कवि देवकोटाले भौतिक जगतको अनुभूति गराउनका लागि यथार्थ जगत्को शब्दचित्र प्रयोग गरेका छन् । प्रस्तुत सङ्ग्रहमा सङ्कलित कविताहरूमा शोषित पीडित जनताका कथा व्यथालाई समेटिएको हुनाले सामान्य पाठकको मनमा प्रभाव पार्नका लागि सफल बिम्बको प्रयोग गरेका छन् । कविले बिम्बलाई शाब्दिक र आलङ्कारिक तरिकाले सामान्य उपयोग गरेर पाठकलाई जीवनजगत् र वस्तुवजगत्को यथार्थबोध गराएका छन् ।

'मेरी श्रीमती' कवितासङ्ग्रहका कविताहरू सामाजिक विषमता, परिवर्तन प्रकृति, जीवनदर्शन, शत्रुता, मित्रता, विभिन्न चुनौतीहरू, धर्म, संस्कृति, परम्परा आदि विषयसँग सम्बद्ध छन् । कवि देवकोटाले रचना गरेका प्रस्तुत सङ्ग्रहका कविताहरूमा प्रयुक्त बिम्बहरूको सहज र स्वतः स्फूर्त रूपमा बाह्यान्तरिक लय र अर्थगत चमत्कारका साथै कविताको सौन्दर्य बढाएका छन् । प्रस्तुत सङ्ग्रहका कविताहरूमा कवितालाई सौन्दर्यपूर्ण, आकर्षक, लयात्मक र प्रभावकारी बनाउन अनुप्रास, उपमा, रूपक, सन्देह, विषम, रूपकातिशयोक्ति आदि शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग भएको छ । प्रस्तुत सङ्ग्रहका कविताहरूमा प्रयोग भएका प्रमुख विम्बालङ्कारका अंशहरूलाई निम्नानुसार देखाउन सकिन्छ ।

### ५.१.१.६.१ अनुप्रास

किन कोही सिरानीमा हर्षको रूई भरेर मस्त सुतिरहेछ यतिबेला
किन कोही आँगनमा अन्यायको विस्कुन छरेर रूङिरहेछ यतिबेला ?
भरी कलस राखेर ढोकाको दायाँ बाँया
किन कोही दुम्सीका सन्तानहरूलाई स्वागत गरिरहेछ यतिबेला ?

('मेरी श्रीमती', पृष्ठ : २७)

शब्दमा चमत्कार ल्याएर शब्दको सुरु, मध्य र अन्त्यमा एउटै व्यञ्जन वर्णको आवृत्ति भएको रचना अनुप्रासयुक्त हुन्छ । प्रस्तुत अंशमा अनुप्रासका भेदहरू

आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको कुशल संयोजन भएको छ । अंशको पहिलो र दोस्रो पङ्क्तिका सुरुमा आएका किन कोही किन कोही शब्दले आद्यानुप्रास, सुतिरहेछ, रूङिरहेछ शब्दले मध्यानुप्रास र यतिबेला, यति बेला शब्दले अन्त्यानुप्रासको संयोजनमा सफलता मिलेको छ ।

### ५.११.६.२ यमक अलङ्कार

अलिकति विसञ्चो भएको कुरा भन्नु हुँदैन उसले
किनकि ऊ त श्रीमती हो
सञ्चो भए पनि विसञ्चो भए पनि
हरबखत मेरै मुहारमा व्यस्त खै कति गुण गाउँ र मैले उसको

(पृष्ठ : १)

यहाँ प्रस्तुत कवितांशमा उही क्रममा भिन्न अर्थ भएका सञ्चो, विसञ्चोमा स्वर र व्यञ्जनको पुनरावृत्तिभई यमक अलङ्कार भएको छ ।

### ५.११.६.३ श्लेष अलङ्कार

दाजु म एक्लो छु भन्यौ मैले साथ दिएँ
दाजु म अनपढ छु भन्यौ मैले पढ्न सिकाएँ ।

(पृष्ठ : १९)

प्रस्तुत हरफमा दाजु आफै एक्लो भएको हो वा दाजुले मलाई एक्लो भएको कुरा भनेको हो । प्रष्ट नभएर दोहोरो अर्थ आएकोले श्लेष भएको छ । त्यसैगरी दोस्रो पङ्क्तिमा दाजुको आफै अनपढ भएको हो वा दाजुले मलाई अनपढ भएको कुरा भनेको भन्ने कुरामा पनि प्रष्ट नभई दोहोरो अर्थ लागेकोले यहाँ पनि श्लेष भएकोले श्लेष अलङ्कारको प्रयोग पनि यस कवितासङ्ग्रहमा भएको देखिन्छ ।

### ५.१.१.६.४ उपमा अलङ्कार

तिम्रो मृत्यु हिमाल झैं अटल भै यै देशमा बाँच्दछ

तिम्रो मृत्यु गुराँस झैं अमर भै यै लेकमा हाँस्दछ

तिम्रो जे छ महान त्याग त्यसमा नौला मुना हुर्कनन्

तिम्रा ती पदचापमा हुरी बनी योद्धाहरू कुर्लनन्

प्रस्तुत अंशमा मृत्युलाई पहिलो र दोस्रो पङ्क्तिमा हिमाल र गुराँससँग दाँजिएको छ । यहाँ हिमाल र गुराँसको समान धर्म मृत्यु रहेको छ भने वाचकका रूपमा झैं शब्द आएको छ । यस उपमा अलङ्कारको प्रयोगले शब्दको अर्थागत चमत्कारबाट सौन्दर्य उत्पन्न गरेको छ ।

### ५.१.१.६.५ रूपक अलङ्कार

म हुँ राष्ट्रको माली, जालीका जाल काट्छु

म हुँ राष्ट्रको डाली, डालीमा फूल बाँड्दछु

म सिङ्गो युगको मान्छे मान्छे आज जगाउँछु

म रातो सूर्यको लाली, लाली आज उदाउँछु (पृष्ठ : ४)

प्रस्तुत अंशहरूमा म र माली, म र डाली, म र मान्छे तथा म र लालीमा अभेद्य आरोप गरी उपमेय र उपमानमा विभिन्न सम्बन्ध देखाइएको छ ।

### ५.१.१.६.६ तुल्ययोगिता अलङ्कार

गाउँ अनपढ छ

गाउँ अज्ञानी छ

अबुझ छ लाटो छ र सोझो छ

भन्छन् मान्छेहरू गाउँ धेरै धेरै असभ्य छ ।

गाउँमा अझै मोटर दुगुर्न सकेको छैन

गाउँमा अझै विजुली बल्न सकेको छैन (पृष्ठ : १६)

प्रस्तुत अंशमा गाउँलाई अनपढ, अज्ञानी, अबुझ, लाटो, असभ्य र सोझोसँग तुल्यता देखाइएको छ । यहाँ लाटो, सोझो, अज्ञानी, असभ्य गाउँ र गाउँका मोटर गड्न नसकेको र विजुली बल्न नसकेको जस्ता समस्याको बीचमा एउटै धर्मको सम्बन्ध देखाइएको छ ।

### ५.१.१.६.७ विषम अलङ्कार

न्यायको निम्ति नलडेर अन्यायको विरूद्ध न जुझेर

मृत्यु त कुलतमा फसेर पनि हुन सक्छ

तसर्थ आस्थामा बाँच्न चाहेका हामी

विश्वासमा बाँच्न चाहेका हामी

ज्यूदै मरेर बाँच्नुभन्दा मरेर बाँच्न चाहेका हामी (पृष्ठ : २४)

प्रस्तुत कविताशंमा दुई विपरीत कुराको मिलन भएको छ । न्याय र अन्याय, मृत्यु र बाँच्न नथा ज्यूँदै मरेर बाँच्नु र मरेर बाँच्नु जस्ता दुई विपरीत कुराको मिलन भएको छ । न्याय र अन्यायलाई तथा मृत्यु र जीवनलाई दुई फरक फरक अर्थमा देखाएको छ ।

### ५.१.१.६.८ रूपकातिशयोक्ति अलङ्कार

साँच्ची भन्छु मेरी छोरी

सुन्तलाका केस्राझै कोमल तिम्रा औठहरू पनि

हिजोआज सिउडीझै लाग्न थालेका छन् ।

म भोगिरहेको छु यो वर्तमान परिवेश

कि, छोरी भन्नु नै एउटा स्टिलको दराज हो

कि, छोरी भन्नु नै एउटा सुनको सिक्री हो ।

घडी, रेडियो, टि.भी. मोटरकार आदि आदि (पृष्ठ : १७)

प्रस्तुत कवितांशमा छोरीलाई प्रशंसा गरेर बखान गर्न अतिशयोक्तिपूर्ण तरिकाले छोरीका ओठलाई सुन्तलाका केस्रा, छोरीलाई स्टीलको दराज, सुनको सिक्रीका साथै घडी, रेडियो, टि.भी. र मोटरकारको रूपमा वर्णन गरेको छ ।

### ५.११.६.९ दृष्टान्त अलङ्कार

आँसु झारी पल-पल यहाँ दुःख क्यै घोइँदैन

दिक्दारीमा पल- पल डुबी फूल क्यै रोपिदैन

यस्तो बेला अमर उनका देन लौ खोज्न थालौं

हत्केलामा नवशिरीषको फूल लौ रोप्न थालौं (पृष्ठ : १३)

प्रस्तुत कवितांशमा पहिलो हरफमा आँसु झारी पल - पल यहाँ दुःख क्यै धोइँदैन मा व्यक्त भएको भावार्थ दुःखमा आँसु झारेर मात्र दुःख धोइँदैन भन्ने कुरालाई दोस्रो हरफमा दिक्दारीमा पल - पल डुबी फूल क्यै रोपिदैनमा व्यक्त भावार्थ जसरी दिक्दारीमा रहँदा सृजनाका नौला काम हुन सक्दैनन् अर्थात् त्यहाँ फूल क्यै रोपिन सक्दैनन् भन्ने भावले प्रस्ट्याएको छ । त्यसैगरी तेस्रो हरफमा यस्तो बेला अमर उनका देन, लौ खोज्न थालौं को भावार्थ उनका अमर देनहरूलाई खोजौंलाई पुष्टि गर्न चौथो हरफ हत्केलामा नवशिरीषको फूल लौ रोप्न थालौंको भावार्थ सबै क्षेत्रमा नयाँ सृजनाका कामहरू थालौंले पुष्टि गरिएको छ ।

### ५.११.८.१0 प्रश्नालङ्कार

कवितामा प्रश्नोक्ति आएमा वा प्रश्नको भावआई प्रश्नवाचक चिन्ह प्रयोग भएमा प्रश्नालङ्कार भनिन्छ ।

मन आज पनि कर्णालीको पानी भएर सुसाइरहेको छ

तन आज पनि च्यौरालीको चुच्चे ढुङ्गो भएर टोलाइरहेको छ

सोधूँ कसलाई सोधूँ बाँच्नुको परिभाषा के हो ?

भेटूँ कसलाई भेटूँ हाँस्नुको सार्थकता के हो ?

राखेर बन्धकी स्वाभिमानको टोपीलाई धनको पैतलामुनि

दिनरात यहाँ दौड बाजीकै व्यस्तताभित्र

सोधूँ कसलाई सोधूँ जिउनुको वास्तविकता के हो ? (पृष्ठ : १४)

प्रस्तुत श्लोकमा तीन ठाउँमा प्रश्न गरी छोडिएको छ । बाँच्नुको परिभाषा, हाँस्नुको सार्थकता र जिउनुको वास्तविकता के हो भनी सोध्नुको भावोक्तिले प्रश्नको बोध गराएकोले यहाँ प्रश्न वाचक चिन्ह्न ? प्रयोग भई प्रश्नालङ्कारको नमुना प्रस्तुत गरेको छ । त्यही नै यस कवितासङ्ग्रहमा प्रश्नालङ्कारको प्रयोग हो ।

### ५.११.७ छन्द प्रयोग

कवितालाई जीवन्तता दिने विभिन्न तत्त्वहरूमध्ये छन्द पनि एक प्रमुख तत्त्व हो । छन्द कविकल्पनाको उपज मात्र नभएर कविताको प्राण र पाठकका अनुभूतिको व्यञ्जना पनि हो । कवितामा सिर्जित छन्दको कलात्मकताले कवितामा व्यक्त संवेदनशीलतालाई दृश्यमान तुल्याउँछ ।

'छन्द' भन्नाले छाँटकाँट बुझिन्छ । यो शब्द संस्कृतिको 'छद्' धातुबाट आएको हो जसको अर्थ आनन्दित पार्नु, फकाउनु, बाँच्नु आदि हुन्छ । छन्दमा आकर्षण र मीठास हुन्छ । जसको अर्थ आनन्दित पार्नु, फकाउनु, बाँच्नु आदि हुन्छ । छन्दमा आकर्षण र मीठास त रहन्छ नै, यसको स्वरलहरीले सबै मुग्ध र तन्मय पनि हुन्छन् । छन्दको यो प्रभाव प्रकृतिका कण, कणमा व्याप्त छ । छन्दमा यस्तो आकर्षण भएको मुख्य कारण यसको गेयता र सूत्रबद्धता हो (पराजुली, २०२३ : २५८) ।

छन्द मुख्यत : पद्यको विशेषता हो । साहित्यमा छन्दले कविताको छाँट मिलाउने र सुहाउँदो पार्ने युक्तिलाई जनाउँछ । पूर्वीय काव्यशास्त्रमा छन्दका प्रथम

विचारका आचार्य पिङ्गललाई मानिन्छ । उनले छन्द : शास्त्रानामक ग्रन्थमा यसबारे गहन विचार प्रस्तुत गरेका छन् (लुइटेल र शर्मा, २०६० : ३०५) ।

'मेरी श्रीमती' कवितासङ्ग्रहमा साहित्यकार भुवन देवकोटाले छन्दको पनि प्रयोग गरेका छन् । प्रस्तुत सङ्ग्रहका कविताहरूमा प्रयुक्त छन्दहरूले सहज र स्वतः स्फूर्त रूपमा बाह्यान्तरिक लाभ र अर्थगत चमत्कारका साथै कविताको सौन्दर्य बढाएका छन् । प्रस्तुत कविताहरूमा कवितालाई सौन्दर्यपूर्ण, आकर्षक, लयात्मक र प्रभावकारी बनाउन मन्दाक्रान्ता, शार्दूलविक्रीडित र अनुष्टुप छन्दको प्रयोग गरेका छन् ।

### ५.११.७.१ मन्दाक्रान्ता छन्द

मन्दाक्रान्ता छन्द कवितामा प्रत्येक हरफमा १७ अक्षर भएको र चारौं, छैटों, र सातौं अक्षरमा विश्राम हुन्छ । यस छन्दमा म भ न त त गु गु गण हुन्छन् । प्रस्तुत कवितासङ्ग्रहमा कवि भुवन देवकोटाले 'पारिजात' र 'प्रियसीलाई पत्र' शीर्षकमा मन्दाक्रान्ता छन्दको प्रयोग गरेका छन् ।

मेरो धौलागिरि शिखर त्यो आज रोइरहेछ
माछापुच्छ्रे मलिन रूपमा आज बोलिरहेछ
माझी छैनन् जीवन पथका भेलमा नाऊ एक्लो
माली छैनन् सिर्जन पथका बागमा फूल एक्लो (पारिजात, पृष्ठ : १३)

प्रस्तुत कवितांशहरूमा प्रत्येक हरफमा १७ अक्षर हुनुका साथै म भ न त त गु गु गणको संरचनामा कवितांशका हरफहरू संरचित भएकोले मन्दाक्रान्ता छन्द प्रयोग भएको स्पष्ट देखिन्छ । यसैगरी 'प्रियसीलाई पत्र' शीर्षकको कवितामा पनि कवि भुवन देवकोटाले मन्दाक्रान्ता छन्दको प्रयोग गरी छन्द नियमानुसार यसरी कविता रचेका छन् ।

चिसो कोठा अजङ बलियो बन्द पर्खालबाट
सुनो ठाउँ छटपटी हुँदा बन्द यो जेलबाट
लाखौं लाखौं रहर मनमा उर्लदा भित्र - भित्र
लेख्छु मेरी सुदूर दूरकी प्रियसीलाई पत्र (प्रियसीलाई पत्र, पृष्ठ : २८)

### ५.१.१.७.२ शार्दूलविक्रीडित छन्द

'शार्दूलविक्रीडित छन्द' कविताका प्रत्येक हरफमा १९ अक्षर भएको र १२ औं र ७ औं अक्षरमा विश्राम हुन्छ । यस छन्दमा म स ज स त त गु गणको संरचनामा कविताका हरफहरू संरचित भएका हुन्छन् । प्रस्तुत कवितासङ्ग्रह ('मेरी श्रीमती') मा कवि देवकोटाले 'श्रद्धाञ्जली' र 'बाँकी छ' शीर्षकका कविताहरूमा यस छन्दको प्रयोग गरेका छन् ।

बाँकी बादल आँसुका दहहरू आकाशमा घुम्दछ
च्याँपी न्यावली छातीका वहहरू एक्लाशमा डुल्दछ
चर्को घाम पनि अहो ! मलिन भै क्यै बेर वैलाउँछ
हावा सुस्तरी पौडदै विरहमा यो भाव फैलाउँछ । (श्रद्धाञ्जली, पृष्ठ : १०)
यो धर्ती इतिहासमा सहिदको रातो रगत बोल्दछ
यो धर्ती इतिहासमा श्रमिकको ज्यूँदो नसा खेल्दछ
मान्छे हो अब उठ्नुपर्छ दुनियाँलाई उचाली उठ
मान्छे हो अब जुट्नुपर्छ मनको जालो चुँडाली उठ । (बाँकी छ, पृष्ठ : ३५)

प्रस्तुत कविताका हरफहरूमा प्रत्येक हरफमा १९ अक्षर र १२ औं र ७ औं मा विश्राम भई म स ज स त त गु गणको संरचनामा कविताका प्रत्येक हरफहरू संरचित भएकोले शार्दूलविक्रीडित छन्दको प्रयोग भएको स्पष्ट देखिन्छ ।

### ५.१.१.७.३ अनुष्टुप छन्द

आठ आठ अक्षरका चार पाउ भएको छन्दलाई अनुष्टुप भनीन्छ । यसमा सबै पाउको पाँचौं अक्षर ह्रश्व र छैटौं अक्षर दीर्घ हुन्छन् । साथै यसमा पहिलो र तेस्रो पाउको सातां अक्षर दीर्घ तथा दोस्रो र चौथो पाउको सातौं अक्षर ह्रस्व हुन्छन् । यसलाई वार्णिक छन्द भनीन्छ ।

म मेरै भाइको गाँस, खोसेर हाँस्न सक्तिन

म मेरै भाइको आश, चाटेर बाँच्न सक्तिन (म, पृष्ठ : ४)

प्रस्तुत उल्लेखित कवितांशमा प्रत्येक पाउमा आठ आठ अक्षर छन् र दुई पाउको एक हरफ रहेको छ । आठ आठ अक्षरका चार पाउ भई प्रत्येक हरफमा १६ अक्षर छन् । यी प्रत्येक पाउको पाँचौं अक्षर ह्रस्व र छैटौं अक्षर दीर्घ तथा पहिलो र तेस्रो पाउको सातौं अक्षर दीर्घ र दोस्रो र चौथो पाउको सातौं अक्षर ह्रस्व भएकोले यो कवितांश अनुष्टुप छन्दमा संरचित छ । यसरी कवि देवकोटाले ‘मेरी श्रीमती’ कवितासङ्ग्रहमा अनुष्टुप छन्दको पनि प्रयोग गरेका छन् ।

यसप्रकार कवि भुवन देवकोटाले यस ‘मेरी श्रीमती’ कवितासङ्ग्रहमा गद्य कविताका साथै पद्य कविताहरू पनि मन्दाक्रान्ता, शार्दूलविक्रीडित र अनुष्टुप छन्दको प्रयोग गरी लयात्मक र भावयुक्त कविताहरू रची सङ्गृहीत गरेका छन् ।

### ५.१.१.८ रस प्रयोग

‘रस’ शब्दलाई पदार्थको रस, आयुर्वेदको रस, मोक्ष वा भक्तिको रस र साहित्यको रस गरी चार अर्थमा प्रयोग गरिएको पाइन्छ । साहित्यका सन्दर्भमा रस शब्दको पहिलो प्रयोग नाट्यशास्त्रका रचयिता भरतले गरेका हुन् । उनका अनुसार विभाव, अनुभव र व्यभिचार भावका संयोगबाट रसको निष्पत्ति हुन्छ (लुइटेल र शर्मा, २०६०) ।

साहित्यमा रसको तात्पर्य आनन्दसित छ । काव्यद्वारा मनमा भावको प्रस्फुटन हुन थालेपछि मनले एक प्रकारको गहिरो आनन्दको अनुभव गर्छ । भावनालाई उकास्तै एवम् उद्वेलित पार्दै त्यसको रूप र तत्त्वको छाप बसाई दिनु रसको विशेषता हो । यसैले यो काव्यको आत्मा मानिएको हो । विश्वनाथले पनि 'वाक्य रसात्मकं' भनेर रसको परिभाषा दिएका छन् ।

रसको मुख्य आश्रय भाव हो । भाव भन्नाले मनका विभिन्न स्थिति र तरङ्ग बुझिन्छन् । काव्यमा विभाव, अनुभाव र व्यभिचारी वा सञ्चारी भावको संयोगद्वारा व्यञ्जित स्थायी भाव नै रसका रूपमा परिणत हुन्छ । यस्ता रस सामान्यतः नौ थरी हुन्छन् (पराजुली, २०२३ : २७९) ।

कवि भुवन देवकोटाले यस कवितासङ्ग्रह 'मेरी श्रीमती' मा वीर, शृङ्गार, भयानक, करूण र अद्भूत जस्ता केही प्रमुख रसको प्रयोग गरी सङ्गृहीत कविताहरूमा रसानुभूति जगाएका छन् । रस पनि कविता तत्त्वको एक आवश्यक तत्त्व मानिन्छ । यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा विभिन्न रसको प्रयुक्तताले कविताको भाव र लयमा मिठास ल्याएको पाइन्छ ।

### ५.११.८.१ वीर रस

उठ आमाहरू हो उठ

उठ बाबुहरू हो उठ

घाम चौरालीहरूमा सरिरहेको छ

उत्साह स्थायी भाव हुने रसलाई वीर रस भनीन्छ । शत्रु, विरोधी आदि अलम्वन विभाव, शक्तिबल, सौर्य, अहङ्कार आदि उद्यीपन विभाव र गर्वपूर्ण बोली, रोमाञ्च आदि अनुभाव तथा तर्क आदेश आदि व्यभिचारी भाव हुन्छन् ।

उठ ! आमाहरू हो उठ !

उठ बाबुहरू हो उठ !

घाम चौरालीमा सरिरहेको छ

घाम फाँटहरूमा झरिरहेको छ

प्रस्तुत कवितांशमा 'उठ' भनेर गरिएको सम्बोधन स्थायी भाव घाम, आमा, बाबु आलम्वन विभाव, घामविरूद्ध उठ्न गरिएको अहङ्कार वा साहस उद्दीपन विभाव, उठ अनुभाव र उठाउन गरिएका आवेग व्यभिचारी भाव हुन् । यसरी यस कवितासङ्ग्रहमा वीर रसको प्रयोग गरी कवितालाई लयात्मक र भावपूर्ण बनाएको देखिन्छ ।

### ५.१.१.८.२ शृङ्गार रस

'रति' (प्रीती) स्थायी भाव हुने रसलाई शृङ्गार भाव भनीन्छ । यसमा नायक वा नायिकका, आलम्वन विभाव, एकान्त ठाउँ, बगैंचा, वसन्त, जून आदि उद्दीपन विभाव, कर्के हेराइ, आँखा सन्काइ, परस्पर हेराई आदि अनुभाव र मोह, हर्ष, चिन्ता आदि व्यभिचारी भाव हुन्छन् ।

सञ्चै छ्यौ कि दुःख विपत्ले वैलने पो बनायो

उस्तै छ्यौ कि मृदुल अथवा वेदनाले सतायो

कस्ती छ्यौ कि भनन अथवा ओठ खुल्नै सकेन ?

तिम्रो कान्ति विरह पिरमा झुल्कनै पो सकेन ?

प्रस्तुत कवितांशमा सञ्चै छ्यौ कि भनेर गरिएको भावमा प्रश्नकर्ता र जसप्रति प्रश्न गरिएको छ ती आलम्वन विभाव हुन् भने प्रस्तुत कविताांशहरूमा व्यक्त प्रेमभाव स्थायी भाव हो भने त्यसैगरी क्रान्ति उद्दीपन विभाव र विपत्ले वैलाउने वेदनाले सताउने अनुभाव प्रकट गरेकोले यहाँ शृङगार रस प्रयोग भएको देखिन्छ ।

### ५.१.१.८.३ भयानक रस

भय स्थायी भाव हुने रसलाई भयानक रस भनीन्छ । यस रसमा डरलाग्दा जनावर, भूतप्रेत, मसान, अत्याचारी आदि आलम्वन विभाव डर, त्रास, शङ्का, घोर, क्रियाकलाप आदि उद्यीपन विभाव, काम छुट्नु स्वर विग्रिनु, रौं ठाडा हुनु, पसिना आउनु, रूनु कराउनु आदि अनुभाव तथा त्रास, दैन्य, आवेग, मोह, चिन्ता आदि व्यभिचारी भाव हुन् ।

बन्दुक पड्केको पड्क्यै

मानिसहरू मरेको मयै

किन मर्छन मानिसहरू

किन मार्छन मानिसहरू (पृष्ठ : ३८)

प्रस्तुत कवितांशमा बन्दुक पड्किरहने अवस्था स्थायी भाव, बन्दुक आलम्वन विभाव, बन्दुक पड्काइबाट त्रसित अवस्था उद्यीपन विभाव र मानिसहरू मर्नु अनुभाव तथा मानिस यसरी किन मारिन्छन ? भन्ने चिन्ता व्यभिचारी भाव भएकोले यसरी यस कवितासङ्ग्रहमा भयानक रसको पनि प्रयोग भएको देखिन्छ ।

### ५.१.१.८.४ अद्भूत रस

यस रसमा विष्मय स्थायीभाव हुन्छ भने अनौठो वा असाधारण व्यक्ति, वस्तु, ठाउँ आदि आलम्वन विभाव, विष्मय, आश्चर्य विचित्रता आदि उद्यीपन विभाव, आँखा ठूला हुनु, ट्वाल्ल पर्नु, पसिना आउनु, अक्क न वक्क हुनु, काम छुट्नु आदि अनुभाव तथा आवेग तर्क, जडता, चपलता, औत्सुक्य, हर्ष आदि व्यभिचारी भाव हुन्छन् ।

मन अलि अधिर भएको छ

तन अलि गरूङ्गो भएको

सुनेर खबर यस्तो
कि काठमाडौं पुऱ्याइनु भएका घाइतेहरूमध्ये दुई जनाको मृत्यु भयो ।
उफ ! यस्तो पीडादायी समाचारलाई पनि
उफ ! यस्तो मुटु चुड्ने शोकलाई पनि छाती छाम्दै फेरेर शक्तिमा
म ती योद्धाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्छु । (पृष्ठ : २३)

प्रस्तुत कवितांशमा मृत्यु स्थायी भाव योद्धा घाइते खबर, पीडादायी समाचार आलम्वन विभाव र अधिर, गरूङ्गो हुनु, उद्यीपन विभाव, शोक, शक्ति, श्रद्धाञ्जली, अनुभाव तथा मुटु चुड्ने छाती थाम्ने, उफ ! व्यभिचारी भाव व्यक्त भएकाले यस कवितासङ्ग्रहमा अद्भुत रसको पनि प्रयोग गरिएको पाइन्छ ।

### ५.१.१.८.५ करूण रस

यस करूण रसमा शोक स्थायी भाव हुन्छ भने विशिष्ट व्यक्ति वा वस्तु आलम्वन विभाव, त्यस्ता व्यक्ति वा वस्तुको सम्झना, सम्झेर हुने डाहा, पीडा छटपटी आदि उछीपन विभाव, रूनु, कराउन, विलाप गर्नु, मुर्च्छा पर्नु, आँसु झार्नु, काम्नु, लड्नु आदि अनुभाव तथा निर्वेद मोह, ग्लानी, स्मृति, चिन्ता, विषाद, वैना, अपस्मार, उन्माद आदि व्यभिचारी भाव हुन्छन् ।

वर्षेपिच्छे सुत्केरीभई दोष उसैमाथि
वर्षेपिच्छे नानी हुर्कन सकेनन् कसुर उसैमाथि
जग्मै अभियोग उसैमाथि
जम्मै आरोप उसैमाथि
भान्सा ढिलो भए पनि, नानी धेरै रोए पनि
कति सजिलो म त पुरूष
यसपालि पनि छोरो पाइन ताडना उसैमाथि

ऊ कहिले काँही सोच्छे र हैरान हुन्छे । (पृष्ठ : २)

प्रस्तुत कविताांशहरूमा सुत्केरीप्रतिको शोक, दया स्थायी भाव हो भने सुत्केरी, ताडाना, दोष, कसुर, अभियोग, आरोप आलम्वन विभाव, सुत्केरीप्रतिको पीडा छट्पटी उद्यीपन विभाव हुन् भने त्यसैगरी नानी धेरै वेर रोए पनि भान्सा ढिलो हुनु अनुभाव र हैरानी व्यभिचारी भावको रूपमा प्रयोग भएकोले यहाँ यस कवितासङ्ग्रहमा करूण रसको प्रयोग स्पष्ट गरिएको देखिन्छ ।

### ५.११.८.९ निष्कर्ष

'मेरी श्रीमती' कवितासङ्ग्रह कवि भुवन देवकोटाको साहित्ययात्राको पूर्वाद्धकालको प्रकाशनको चरणकालमा २०६२ सालमा प्रकाशन भएको प्रथम पुस्तकाकार कृति हो । यसभित्र देवकोटाले जीवनजगत् र वस्तुजगत्मा भोगेका अनुभूतिको अभिव्यक्ति कविताका रूपमा व्यक्त गरेका छन् । जम्मा २८ ओटा कवितामा पाँच कविता पद्यशैली र २३ वटा सबै गद्यशैलीमा रचना गरिएका कविताहरू यस सङ्ग्रहमा रहेका छन् । यी कविताहरू छ पङ्क्तिका छोटा आयामदेखि १०५ पङ्क्तिसम्मका लामा छन् । यी कविताहरूमा अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडनका विरूद्ध सामन्तवाद र साम्राज्यवादको अन्त्यका लागि किसान मजदुरलाई एकजुट हुन आह्वान गरिएको छ । श्रमजीवी किसान मजदुरहरूका पक्षमा आवाज उठाइएका राष्ट्रिय, अन्तर्राष्ट्रिय मुक्ति आन्दोलनप्रति समर्थन र प्रशंसा गरिएका देवकोटाका कविताहरूमा साहिदहरूको सम्भ्कना, धर्तीप्रेंम र राष्ट्रप्रेमको भावना मुखरित भएको छ । उनका कविताहरूमा सरल, रहज भाषाशैलीको प्रयोग भई सामान्य पाठकले बुझ्न सक्ने लयात्मक, सङ्गीतात्मक, आलङ्कारिक भावाभिव्यक्तिले युक्त कविताहरू प्रस्तुत सङ्ग्रहभित्र रहेका छन् ।

## ५.२ 'भुवन देवकोटा'का समालोचनाको विवेचना

भुवन देवकोटा साहित्यको क्षेत्रमा एक समालोचक व्यक्तित्वका रूपमा पनि देखिएका छन् । उनले प्रायः गरेर पुस्तकको समालोचना गरेको पाइन्छ भने केही कतै पत्रिकाहरूको समेत समालोचना गरेको पाइन्छ । देवकोटाका समालोचनामा साहित्यलाई सामाजिक उपयोगिताको लागि प्रस्तुत हुनुपर्ने कुरामा जोड दिएको देखिन्छ । समालोचनामा दाङको साहित्यिक इतिहासको फाँटमा देवकोटाले थोरै मात्रामा भए पनि योगदान गरेको मान्न सकिन्छ । देवकोटाले समालोचनामा आफूले अध्ययन गरेका यथार्थलाई सजिलै केलाएर स्वच्छ ढङ्गले रचनाका राम्रा नराम्रा पक्षलाई तथ्यका आधारमा स्पष्ट पारेका छन् । उनले समालोचनाभित्र खरो र टिप्पणी गरेर रचनाका कम्जोर पक्षको समाधानका लागि सुझाव दिएका छन् । उनका समालोचनामा कुनै प्रतिशोधको भावनाले कसैको अनावश्यक स्तुति गान र कसैको अपमान नगरी साहित्यको क्षेत्रमा हुन सक्ने सुधारको अपेक्षा गरिएको छ । सबै विषयवस्तुमा नवीनता र परिवर्तनको चाहना राख्दै साहित्य लेखन समाज सापेक्ष हुनुपर्छ भन्ने मान्यता उनले राखेको पाइन्छ । उनले समालोचनामार्फत् अनेक सुझाव दिएर लेखकलाई प्रगतिवादी साहित्य लेखनतर्फ मोड्ने प्रयत्न पनि गरेको पाइन्छ । देवकोटाका समालोचनामा साहित्यलाई सामाजिक उपयोगिताका रूपमा हेरिएको पनि पाइन्छ । उनको समालोचना कुनै दबाब र विवशताको उपज नभई स्वतन्त्र किसिमको देखिन्छ । उनका समालोचनाले वर्गसत्यको अभिव्यक्ति दिएका छन् । उनका समालोचनामा कलापक्षभन्दा वस्तुपक्षलाई बढी महत्त्व दिइएको र सामाजिक सन्दर्भका आधारमा साहित्यको विवेचना गरिएको पाइन्छ ।

यसरी भुवन देवकोटाले नेपाली साहित्यको पाटोमा कविता, गजल, कथाका अतिरिक्त समालोचनाको क्षेत्रमा समेत कलम चलाएर केही योगदान पुऱ्याएको देखिन्छ । उनका समालोचना निष्पक्ष र पूर्वाग्रहरहित तथा साहित्यमा शुद्ध साहित्यिक विकासको बाटोमा टेवा पुऱ्याएका छन् । सरल भाषाका माध्यमबाट कुनै विषयवस्तु वा

कृतिमाथि आद्योपान्त भावको गहन विश्लेषण गरि निष्कर्ष निकाल्नु उनको समालोचकीय प्रमुख विशेषता देखिन्छ ।

भुवन देवकोटाका पुस्तक समालोचना अन्तर्गतका केही त्यस्ता समालोचकीय लेखहरूमा भाषा साहित्यका उत्थानमा सहयोगी बनेको पुस्तक 'अग्रासन भित्र एकै छिन', 'गिरीको दुःसाध्य समयलाई नियाल्दा', 'अन्तर्ध्वनिको माघ - चैत्र अङ्कलाई नियाल्दा', 'पुस्तान्तर उपन्यास एउटा गतिको दस्तावेज', 'मन भित्रको मझेरीमा उदाएका महरा' र 'पाठकहरूको माया पाउन सफल अन्तर्ध्वनि' जस्ता समालोचकीय लेखहरू लेखहरू लेखेका छन् र हालसम्म यस्ता अन्य विविध लेख लेख्दै आइरहेका छन् ।

## ५.३ भुवन देवकोटाका अन्य लेखहरूको परिचय

भुवन देवकोटाले फुटकर रूपमा विभिन्न पत्रिकाहरूमा विभिन्न विषयगत सन्दर्भका लेखहरू पनि लेखेको पाइन्छ । उनका फुटकर लेखहरू वि.सं. २०४२ सालदेखि फाट्टफुट्ट रूपमा प्रकाशन भएको पाइन्छ । लेखनकला वृद्धि हुँदै जाँदा उनले साहित्यिक, भाषिक, राजनीतिक आदि विषयमा कलम चलाएको पाइन्छ । यहाँ उनका ती लेखहरूको सङ्क्षेपमा परिचय दिइएको छ ।

'यो चाकडीको भाषा नभएर अरू के हो त ?' शीर्षकको लेखमा संसारमा चाकडी मन पराउनेहरू दुई किसिमका हुन्छन् जो कोही बाहिरी रूपमा प्रकट हुन्छन् भने कोही भित्री रूपमा । चाकडी मन नपराउने मानिस सायद हाम्रो समाजमा विरलै पाइन्छन् । बाहिर ठूला र आदर्शका कुरा गर्नेहरू आफूलाई सबैले मानोस, नमस्कार गरोस, ढोग गरोस, आफूसँग नम्र भएर बोलोस् भन्ने चाहना पालेर बसेका हुन्छन् तर उनीहरू पनि आफूभन्दा मान्यलाई कुनै न कुनै प्रेरणा र भित्री स्वार्थले सम्मान गर्छन् जुन चाकडी नै हो । यसरी चाकडी दिनेहरू आफू पनि गर्न रूचाउँछन् र अरूबाट पनि लिन चाहन्छन् । कुनै कार्यक्रममा कुनै नेतालाई अबीर फूल मालाले शरीर

ढाकुञ्जेल राताम्य पार्नु दायाँ बाँया पङ्क्तिबद्ध उभिएर जय जय कार गर्नु यो पनि चाकडीकै परिभाषाअन्तर्गत पर्ने गर्छ । आफ्नो मान्छेलाई सामन्ने गाली गर, पिठ्यूँ पछाडि प्रशंसा गर्ने तर यहाँ कतिपय अवस्थामा सामुन्नेमा प्रशंसा गर्ने तर पिठ्यूँ पछाडि धारे हात लगाएर गाली गर्ने चलन हटेको छैन । यसलाई चाकडी गरेको भन्न सकिन्छ । हाम्रो समाजमा यस्ता प्रकृति भएका मानिसहरू तमाम भेटिन्छन् जुन प्रवृत्तिलाई चाकडी नभनेर के भन्ने त ? यही प्रक्रिया नै चाकडी हो भनेर देवकोटाले आफ्नो लेखमा चाकडीको परिभाषा गरेका छन् ।

त्यसैगरी 'म आफूलाई पटक पटक सोध्ने गर्छु, के लेखौं' शीर्षकको लेखमा भुवन देवकोटाले साहित्यले समाज रूपान्तरण र सामाजिक कान्ति र परिवर्तनमा अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गरे पनि त्यस्तो महत्त्वपूर्ण साहित्यिक भूमिकालाई गौण ठान्नेहरूको सङ्ख्या बढ्दै गएको महसुस भएको छ । साहित्यका समाज र जीवनो पयोगी पुस्तकभन्दा अन्धविश्वासी र कथा कहानीयुक्त यौनजन्य सामग्री र फोटाहरू समावेश भएका पुस्तहर पनि पढिने गरिन्छ । त्यसकारण साहित्य लेखनमा पनि सृजनशील हातहरू भाँच्चिएको अवस्थामा म आफैले आफैलाई सोच्छु के लेखौं ।

यसरी एकातिर यस्तो समस्यको कारण साहित्यिक लेख लेख्दा आफू आफैमा अन्योलनमा परेको कुरा भुवन देवकोटाले आफ्नो उक्त शीर्षकको लेखमा व्यक्त गरेका छन् भने अर्कोतिर घृणा, आक्रोश, विद्रोह अनि आन्दोलनका भाषा पनि गद्यमै हुने गर्छन् र त्यही गद्य भाषालाई शब्द र भाव मिलाएर लेखको रूपमा उतार्न निकै कठिनाई हुने कारण पनि लेख लेख्न अप्ठेरो भएको कुरा देवकोटाले व्यक्त गरेका छन् ।

भुवन देवकोटाका लेखहरूमा विषयका दृष्टिले भाषा, साहित्य र राजनीतिकै सेरोफेरोलाई प्रमुख केन्द्रको रूपमा मानिएको पाइन्छ । उनका लेखहरूमा सरल भाषामा कडा आलोचना गरिएको पाइन्छ । उनका लेखहरूमा यस्तो शैली प्रयोग गर्नु नै उनका लेखहरूको आफ्नै पहिचान हो । उनका लेखमा तत्सम, तद्भव र आगन्तुक

शब्दका सबै शब्दको प्रयोग भए पनि बढी जसो तत्सम शब्दकै बाहूल्य देखिन्छ तर पनि नेपाली भाषाको स्तर वृद्धिमा भने उनी संवेदनशील देखिन्छन् । उनको सरल भाषाले जनस्तरसँग राम्रो सम्बन्ध गाँसको पाइन्छ । उनले लेखमा आफ्ना विचारलाई समाजपरक ढङगले प्रस्तुत गरी यथास्थिति र परम्परित नियम घेटालाई तोडेका छन् । उनले लेखनका क्रममा नवीन विचारको परिष्कृत र परिमार्जित गतिशीलतालाई अँगाल्नु आफ्नो दायित्व सम्झेका छन् । उनले लेखनका क्रममा नवीन विचारले परिष्कृत र परिमार्जित गतिशीलतालाई अँगाल्नु आफ्नो दायित्व सम्झने गरेर यात्रा संस्मरण पनि लेख्नुका साथै अन्य विविध विषयका लेख लेखेका छन् । जीवन संस्मरण र अन्य समालोचकीय लेख पनि प्रशस्तै लेखेका छन् ।

## ५.४ निष्कर्ष

भुवन देवकोटाका समग्र लेख रचनाहरूको अध्ययन गर्दा उनमा विद्रोही भावना रहेको पाइन्छ । उनी आफ्ना सबै रचनामार्फत् परिवर्तनको तीव्र चाहना राख्छन् । उनले स्तुतिपरक र काल्पनिक कुनै पनि रचना नगरी सामाजिक वस्तुयथार्थलाई कलात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ । उनको लेखनशैली, शब्द प्रयोग, भाषा प्रयोग, वाक्य र अनुच्छेद गठन सरल प्रकारको देखिन्छ । उनका रचनाहरू सामान्य पाठकले बुझ्न सक्ने प्रकारको लेखनशैलीले सजिएका तथा वैचारिक, तार्किक र वस्तुयथार्थमा अडिएका पाइन्छन् । सामाजिक विषयवस्तुलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणले यथार्थ चित्रण गर्ने प्रवृत्ति उनमा रहेको पाइन्छ । उनी छन्दमुक्त गद्य शैलीलाई अङ्गालेर अगाडि बढेका छन् । आलङ्कारिकताका दृष्टिले उनका लेख रचनाहरू कमजोर देखिए पनि भावका दृष्टिले ती प्रगतिवादी रहेका छन् ।

# छैटौं परिच्छेद

## ६.१ शोध निष्कर्ष

वि.सं. २०१६ असोज १५ गते जन्मिएका भुवन देवकोटा ६ वर्षको उमेरमा विद्यालयमा भर्ना भई वि.सं. २०३८ मा एस्.एल.सी. उत्तीर्ण गरी मा.वि. तहको अध्ययन पूरा गर्न सफल भएका व्यक्तित्व हुन् । उनले आर्थिक अभावका कारणले अध्ययनका क्रममा समयसमयमा ज्यालादारी काम पनि गरे । उनले अध्ययन सकेपछि समाजसेवाका दृष्टिले पत्रकारिता पेसा अङ्गाल्न पुगे । उनी वि.सं. २०४२ सालदेखि पत्रकारितामा प्रवेश गरेका हुन् । वि.सं. २०३४ देखि २०४६ सम्म पटक-पटक गरी ७ पटकसम्म जेल परेका देवकोटाले वि.सं. २०५० मा दाङ, घोराहीमा पुस्तक पसल र किराना पसलसमेत गरे । धार्मिक पारिवारमा जन्मे हुर्केका भुवन देवकोटामा विद्यालयीय अध्ययनका क्रमबाट विस्तारै विद्रोही धारणा पलाउँदै गएको थियो । वि.सं. २०३४ सालमा जेल बसाइकै क्रममा अमर डाँगीबाट प्रेरणा पाएर उनी वैचारिक मार्क्सवादी साहित्यमा लागे भने वि.सं. २०३२ मा दाङमा दाङ हापुर हिले निवासी भानु गौतमबाट प्रेरणा पाएर वैचारिक सैद्धान्तिक रूपमा मार्क्सवादी विचारबाट प्रभावित भए । उनी वि.सं. २०३४ मा साहित्य र राजनीतिमा मार्क्सवादी सिद्धान्त अनुरूप क्रियाशील बने ।

भुवन देवकोटा विद्यार्थी जीवनबाट साहित्यिक गतिविधिमा संलग्न हुँदै आए । उनले साहित्यमा सामाजिक विषमतालाई विषयवस्तु छनौट गरी रचना प्रारम्भ गरेका हुन् । उनले साहित्यका विविध विधामा रचना गरेको पाइए पनि उनी प्रगतिवादी कविका रूपमा बढी चर्चित रहेका छन् । मार्क्सवादी विचार अङ्गीकार गरेदेखि आफ्नो जीवनशैलीमा पनि सोही अनुरूप रूपान्तरण गर्ने व्यक्तित्वका रूपमा भुवन देवकोटा परिचित छन् । वि.सं. २०३४ सालबाट उनले औपचारिक रूपमा साहित्य र वि.सं. २०३२ प्र.ने.क.पा. को सर्म्पकमा आए तर उनी राजनीतिमा भने औपचारिक रूपमा

वि.सं. २०३८ सालदेखिसक्रिय भएर लागे । उनले राजनीति र साहित्यलाई जोडेर समाजपरक बनाउनुपर्छ भन्ने मान्यताका आधारमा राजनीति र साहित्यलाई जोडेर समाजपरक बनाउनुपर्छ भन्ने मान्यताका आधारमा राजनीति र साहित्यलाई संयोजन गरी समाजपरक ढङ्गले अगाडि बढाए ।

भुवन देवकोटा वि.सं. २०२६ सालदेखि २०४६ सालसम्म आफ्नो परिवारसहित ढिकपुर - ३ दुन्द्रामा बसोबास गरी २०४६ सालदेखि पुनः डाडा गाउँमै बसाइँसराइँ गरे । दुन्द्रामा रहँदा पनि आफ्नो साहित्य र राजनीतिमा क्रियाशील रहिरहे ।

वि.सं. २०३८ देखि प्र.ने.क.पा. मा सङ्गठित भएर विभिन्न गतिविधिमा संलग्न भई कतै नेतृत्वसमेत गर्दै दाङको सामन्तवादी संस्कृति र परम्परासँग जुधेर राजनीति र साहित्यलाई अगाडि बढाए । विभिन्न प्रकारका राजनीतिक वैचारिक सङ्घर्षमा संलग्न हुँदै उनी प्र.ने.क.पा को सदस्यबाट राजनीतिमा प्रवेश गरी विभिन्न समूहको नेतृत्व गर्दै अगाडि बढेर कम्युनिस्ट पार्टीको एकीकरण अभियानको विभिन्न उतारचढाव पार गर्दै प्र.ने क.पा. (माले) को सदस्य एवम् वि.सं. २०३८ मा नै उनी सक्रिय हुँदै वि.सं. २०४७ मा माले पार्टीको जिल्ला परिषद्को सचिवसमेत भई काम गरे । वि.सं. २०५३ मा ने.क.पा. (एमाले) को जि.प.स. भई काम गरिसकेका देवकोटा हाल राजनीतिमा पूर्णतः निस्कृय नभए पनि सक्रिय भने देखिँदैनन् । वि.सं. २०६० मा जनसांस्कृतिक मञ्चको अध्यक्ष बनेका भुवन देवकोटाले आफू राजनीतिमा प्रवेश गरिसकेपछि आफ्नो राजनीतिक गतिविधिलाई प्रभावकारी ढङ्गले अगाडि बढाएको हुनाले राजनीतिक वृत्तमा उनी अत्यन्तै चर्चित बन्न पुगे । उनको बढ्दो जनप्रियताले स्थानीय सामन्तहरू र स्थानीय प्रशासन त्रसित बन्यो । फलत : यस समयमा उनलाई सामन्त र स्थानीय प्रशासनको साँठगाँठमा निरङ्कुश पञ्चायती व्यवस्थाले शत्रुका रूपमा निसाना बनाएको थियो । उनको समाज परिवर्तनको विचार र व्यवहारबाट विचलित राज्य व्यवस्थाले उनीमाथि विभनीन आरोप लगाई उनको पिछा गर्‍यो । त्यस परिस्थितिमा पनि उनी अत्यन्त खरो रूपमा राजनीति र साहित्यको क्षेत्रमा देखा परे ।

उनी राजनीति र अन्य गतिविधिमा संलग्न भएको आरोप मा वि.सं. २०३४ मा जेल परे । उनी त्यसपछि झनै पूर्ण रूपमा जीवनलाई राष्ट्रको जनताको मुक्तिका लागि अर्पण गर्ने निर्णय गरी हालसम्म राजनीति र साहित्यका क्षेत्रमा क्रियाशील रहेका छन् ।

भुवन देवकोटाको भूमिगत जीवनको आरम्भको समयमा उनी साहित्य क्षेत्रमा रचना र प्रकाशनका दृष्टिले निकै नै चर्चित बनिसकेका थिए । उनको साहित्ययात्रा ( प्रारम्भदेखि हालसम्मको अवधि) लाई पूर्वार्द्धकाल र उत्तरार्द्ध काल गरी दुई भागमा विभाजन गरिएको छ । भुवन देवकोटाले साहित्य यात्राको पूर्वाद्धकाल फुटकर कविता, भाषिक लेखन, गजल र लघुकथा आदि क्षेत्रमा कलम चलाएका छन् । यसै कालमा उनका रचनाहरू प्रकाशन पनि भएका छन् । उनले साहित्य र राजनीतिमा विभिन्न उपनामको प्रयोग गरेका छन् । यस कालमा पनि आभ्यासिक चरणका रचनाहरू कच्चा प्रकारका पाइन्छन् भने प्रकाशनको चरणबाट ती परिस्कृत हुँदै गएको पाइन्छ । उनको साहित्ययात्राको पूर्वाद्धकाल प्रारम्भदेखि भूमिगत जीवन हुँदै प्रकाशनको चरणसम्मलाई मानिएको छ ।

भुवन देवकोटाले उत्तरार्द्धकालमा पनि साहित्यिक रचनाहरू प्रशस्त लेखिने र छापिने गरेका छन् । उनको यस कालमा पूर्वार्द्ध कालको अनुपातमा साहित्ययात्रा बढी जटिल भए पनि साहित्यिक रचनाहरू परिष्कृत रूपमा मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादसँग निकट रहेर खटिएका छन् । उनले सामाजिक, राजनीतिक वृत्तमा देखिएका विभिन्न प्रवृत्तिलाई यस कालमा साहित्य रचनाको विषय बनाएका छन् । उनका यस समयका रचनाहरूमा बढी वर्ग द्वन्द्वात्मक र आक्रोशित भावका देखिन्छन् । यस कालमा उनको समग्रजीवनको महत्त्वपूर्ण मूल्याङ्कनका विषय बनेका रचनाहरू देखापरेका छन् । 'मेरी श्रीमती' शीर्षकको चर्चित कविता यसै कालको रचना र प्रकाशन हो । उनको साहित्यिक सक्रियतामा कविता, कथा, समालोचना, गीत, लेख

आदिमा कलम चलाएको पाइन्छ । उनको साहित्यको उत्तरार्द्ध काल समग्रमा 'मेरी श्रीमती'को प्रकाशन पछिको जीवन भरिको समयावधिलाई मानिएको छ ।

भुवन देवकोटाले साहित्यका विविध विधामा कलम चलाए पनि उनी मूल रूपमा कविता विधाका माध्यमबाट चिनिएका छन् । उनका कविताहरूको मूलस्वर मार्क्सवादी प्रगतिवादी चेतना नै हो । उनका फुटकर कविताहरू, अन्याय, अत्याचार, दमन, शोषण नारीपीडा आदि विषयमा केन्द्रित भएका छन् । उनले रचनाहरूमा राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशलाई समेटेका छन् । उनले नेपाली साहित्यका गोपालप्रसाद रिमाल, भूपी शेरचन आदिले अङ्गालेको लेखन शैलीलाई आत्मसात् गरी छन्दमुक्त गद्यलयमा रचनाहरू अगाडि बढाएका छन् । उनका अन्य विषयका रचनाहरू पनि यथार्थवादी र वस्तुवादी रहेका छन् । उनले साहित्यका दीन दु:खीका कथा, व्यथा, सत्य घटनालाई यथार्थमा उतोरका छन् । उनको साहित्य र राजनीतियात्राको संयुक्त हिँडाइले साहित्यका क्षेत्रमा देखिएको विकासलाई एकल रूपमा विस्तार गर्न कठिन भएको छ । उनका रचनाका दृष्टिले पुस्तकाकार कृतिहरू आनुपातिक रूपमा अत्यन्तै कम सङ्ख्यामा रहेका छन् । फुटकर रूपमा उनका रचना ४० को दशकबाट प्रकाशित भए पनि कृतिका रूपमा भने ६० को दशकपछि मात्र प्रकाशित भएको पाइन्छ । उक्त कृति 'मेरी श्रीमती' कवितासङ्ग्रह (२०६२) हो । उनको भूमिगत जीवनमा भएका अव्यवस्थित बसाइँ र प्रशासनिक दमनका कारण उनका रचनाहरू प्राय हराएको वा नस्ट भएको पाइन्छ । उनले रचना गरेका रचनाको बढी जानकारी नभए पनि भने जति सबै उपलब्ध छैनन् । तीमध्ये उपलब्ध रचनाहरू पनि अपूर्ण र अव्यवस्थित रूपमा छन् ।

'मेरी श्रीमती' कवितासङ्ग्रह कवि देवकोटा को जीवनमा अति महत्व राख्ने कृति बनेको छ । यसमा सङगृहीत २८ वटा कविताहरू उनका राजनीतिक र साहित्यिक जीवनका अत्यन्त महत्त्वपूर्ण र उत्कृष्ट प्रतिनिधि रचनाहरू हुन् । यी कविताहरूले देश जनता र समाजमा भएका बाहिरी र आन्तरिक द्वन्द्व र सङ्घर्षको

जीवन्त चित्र प्रस्तुत गरेका छन् । कवितासङ्ग्रहले समग्रमा विभिन्न विषयगत प्रस्तुतिमा केन्द्रित भई सामाजिक विषमताको वर्णन मार्क्सवादी दृष्टिकोणले गरी सर्वहारा वर्गलाई एकीकृत रूपमा सङ्घर्षमा उत्रन आह्वान गरेको छ । विश्व सर्वहारा वर्गका मित्र शक्तिको समर्थन र साम्राज्यवादी शक्तिको घोर विरोध गरिएको यस कवितासङ्ग्रहमा सरल भाषामा तत्सम, आगन्तुक, झर्रा, स्थानीय भाषाहरूका शब्द तथा अनुकरणात्मक शब्दहरू प्रयोग भएका छन् । यस्तो प्रयोगले उक्त कवितासङ्ग्रह रोचक र बोधगम्य बनेको छ । यो उनको प्रथम प्रकाशित कवितासङ्ग्रह हो । यसमा वि.सं. २०६२ सम्मका रचनाहरू सङ्कलन गरिएको छ । यस सङ्ग्रहका कविताहरूमा कलापक्षमा केही शिथिल खालका देखिए पनि अधिकांश कविताहरू कलापूर्ण भावात्मक दृष्टिकोणले उत्कृष्ट नै छन् । मार्क्सवादी प्रगतिवादी विचारोन्मुख यी रचनाहरूमा पीडित, दीनदुःखीका कथा व्यथालाई भुवनले उजागर गरेका छन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने प्रगतिवाद, सामाजिकता वर्ग द्वन्द्व, व्यङ्ग्यचेत, स्थानीयताको प्रभाव, प्रकृति चित्रण, नारी चित्कार आदि देवकोटाका रचनाहरूको केन्द्रीय विषय हो । विम्बात्मक तथा आकर्षक खालका शीर्षक, सरल शैली, वस्तुपरक यथार्थ प्रस्तुति, रचना सुहाउँदो भाषाको प्रयोगले उनका रचनाहरू कलात्मक र पठनीय बनेका छन् । सत्य घटनामा आधारित वस्तु यथार्थको प्रभावकारी चित्रण गर्नु वा वर्ग दुश्मनको खुलेर विरोध गर्नु र उनीहरूलाई खुला रूपमा आफू निर्भीक बनेर दिएको हाँकलाई कवितात्मक पारामा उतार्न सक्नु उनका रचनाका विशिष्ट पहिचान हुन् । कवि भुवन देवकोटा साँच्चिकै समाजका असल मार्गनिर्देशक, परिवर्तनका बाहक, क्रियाशील र समाजका असल साहसिक व्यक्तित्व हुन् ।

भुवन देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्वका विषयमा गरिएको यस शोधकार्यबाट उनका बारेमा अझै थप अध्ययन गर्न सकिने आधार बनेको कुरा प्रस्ट नै छ । उनी सम्बन्धी विविध, विषय र दृष्टिकोणबाट विद्धन्वर्गलाई केही सहयोग अवश्य

मिल्ने छ । भुवन देवकोटा र उनको साहित्य सम्बन्धी विशेष अध्ययन तथा अनुसन्धान गर्न सकिने केही शीर्षकहरू यसप्रकार छन् : -

- भुवन देवकोटाका कवितामा प्रगतिवाद
- गद्यकविका रूपमा भुवन देवकोटा
- गजलकारको रूपमा भुवन देवकोटा
- लघुकथाकारका रूपमा भुवन देवकोटा
- समालोचकका रूपमा भुवन देवकोटा

# प्रमुख सन्दर्भसामग्री


अधिकारी, हेमाङ्गराज (२०६१) **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं :, विद्यार्थी प्रकाशन प्रा.लि.

उदासी, टीकाराम (२०५९) **गजल सिद्धान्त र नेपाली गजलको इतिहास,** नेपाल : अतिरिक्त प्रकाशन ।

खनाल, पुरूषोत्तम (सम्पा.) **अन्तर्ध्वनि** (२०६४), वर्ष ४०, अङ्क ४, पूर्णाङ्क १५, दाङ : राप्ती साहित्य परिषद् ।

खनाल, पुरूषोत्तम (सम्पा.) **बहिङ्गा** (२०५९), अङ्क २, मुखपत्र ४, पृ. २, दाङ : प्रलेस ।

गिरी, अमर (२०५०), **दाङको साहित्यिक इतिहासमा अन्तर्ध्वनि,** वर्ष २७, पूर्णाङ्क २, दाङ : नारायणप्रसाद शर्मा ।

गिरी, अमर, (२०६३), 'समकालीन प्रगतिवादी कवितामा वर्ग द्वन्द्वको अभिव्यक्ति,' **झिसमिसे,** वर्ष २८, पूर्णाङ्क ३९ ।

गिरी, मधुसुदन, **खसानी** (२०५६) (सम्पा.), वर्ष १, अङ्क १, काठमाडौ : मध्यपश्चिमाञ्चल साहित्य परिषद् ।

गौतम, सुदीप (२०६१) **चौथो अङ्ग** 'नेपाल पत्रकार महासङ्घ दाङ : शाखासँग आबद्ध पत्रकारहरूको विवरण,' वर्ष ४ पृ. ३७ दाङ नेपाल पत्रकार महासङ्घ शाखा ।

गौतम, सुदीप (सम्पा.) **स्मारिका** (२०६१), पृ. १३, दाङ् : गाउँघर सातदिने ।

देवकोटा, भुवन (२०६२) **'मेरी श्रीमती'** दाङ : राप्ती साहित्य परिषद् ।

देवकोटा, भुवन (२०४९) **हाम्रा सुसेलीहरू** (गीतसङ्ग्रह) दाङ : माहुरी प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०२३), **राम्रो रचना मीठो नेपाली,** काठमाडौ : सहयोगी प्रेस ।

मजगैया, उत्तमकृष्ण (२०६४) 'दङ्गाली कथाकारको छोटो परिचय,' **अन्तर्ध्वनि,** वर्ष ४० अङ्क ४ पूर्णाङ्क १५, पृ. ६ दाङ : राप्ती साहित्य परिषद् ।

मजगैयाँ, उत्तमकृष्ण (२०६१) 'दाङका आधुनिक कालका कविहरू' **छन्दमा राप्ती**को भूमिकामा, दाङ : राप्ती कला केन्द्र ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०) **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

शर्मा, निर्मला (२०५९) 'दाङ जिल्लाका कवि र तिनका काविता कृतित्वको अध्ययन' । अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

शर्मा, पद्मप्रसाद (२०५९) 'साहित्य राजनीति र पत्रकारिताको एउटै नाम - भुवन देवकोटा' वर्ष २६, अङ्क १६४, **नयाँ युगबोध** ।

शर्मा, पद्मप्रसाद (२०६०) **प्रतिभा परिचय,** 'राप्ती साहित्य परिषद्को इतिहास,' दाङ : राप्ती साहित्य परिषद् ।

शर्मा, नारायणप्रसाद (२०६२) 'शरदका कविता पढ्दा,' भूमिका, **'मेरी श्रीमती'** ।

शर्मा, पद्मप्रसाद (२०६२) 'कवि भुवन देवकोटाको कवितासङ्ग्रह पढेपछि,' दाङ : **राप्ती समाचार,** वर्ष २०, अंङ्क २, अषाढ २० ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६०) **नेपाली गद्य र भाषा साहित्य** काठमाडौ : नवीन प्रकाशन ।

शर्मा, गिरीराज (सम्पा.) (२०६२) **अन्तध्वीनि,** पूर्णाङ्क ९, हीरक विशेषाङ्क : राप्ती साहित्य परिषद् दाङ ।

____________ (२०६२) 'निरङ्कुशताले मिचिएको मेरो मन,' **गाउँघर सात दिने,** वर्ष ११, अङ्क १६, चैत्र - ४ ।

शर्मा, नारायणप्रसाद (सम्पा.), **राप्तीदूत** (२०६२), वर्ष २८, अङ्क ५, पृ. ९, दाङ : राप्ती साहित्य परिषद्

____________ (२०६२) 'मुटुमाथि ढुंगाराखी हाँस्नुपर्‍या छ,' **गाउँघर सात दिने,** वर्ष १०, अङ्क ३९, भदौ ११ ।

____________ (२०६२) 'पश्चिमका जनताबाट ठूलो प्रेरणा पाएँ,' **गाउँघर सातदिने,** वर्ष ११, अङ्क १९, चैत्र २५ ।

शर्मा पद्मप्रसाद (सम्पा.), **बहिङ्गा** (२०६१), अङ्क ४, मुखपत्र पृ. ७, दाङ प्रलेस,

शर्मा, गिरीराज (सम्पा.) **अन्तर्ध्वनि** (२०६४), अङ्क ३ वर्ष ४०, पूर्णाङ्क १४, दाङ : राप्ती साहित्य परिषद् ।

शर्मा, नारायणप्रसाद (सम्पा.) **अन्तर्ध्वनि** (२०५०), वर्ष २७, पूर्णाङ्क २, दाङ नारायणप्रसाद शर्मा ।

शर्मा, नारायणप्रसाद (सम्पा.) **राप्तीदूत** (२०६१), रजतजयन्ती विशेषाङ्क, दाङ : राप्ती साहित्य परिषद् ।

____________**सन्देश** (२०६१), वर्ष २६, अङ्क २, दाङ : नेकपा (एमाले) ।

सापकोटा, सूर्यनाथ (२०६२) 'शरदका कविता पढ्दा,' भूमिका : '**मेरी श्रीमती**' ।

सिलवाल, नकुल (२०५१) **बगर,** वर्ष १३, पूर्णाङ्क ४५ दाङ : समकालीन साहित्य ।

सुवेदी, केशव (सम्पा.) (२०५३) 'राप्तीको कविता परम्परा,' **मध्यपश्चिमका कविता**मा सङ्कलित, काठमाडौ : मध्यपश्चिमाञ्चल साहित्य परिषद् ।

सुवेदी, केशव (२०५३) **मध्यपश्चिमका कविता,** काठमाडौं : मसाप ।

__________ (२०६५) 'भाषा साहित्यको उत्थानमा सहयोगी बनेको पुस्तक,' दाङ : **गणतन्त्र राष्ट्रिय दैनिक,** वर्ष १, अङ्क १४० अषाढ ६, शुक्रबार ।

__________ (२०६५) 'यो चाकडीको भाषा नभएर अरू के हो त ?' **गणतन्त्र राष्ट्रिय दैनिक,** जेष्ठ २४ ।

__________ (२०६५) 'सम्झनामा तरेलीमा कृष्णा सेन,' **गणतन्त्र राष्ट्रिय दैनिक,** जेठ १७ गते, शुक्रवार ।

__________ (२०६४) 'गिरीको दुःसाध्य समयलाई नियाल्दा,' **गणतन्त्र राष्ट्रिय दैनिक,** वर्ष १ अङ्क २५, माघ ११, शुक्रवार ।

__________ (२०६२) 'यसरी म उनको कुराहरू चुपचाप सुनिरहें,' **गाउँघर सातदिने,** वर्ष १०, अङ्क ३४, साउन ८ ।

__________ (२०६१) 'साँच्चि जवाफ खोज्नै पर्छ कलमदेखि डराउनेहरू सँग,' **गाउँघर सात दिने,** दाङ : वर्ष ९ अङ्क ४१, भाद्र १२ ।

__________ (२०६५) 'मनभित्रको मझेरीमा उदाएका महरा,' **गणतन्त्र राष्ट्रिय दैनिक,** जेठ ३ शुक्रबार ।

__________ (२०६५) 'म आफूलाई पटक पटक सोध्ने गर्छु के लेखौं,' **गणतन्त्र राष्ट्रिय दैनिक,** वैशाख २० ।

__________ (२०६४) 'अग्रासन भित्र एकै छिन,' **गणतन्त्र राष्ट्रिय दैनिक,** चैत्र ८ ।

_____________ (२०६४) 'पुस्तान्तर उपन्यास एउटा गतिलो दस्तावेज,' **गणतन्त्र राष्ट्रिय दैनिक,** चैत्र, १५ ।

_____________ (२०६५) 'अन्तरर्ध्वनिको माघ चैत्र अङ्कलाई नियाल्दा,' **गणतन्त्र राष्ट्रिय दैनिक,**अषाढ १३ शुक्रबार ।

_____________ (२०६४) 'पाठकहरूको माया पाउन सफल अन्तर्ध्वनि,' **गणतन्त्र राष्ट्रिय दैनिक,** चैत्र, २९ शुक्रवार ।


_____________ (२०५४) **दाङका सुसेलीहरू,** भूमिकामा, दाङ : प्रलेस ।

# परिशिष्टहरू

## परिशिष्ट एक

भुवन देवकोटाको पारिवारिक वंशलाई वृक्षरूपमा सम्भव भएसम्मको खोज गरी यसरी तल प्रस्तुत गरिएको छ ।

**भुवन देवकोटाको वंशवृक्ष**




स्रोत : पारिवारिक जानकारीबाट प्राप्त

## परिशिष्ट दुई

शोधनायककी श्रीमती राधा पोखेलसँग प्राप्त गरेको जानकारी विवरण :

१. यहाँको जन्म कहाँ र कहिले भएको हो र यहाँहरू कति भाइबहिनी हुनुहुन्छ ?

= मेरो जन्म वि.सं. २०२१ सालमा दाङ सौडियार गा.वि.सं. - ८ बेलहरीमा भएको हो । हामी ६ बहिनी र एक जना दाजु र एक जना भाइ गरी जम्मा ८ भाइबहिनी छौं ।

२. तपाईंका बुबाआमाको नाम बताइदिनुहुन्छ कि ?

= मेरो बुबाको नाम चिन्तामणि पोखेल र आमाको नाम गङ्गा पोखेल हो ।

३. तपाईंको बाल्यकाल र शिक्षा बताइदिनुहुन्छ कि ?

= घरको आर्थिक अवस्था कमजोर भएको र विद्यालय पनि टाढा भएको हुँदा पाँच कक्षासम्म मात्र पास गरेकी छु ।

४. तपाईंको दाम्पत्यजीवन र छोराछोरीका सम्बन्धमा बताइदिनुहुन्छ कि ?

= मेरो वि.सं. २०३८ जेष्ठ १ गते दाङ लक्ष्मीपुर निवासी चूडामणि उपाध्यायका कान्छा छोरा भुवन देवकोटासँग मागी विवाह भएको हो । हाम्रो दाम्पत्य जीवन आर्थिक अवस्था बाहेक अरूमा राम्रो छ । माया स्नेह छ । हाम्रा छोरीहरू दुईवटी र छोरा एउटा छ । दुई छोरी मध्ये जेठी छोरीको नाम सुष्मिता देवकोटा हो र उनको जन्म २०३९ मा भएको हो । कान्छी छोरीको नाम मंजिता देवकोटा हो र उनको जन्म वि.सं. २०४३ सालमा भएको थियो । छोराको नाम मनोज देवकोटा हो र उसको जन्म वि.स. २०४६ मा भएको हो ।

यी छोराछोरीमध्ये जेठी छोरीको विवाह भइसकेको छ भने कान्छी छोरी र छोरा अझै अध्ययनरत छन् ।

५. यहाँले विवाहपूर्व भुवन देवकोटालाई चिन्नु भएको थियो ?

= विवाहभन्दा पहिले भुवन देवकोटालाई देखेकी थिएँ । उहाँ मेरो दाजुसँग सँगै पढ्ने भएको हुँदा र मेरो न्वारन भुवन देवकोटाका बुबाले गरिदिनु भएको हो । भुवन देवकोटा हाम्रो घरमा आउने जाने गर्नुहुन्थ्यो ।

६. तपाईंलाई विवाहपछि श्रीमान्ले पढाउने प्रयत्न गर्नु भएको कि भएन ?

= विवाहहुँदा मेरो उमेर पनि बढी भइसकेको थियो । उहाँ कहिले जेल पर्ने त कहिले भूमिगत बसेको कारणले मेरो पढाइ अघि बढ्न नसकेको हो । त्यति वेला बुहारीले पढ्ने चलन पनि धेरै थिएन ।

७. तपाईंलाई श्रीमान्को राजनीतिक गतिविधिले कस्तो प्रभाव पार्‍यो ?

= हाम्रो विहे भएको एक वर्षपछि भुवन देवकोटा लगातार तीन वर्ष जेल परेपछि सुरुसुरुमा त आत्तिएँ तर पछि जस्तोसुकै दुःखमा पनि आत्तिनु हुँदैन भन्ने पाठ सिकेँ । २०४५ सालमा फेरि जेल पर्नु भयो र एक वर्षपछि छुट्नु भयो । तपाईंले राजनीति नगर्नुस् भनेर मैले कहिल्यै भनीन । दुखपछि सुख आउँछ भने झै त्यति दुःख पाएको मेरो श्रीमान्ले रोजेको बाटो सही रहेछ भन्ने कुरा बहुदल आएपछि थाहा भयो । उहाँ गा.वि.स. अध्यक्ष पनि हुँदा झनै खुसी लाग्यो ।

८. घरको आर्थिक अवस्था र श्रीमान्को पत्रकारिता पेसाका बारेमा बताइदिनु हुन्छ कि ?

= घरको आर्थिक अवस्था कमजोर नै हो । घर पनि मजबुत छैन । हाम्रो जग्गा पनि थोरै छ र उत्पादनका दृष्टिले पनि कमजोर नै छ । पत्रकारिता काम गरेर कति पो पैसा हुन्थ्यो र ! फेरि भएको रकम सञ्चय गर्ने बानी पनि थिएन । उहाँको कमाइले घरमा कुनै आर्थिक सुधारको कार्य हुन सकेन ।

९. तपाईंको श्रीमान्ले घरमा रहँदा अध्ययन कत्तिको गर्नुहुन्थ्यो ?

= घरमा बस्दा उहाँ अध्ययनभन्दा घरको काममा बढी व्यस्त हुनुहुन्थ्यो । खाली समय हुँदा भने पुस्तकहरू पढिरहने गर्नुहुन्थ्यो । बाहिरतिर जाँदा पनि अध्ययन गर्ने पुस्तकहरू बोकेर हिड्नुहुन्थ्यो ।

१०. तपाईंले श्रीमान्का पुस्तक र रचनाहरूको कत्तिको ख्याल गर्नुहुन्थ्यो ?

= म घर व्यवहारमा अलि व्यस्त हुन्थे । त्यसैमा अकस्मात् पुलिसले छापा पनि मारे । त्यस समयमा त्यत्ति ख्याल गर्न सकिएन । प्रशासनको डरले रचनाहरू पनि अस्तव्यस्त भए । तसर्थ कतिपय रचनाहरू राखेकै ठाउँबाट नस्ट भए भने कतिपय प्रहरीबाट लुटिए र केही रचना आफू लुक्ने ठाउँमै हराए । प्रहरीले छापा मार्दा उहाँका रचना र शैक्षिक योग्यताका प्रमाणपत्रहरूसमेत गायव भए । उहाँ जेल परेको (२०३९) सालमा घरमा खानतलासी गर्न पुलिसहरू हाम्रो घरमा आए । त्यसपटक भने म मेरी जेठी नन्द पुष्पा देवकोटा मिलेर घैटोमा उहाँका रचनाहरू र केही राजनैतिक विषयका पुस्तकहरू राखेर पानी भर्न जाने निहुँले धारोतिर गयौं । पुलिसहरू गइसकेपछि मात्र हामी घर फर्कियौं । यसरी हामीले उहाँका सामग्री जोगाएका थियौं । त्यसपछि मैले उहाँका रचनाहरू जतन गरेर राख्दै आइरहेको छु ।

११. तपाईंको श्रीमान् भूमिगत हुनुपूर्व केही जानकारी थियो ?

= जानकारी थियो ।

१२. तपाईंको श्रीमान् भूमिगत भएपछि प्रहरीले घरमा कत्तिको दुःख दिए ?

= उहाँ भूमिगत भएपछि एकपटक मात्र प्रहरीहरू घरमा खानतलासी गर्न भनी आए । उहाँलाई घरमा नभेट्टाएपछि उनीहरूले अपशब्द प्रयोग गर्दै हामीसँग अभद्र व्यवहार गरे । उनीहरूको व्यवहार हेर्दा यस्तो भान हुन्थ्यो कि उनीहरू मानिस नै होइनन् ।

१३. तपाईंको श्रीमान्लाई शारीरिक व्यक्तित्वबाट कसरी चिन्न सकिन्छ ?

= गोरो अनुहार, ठूलो नाक र ठूला, काला आँखा भएको ठीक्कको शरीर बाक्ला जुङ्गा भएका व्यक्तित्वका साथै सामान्य सट पैन्ट लगाउने, कपडा नमिलाएर अस्तव्यस्त पार्ने उहाँको बानी छ ।

१४. तपाईंको श्रीमान्को कुनै रोग थियो वा थिएन ?

= त्यस्तो कुनै थिएन र अझैसम्म छैन पनि सामान्य रूपमा ज्वरो, रूघाखोकी, काँसो त लागिहाल्छ नि ।

१५. तपाईंको श्रीमान् भूमिगत अवस्थामा घरमा आउँदा कस्तो देखिनु हुन्थ्यो ?

= रूघाखोकी लागेको समयमा वा विरामी भएमा बाहेक मैले उहाँका कपडा धोइदिएको छैन । उहाँ आफै धुनुहुन्छ । यो बानी छुटेको छैन । भूमिगत हुँदको अवस्थामा घरमा आउँदा उहाँको अनुहार कहिल्यै पनि मलिन भएको देखिएन । उहाँको उज्यालो अनुहारमा आउनु हुन्थ्यो ।

१६. तपाईंको विहेपछि पनि उहाँ जेल जानुभयो कि ?

= अवश्य, मेरो विहे नहुँदै वि.सं. २०३६/०३७ को विद्यार्थी आन्दोलनपछि उहाँ भूमिगत हुनुभयो । पछि २०३८ सालमा हो मिति थाहा भएन, भर्खर भर्खर हाम्रो विहे भएको थियो । पछि फेरि जेल बस्नु पऱ्यो ।

१७. तपाईंले आफ्नो श्रीमान्को साहित्यिक काममा कत्तिको सहयोग गर्नुभएको छ ?

= मैले उहाँलाई साहित्यिक काममा सहयोग गर्दै आएको छु । उहाँ फुर्सदको समयमा लेख्ने र पढ्ने गर्नुहुन्थ्यो । लेखपढ गर्दा राम्रो त हो भनेर सन्तोष गर्थे । साहित्यिक कार्यक्रममा उहाँसँग धेरै पटक धेरै ठाउँमा सँगै गएकी छु । उहाँले लेखेको ‘मेरी श्रीमती’ कवितासङ्ग्रहको विमोचन मैले नै गरेकी हुँ । कोठाभरि त्यत्ति धेरै मानिसका सामु अतिथि बनेर कवितासङ्ग्रहको विमोचन गर्दा पहिलेका सबै दुःख बिर्सें । त्यसबाट त सबभन्दा खुसी भएकी थिएँ ।

१८. तपाईंको श्रीमान्ले राजनीति गर्दा कुनै भ्रष्टचार गर्नुभयो ?

= भ्रष्ट्रचार गरेको भए आज के खाँऊ के लाऊँ भन्ने हुने थिएन होला । गा.वि.स. अध्यक्ष हुँदा महिनाको रू. १५००/- भत्ता हुन्थ्यो । त्यो भन्दा बढी गाउँघर पत्रिकामा काम गर्दा थियो । उहाँलाई कसैले पनि भ्रष्ट्रचार गरेको भनेर भनेको छैनन्, तपाईंले पनि सोध्न सक्नुहुन्छ । आजभोलि दैनिक पत्रिकामा काम गर्नुहुन्छ । यसरी नै गुजारा चलेको छ । के खाँऊ के लाऊँ भन्ने अवस्थाको अलि सुधार छ ।

१९. श्रीमान्को कार्यबाट तपाईं कत्ति सन्तुष्ट हुनुहुन्छ ?

= म अत्यन्त सन्तुष्ट छु । पत्रकारको सम्मानित पेसामा जुटेकोमा झनै खुसी छु ।

२०. उहाँले घरमा कुनै समयसम्म लामो समय दिनुभएको छ ?

= अब त हप्तामा एक दिन घर आउनु हुन्छ । बाँकी ६ दिन पत्रिकाको काममा घोराही मै बस्नुहुन्छ । एक दिन घर आउँदा छोराछोरी र मलाई पनि त समय दिनु पऱ्यो नि, हैन र ?

# परिशिष्ट - तीन

शोधनायकका साहिँला दाजु प्रेमप्रकाश देवकोटासँग मिति २०६५/५/१० गते उनकै घर दाङ लक्ष्मीपुरमा पुगी लिइएको जानकारी

१. तपाईंको पुर्ख्यौली घर कहाँ हो ?

= हाम्रो पुर्ख्यौली थलो जुम्ला हो भन्ने सुनेको छु तर यथार्थ थाहा छैन । त्यसको खोजी गर्न बाँकी नै छ तर हाम्रो बुबा भने यही जन्मी हुर्किनु भयो ।

२. तपाईंहरूको थर, गोत्र र तीन पुस्ताको नाम बताइदिनु हुन्छ कि ?

= हाम्रो थर देवकोटा हो । गोत्र भारद्वाज हो । हाम्रा बुबाको नाम चूडामणि उपाध्याय, बाजे लोकनाथ उपाध्याय र बूढा बाजे टीकाराम उपाध्याय हो ।

३. तपाईंको पूरा पारिवार सदस्य कतिजना हुनुहुन्थ्यो ? र हाल कतिजना हुनुहुन्छ ?

= हामी दुई भाइ म र भुवन तथा तीनओटी बहिनी गरी ५ भाइबहिनी, आमा र बुबा गरी जम्मा सात जना र 'मेरी श्रीमती' र हाम्रा दुईओटा छोरा, भुवनको श्रीमती र उसका तीन सन्तान गरी जम्मा जम्मी हामी कुल १४ जनाको परिवार बुबाबाट हो । वि.सं. २०४६ मा भिन्न भयौँ । आमा २०५८ सालमा र बुबा २०४० सालमा नै वित्नुभयो । बुबा बितेपछि हाम्रो भुवनको झनै उच्च शिक्षाको अध्ययनमा बाधा पऱ्यो । अहिले हामी ५ जनाको मात्र परिवार छौं । समग्रमा हाम्रो बुबाबाट भएका हाम्रो परिवारमा जम्मा जम्मी २४ जनाको नाम यसप्रकार छ :

| | | |
|---|---|---|
| बुबा | - | चूडामणि उपाध्याय |
| आमा | - | सीतादेवी उपाध्याय |
| जेठो छोरा | - | प्रेमप्रकाश देवकोटा (म) |
| कान्छो छोरा | - | भुवन देवकोटा |
| जेठी छोरी | - | पुष्पा देवकोटा |
| महिली छोरी | - | बसन्ता देवकोटा |
| कान्छी छोरी | - | शारदा देवकोटा |
| नातीहरू | - | शिशिरकुमार देवकोटा (जेठो छोराबाट) |
| | - | अनुप देवकोटा (जेठो छोराबाट) |
| | - | मनोज देवकोटा (कान्छो छोराबाट) |
| बुहारीहरू | - | सुशीला देवकोटा (जेठी) |
| | - | राधा (देवकोटा) पोखेल (कान्छी) |
| नातिनीहरू | - | सुष्मिता देवकोटा (कान्छो छोराबाट) |
| | - | मंजिता देवकोटा (कान्छो छोराबाट) |

४. तपाईंको भाइ भुवनको जन्मसालका बारेमा बताइदिनु हुन्छ कि ?

= हामी चार वर्षले जेठा कान्छा छौं । भाइ जन्मदा म चार वर्षको थिएँ । उनी वि.सं. २०१६ सालमा जन्मिएका हुन् । त्यो दिन असोज १५ गते, विहीवार, चतुर्दशी तिथि परेको थियो, समय भने विहान ८:३० बजेको थियो । हालको यही बस्ती दाङ जिल्लाको लक्ष्मीपुर गा.वि.स. को वडा नं. ४ मा नै उनी जन्मिएका थिए ।

५. भुवन देवकोटाको शिक्षारम्भ कसरी भयो ?

= भुवनको शिक्षारम्भ घरमै पिताका साथमा स्कुल भर्ना हुनुभन्दा पहिल्यै रूद्रि र चण्डीसँगै भएको हो । पछि औपचारिक रूपमा नि.मा.वि चौघेरा वि.सं. २०२२ सालमा आरम्भ भयो । त्यसबेला उनी ६ वर्ष पुगिसकेका थिए । पछि भने विद्यार्थी कालमै जेल पऱ्यो । पछि त पढ्ने वातावरण नै राम्रो बनेन् । ऊ अलि जोसिलो र पढाइभन्दा राजनीतिमा बढी ध्यान दिने खालको थियो । सरदरमा भन्ने हो भने उच्च शिक्षा हासिल गर्ने वातावरण बनेन । कहिले भूमिगत त कहिले जेल एकपटक मैले उसलाई पढाइ खर्च पुऱ्याइदिन्छु तँ बनारस गएर पढ भनेँ । बरू पढाइ छाड्छु, भूमिगत भएरै भए पनि आफ्नो लक्ष्य छाड्दिन भन्ने जबाफ पो दिएको थियो ।

६. भुवन देवकोटाको शिक्षा कति हो र त्यो कसरी पूरा भयो ?

= उसको शिक्षा एस्.एल.सी. मात्रै हो तर आधिकारिक प्रमाणपत्र राजनीतिकै कारण उसबाट गायब भएका छन् । कक्षा ३ सम्मको अध्ययन नि.मा.वि. चौघेरा दाङमा र कक्षा ४ देखि १० सम्मको अध्ययन सिद्धरत्ननाथ उ.मा.वि. नारायणपुर दाङबाट विभिन्न समस्याको वाबजुद पनि निकै कष्ठपूर्वक कहिले जेल, कहिले भूमिगत हुँदै पूरा भयो ।

७. भुवन देवकोटाको बाल्यस्वभावका बारेमा केही बताइदिनुहुन्छ कि ?

= ऊ अलि हठी र जण्ड स्वभावको थियो । भनेको जस्तो भएन भने घरमा उधुमै मच्चाउने गर्थ्यो तर ढाँट्ने र पैसा चोर्ने काम भने कहिल्यै गरेन ।

८. भुवन देवकोटाको बिहेको बारेमा केही बताइदिनुहुन्छ कि ?

= भुवनको विहे वि.सं. २०३८ साल जेठ २१ गते दाङ सौडियार गा.वि.स., बेलहरी निवासी चिन्तामणि पोखेलकी छोरी, राधा पोखेलसँग सम्पन्न भएको हो । त्यस समयमा उनी १७ वर्षकी थिइन् । भूमिगत नेताहरू तत्कालीन नेकपा (

एमाले) हाम्रो घरमा आउने बस्ने गर्नुहुन्थ्यो । नेत्रलाल अभागी पनि हाम्रो घरमा बरोबरा आउने र बैठक गर्ने गर्नुहुन्थ्यो । भूमिगत साथीहरूले नेत्रलाल अभागीको भाञ्जी छिन्, भनेर भुवनको विहे उनीसँगै गराइदिने प्रस्ताव राख्नु भयो । भाइ भुवनलाई सोध्यौं, उसले पनि हुन्छ भन्यो, हामीले पनि राम्रो मानेर विहेको प्रस्ताव मञ्जुरी भएर विहे भएको हो । पछि त प्रहरीले भूमिगत वेला नेत्रलाल अभागीको भाञ्जी बिहे गर्ने ? विहेमा नेत्रलाल आएको हुँदो हो । अहिले कहाँ छ ? उसलाई घरमा बसाउने ? खान दिने भनेर हप्काएको कुरा भाइले मसँग भनेको थियो । त्यही निहुँ बताएर प्रहरीले गिरफ्तारसमेत गरेको थियो ।

९. तपाईं कहिले घरबाट छुट्टिनु भएको हो ?

= संयुक्त परिवारबाट म र भुवन वि.सं.. २०४६ सालमा छुट्टिएका हौं ।

१० अन्तमा, तपाईं भुवन देवकोटाको साहित्यिक गतिविधिबाट कत्तिको सन्तुष्ट हुनु हुन्छ ?

= भुवनले सानैदेखि साहित्यतर्फ रूचि राख्ने गर्थ्यो । उसले पढाइमा धेरै योग्यता हासिल गर्न नसके पनि राजनीति र साहित्यमा लागेर राम्रै काम गरेको छ भन्ने मलाई लागेको छ । दाम नकमाए पनि नाम भने साहित्यबाट राम्रै कमाएको जस्तो लाग्छ । नेपालको साहित्यिक फाँटमा कथा, कविता र अन्य लेखहरूको माध्यमबाट सामाजिक विकृतिको भण्डाफोर गर्दै जनजागरण गराउने काम गरेको हुनाले उसले सामाजिक क्षेत्रमा साहित्यमार्फत् राम्रै सेवा गरेको मान्दछु ।

## परिशिष्ट - चार

शोधनायक भुवन देवकोटाका सम्बन्धमा शोधका क्रममा दाङ जिल्लामा उनीसँग निकट भएका साथीहरू र उनी भूमिगत हुँदाका बखतमा उनका बारेमा जान्ने बुझ्ने बुद्धिजीवी, समाजसेवी, प्राध्यापक, साहित्यकार र शिक्षकसँग लिइएको जानकारीलाई सङ्क्षिप्त रूपमा मिति र स्थान उल्लेख गरी केही आवश्यक अंश यहाँ दिइएको छ ।

१. नारायणप्रसाद शर्मा, त्रि.न.न.पा. ११ मिति २०६५/५/१२ गते

सम्पादक- नयाँ युगबोध राष्ट्रिय दैनिक, पत्रकार

(क) भुवन देवकोटाले साहित्य र राजनीति दुबैलाई कसरी एकैसाथ अगाडि बढाउनु भयो ?

= जीवनका अनेक पाटा हुन्छन् अङ्गका अनेक अवयव झै राजनीति र साहित्य पनि भावजगत् र कर्मजगत्का अलग पाटा हुन् । यिनको सम्बन्ध पनि हाड मासु जस्तै छुटाउन मात्र खोज्नुको अर्थ छैन । महान् राजनीतिक कर्मीहरू, महान् साहित्यकार बनेका छन् र महान् साहित्यकारहरू महान् राजनीतिक कर्मी पनि बनेका छन् । भुवन देवकोटा पनि यसका अपवाद छैनन् । पढ्दा पढ्दै कलिलै उमेरमा उनी ने.क.पा मालेको क्रान्तिकारी अभियानमा समर्पित भए । त्यही क्रान्तिकारी राजनीतिक चिन्तन उनको साहित्यमा स्वभावत अभिव्यक्त भयो ।

(ख) भुवन देवकोटाको साहित्ययात्राले प्रगतिवादी धारामा दाङमा कस्तो प्रभाव पाऱ्यो ?

= यस्ता कुरामा ठीक नापो गर्न कठिन हुन्छ तर पनि उनको साहित्यिक यात्रा प्रगतिवादी धारमा मिसिंदा राम्रो प्रभाव परेको छ । 'मेरी श्रीमती' कर्फ्यू लागेको जिन्दगी उनका उच्चकोटीका जीवनमूलक सशक्त रचना हुन् ।

२. पद्मप्रसाद शर्मा, ढिकपुर गा.वि.स. - ७ अस्पारा, दाङ, मिति २०६५ /५/१३

अध्यक्ष - प्रलेस, दाङ, शिक्षक दाङ ।

(क) भुवन देवकोटाका रूचि र अध्ययनका विषयवस्तुका बारेमा तपाईंलाई केही थाहा छ कि ?

= विद्यार्थी अवस्थादेखि नै पाठ्यपुस्तकका अतिरिक्त बाह्य पुस्तक अध्ययन गर्न रूचाउनु हुने शरद देवकोटा खास गरी कविता अध्ययनमा बढी रूचि राख्नु हुन्थ्यो । जेल बसाइका क्रममा साहित्य लेखनमा अभिरूचि बढाउनु भएका देवकोटाले कथा तथा उपन्यास अध्ययनमा पनि रूचि राख्नु हुन्छ । फुर्सदको समयमा समसामयिक लेखसमेत अध्ययन गर्ने र राजनीतिक विषय भए छलफल समेत चलाउने उहाँको बानी नै हो । साहित्यकारका साथमा समाजसेवी तथा विशिष्ट राजनीतिक व्यक्तित्वका जीवनी अध्ययन गर्ने र आफूलाई लागेका सान्दर्भिक विषयवस्तु जीवनका घटना, कुराकानीका सन्दर्भमा उहाँ उदाहरणका रूपमा पस्कनु हुन्छ ।

यसरी हेर्दा शरद देवकोटाका लागि अभिरूचिका साहित्यका विधाहरूमा कविता, कथा, उपन्यास र समसामयिक लेखरचना पर्दछन् । आफूले अध्ययन गरेका पुस्तकको चर्चा गर्नु पनि उहाँको विशेषता हो ।

(ख) पत्रकारिताको क्षेत्रमा भुवन देवकोटाको संलग्नता र योगदानको बारेमा तपाईंलाई के थाहा छ ?

=   औपचारिक शिक्षा हासिल गर्ने क्रममा राजकाज मुद्दा खेप्नु मात्र होइन पटक पटक जेल जीवनसमेत व्यतित गर्नु भएका शरद देवकोटा पत्रकारिता क्षेत्रमा भुवन देवकोटाका नामले परिचित हुनुहुन्छ ।

वि.सं. २०४२ सालदेखि रामप्रसाद प्रदीपको सम्पादकत्वमा प्रकाशित हुने राप्ती समाचार साप्ताहिकमा संलग्नता नै उहाँको पहिलो पाइलो हो । राप्ती समाचारमा उहाँ सहयोगीका रूपमा प्रवेश गरेर केही समय सह-सम्पादक पदमा रहेरसमेत कार्य सम्पन्न गर्नु भएको हो ।

राप्ती समाचारमा प्रवेश गरेदेखि साहित्य र पत्रकारितालाई एक साथ उठाउँदै लानु भयो । भुवन देवकोटा गाउँघर सातदिने, नयाँ युगबोध साप्ताहिक हुँदैं गोरखापत्र दैनिकमा समेत रहेर पत्रकारिता क्षेत्रलाई विस्तार गर्नु भयो । २०४३ सालदेखि पत्रकारिता क्षेत्रमा संलग्न भुवन देवकोटासँग राजधानीबाट प्रकाशित हुने बुधबार साप्ताहिकमा समेत समाचार दाताको रूपमा रहेर कार्य गरेको अनुभव छ । हाल दाङबाट प्रकाशित हुने गणतन्त्र राष्ट्रिय दैनिकको कार्यकारी सम्पादक भुवन देवकोटाले पत्रकार महासङ्घको कार्य समितिमा रहेर पनि विभिन्न समयमा काम गर्नु भएको छ ।

दाङमा रहेर दाङ र राजधानीलाई पत्रकारिताका माध्यमबाट पटक पटक जोड्नु भएका भुवन देवकोटा दाङका पाका पत्रकारमध्ये एक हुनुहुन्छ भन्दा कत्ति पनि फरक पर्ने छैन ।

३.   पुरूषोत्तम खनाल, दाङ, त्रि.न.न. पा.- ११, भरतपुर, मिति २०६५/५/१४ गते

अध्यक्षः राप्ती साहित्य परिषद्, दाङ, शिक्षक

(क)   भुवन देवकोटाको साहित्यिक विशेषताको बारेमा भन्नु पर्दा तपाईं के भन्नुहुन्छ ?

= भुवन देवकोटा एउटा जुझारू यथार्थवादी वर्गीय दृष्टिकोण स्पष्ट भएका व्यक्ति हुन् । जस्तो देख्यो उस्तै लेख्ने कविका रूपमा हामीले उनलाई पाउँछौं । उनको कलम छन्द कविता होस् वा गद्य कविता होस् दुबैमा सरल भाषामा भाव, कला पक्षलाई समाएर सधैं एकनाससँग दौडन सक्छ । उनी कथाकार पनि हुन् । उनका रचनाहरू प्राय मार्क्सवादी दर्शनबाट प्रभावित भएर लेखिएका हुन्छन् । अन्याय - अत्याचार, शोषण, दमनका विरूद्धजान र शोषित पीडितका सुखदुःखसँग सामिप्य स्थापना गर्नु कविको विशेषता हो ।

तर म भने झुपडीमा बसेको छु

र झुपडीकै प्रशंसा गर्ने गरेको छु

रातो माटोले लिपेको आफ्नै आँगनको तुलसीको मठ पनि

पराई हातमा लिलामी चढ्दै गरेको यस घडी

...................... यसरी मेरो लामो कविता मन मै झुपडी ।

(ख) तपाईं भुवन देवकोटालाई कसरी चिन्नु हुन्छ ?

- नाताका हिसाबले भाइ भनेर चिन्छु ।
- केही समय रात्रि मा.वि. रझेनामा पढाएकोले शिष्य भनेर चिन्छु ।
- साहित्यकारका हिसाबले अझ विशेषसँग चिन्छु भने पत्रिका सम्पादन पनि गर्दै गएकोले एउटा योग्य पत्रकार मित्रको रूपमा पनि चिन्ने गर्छु ।
- राजनीतिक व्यक्ति पनि भएकाले सहयात्री सहयोगीको रूपमा चिन्ने गर्छु ।

- यिनले राप्ती साहित्य परिषद् दाङबाट २०४८ सालमा धनेश्वर साहित्य पुरस्कार पनि प्राप्त गरेको छन् । राप्ती साहित्य परिषद्को आजीवन सदस्य पनि भएकोले परिषद्को सहयोगीका रूपमा चिन्छु साथै 'राप्तीदूत' प्रकाशनमा पूर्ण जिम्मेवारी पनि वेला-वेलामा लिई काम गरेकाले अनन्य मित्रका रूपमा चिन्छु ।

४. गिरीराज शर्मा त्रि.न.न. पा. - ६, मसिना, दाङ : साहित्यकार एवम् बुद्धिजीवी, मिति २०६५/५/१५ गते ।

(क) भुवन देवकोटाको साहित्यसम्बन्धी तपाईंको जानकारी बताइदिनुहुन्छ कि ?

= भुवन देवकोटा कवि मात्र नभएर असल समीक्षक, कथाकार र लघुकथाकार पनि हुन् । राष्ट्रिय प्रतिभा स्तरमा दाँजिना लायक भुवन देवकोटाको लेखनमा अझै निखार आओस भन्ने कामना गर्दछु । कहिल्यै पनि आस्थामा विचलित नहुने प्रगतिवादी स्रष्टा भुवन देवकोटाका निम्न पङ्क्तिहरू पढ्दा उनलाई चिन्न र बुझ्न थप सहयोग प्राप्त हुने मनसायले उनका कविताका केही पङ्क्तिहरू : ..................

चित्त बुझ्दैन केही लेखौं
आँखी होइन्छ कि भन्ने डर
मन मान्दैन केही बोलौं
बाइलो होइन्छ कि भन्ने डर

यो कविता मुक्तक ढाँचामा लेखेका छन् र उनको यो मुक्तक नै मलाई सबैभन्दा बढी मन पर्ने कविता हो ।

त्यस्तै 'प्रियसीलाई पत्रमा'

साँच्चै यस्तो छलकपटको हुन्न फेरि कज्याई
विहानीको भिमभिससँगै जान्छ त्यसको रजाई
दिकदारीमा मन डुमिदिँदा जिन्दगी हुन्न राम्रो
छाती थामी बस बरू नयाँ आउला दिन हाम्रो

यसरी उनका कविताहरू स्तरीय देखिन्छन् । उनीले दाङको साहित्यिक फाँटमा ठूलै योगदान पुऱ्याएका छन् ।

(ख) भुवन देवकोटाको प्रगतिवादी साहित्यमा दिएको योगदानबारे केही बताइदिनु हुन्थ्यो कि ?

= मिति २०१६ सालमा जन्मेका भुवन देवकोटा आफ्नो जीवनका कठिन आरोह अवरोह पार गर्दै प्रगतिवादी साहित्यको फाँट र पत्रकारिता जगतमा क्रियाशील व्यक्तित्वको रूपमा खास गरेर दङ्गालीहरूका माभ्र चिनिएका स्रष्टा हुन् ।

उनीसँग विद्यार्थीकाल देखिनै सम्पर्कमा रहेकाले पनि भुवन देवकोटा सँगका अतीत यतिखेर मेरो मनमा सलबलाई रहेका छन् । यसो भन्दा भुवन देवकोटाको साहित्यिक योगदान विद्यालयमा गरिने शुक्रवारीय कार्यक्रमदेखि नै रही आएको छ ।

पञ्चायतकालीन समयमा रचनाहरू प्रतीकात्मक रूपमा लेखिने गर्दथे । त्यो प्रयोग देवकोटाले पनि गरे । साधना गर्दा गर्दै यता आएर प्रगतिवादी फाँटमा भुवन देवकोटाका रचनाहरू स्तरीय र पठनीय हुँदै आएका छन् । यसको ज्वलन्त उदाहरण भुवन देवकोटाको प्रकाशित असल कृति 'मेरी श्रीमती' हो 'मेरी श्रीमती' शीर्षकको कविता सभा समारोहमा वाचन गर्दा वन्समोर को ताली पाएको भलभली संभना छ मलाई ।

शालीन व्यक्तित्वका धनी चूडामणि उपाध्यायका (देवकोटाका) कान्छा छोरा भुवन देवकोटाले शालीनतामा बुबाको बिंडो थामेका छन् । शिक्षक र अभिभावकको हैसियतले मैले निकै सम्पर्क, आत्मीयता र आदर गाँसेको थिएँ चूडामणिजीसँग । त्यसैले भुवन देवकोटाको बारेमा लेख्दा उहाँको नामको अभावमा अपूरो हुन्छ जस्तो लाग्छ मलाई ।

५. रंजिता शर्मा, ढिकपुर - ७, अस्पारा, मिति - २०६५/५/१५ गते,

सचिव, : महिला पत्रकारमञ्च, दाङ

(क) भुवन देवकोटासँग तपाईंको प्रथम भेट कहाँ र कसरी भयो ?

२०४७ सालतिरको कुरा हो । त्यतिबेला म सानै थिएँ । एक जना व्यक्ति हाम्रो घरमा आउनु भयो । उहाँ राजनीतिक कामले गर्दा हाम्रो घरमा आउनु भएको रहेछ । उहाँले गरेको कुराबाट म धेरै प्रभावित भएँ । उहाँ नाताले पनि भाञ्जादाजु हुनुहुँदो रहेछ । त्यतिबेला मात्र मलाई थाहा भयो । उहाँसँग पछि बेला बेलामा भेट हुन थाल्यो । उहाँ भन्नु हुन्थ्यो राजनीति गर्दा सानै उमेरमा जेलमा बस्नु परेको र त्यहाँ बस्दा धेरै दुःख पाएको कुरा सुनाउनुहुन्थ्यो । सधैं अरूलाई अरूलाई सहयोग गर्नुपर्छ भन्ने विचार राख्ने भुवन देवकोटा अरूको सुखमा रमाउने र दुःखमा साथदिने गर्नुहुन्छ ।

(ख) भुवन देवकोटाको साहित्यलाई तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

२०५० सालमा उहाँसँग फेरि भेट भयो । भुवन देवकोटाको साहित्यतिर राम्रो दखल रहेछ । उहाँको मैले पहिलो पटक कविता 'श्रीमतीलाई चिठी' पढेँ । जेलमा रहँदा घरपरिवारलाई कवितामार्फत् सन्देश दिएको भाव रहेछ । छोरीलाई चुलो, चौको मात्र नसिकाऊ आदि यस्तै भाव सहितको कवितासङ्ग्रह 'मेरी श्रीमती' (२०६२) नामक उहाँको कृति प्रकाशित भइसकेको छ ।

उहाँसँगको भेटमा साहित्यका विभिन्न विधाहरूका बारेमा प्रकाशित रचनाहरू पढ्न पाइन्छ । दाङबाट प्रकाशित विभिन्न पत्रपत्रिकाहरूमा समालोचना, टिप्पणी, पुस्तक समीक्षा आदि जस्ता रचनाहरू पनि पढ्न पाइन्छ । उहाँ राम्रो साहित्यकारका रूपमा स्थापित हुनु भएको छ ।

भुवन देवकोटाको घरको आर्थिक अवस्था भने कम्जोर छ तर कमजोर भएर पनि छाक काटेर र पुराना कपडा लगाएर नयाँ पुस्तक किन्ने स्वभाव उहाँको पहिल्यै देखिको हो र अझैसम्म उस्तै देखिन्छ । उहाँले साहित्यका माध्यमबाट गर्ने विश्लेषण र समालोचना यथार्थ परक रूपमा रहेको पाइन्छ ।

६. शोभाकर सुवेदी, लक्ष्मीपुर गा.वि.स. - ४, वसन्तपुर, मिति २०६५/५/१६ गते

सचिव : नेकपा (एमाले) लक्ष्मीपुर गाउँकमिटी, दाङ

(क) भुवन देवकोटाले आफ्नो गा.वि.स. अध्यक्ष कार्यकाल कसरी सम्पन्न गर्नुभयो भन्ने लाग्छ तपाईंलाई ?

भुवन देवकोटा २०४४ सालमा लक्ष्मीपुर गा.वि.स. को अध्यक्ष पदमा विजयी हुनु भएको हो । उहाँको गा.वि.स. अध्यक्षको पाँच वर्षको कार्यकालमा जनताका काम छिटो-छरितो भएका थिए । कुनै पनि योजना र कार्यक्रममा अनियमितता र भ्रष्ट्राचार भएको पाइएन । उहाँका प्रतिद्वन्दी राप्रपा र नेपाली काँग्रेसका नेताहरूले समेत उहाँको कार्यशैलीलाई कहिल्यै पनि बेठीक भन्न सकेनन् किनभने कुनै पनि योजना र कार्यक्रम सञ्चालन गर्नुभन्दा पहिले सर्वदलीय र सर्वपक्षीय भेला डाकेर त्यसको निचोडको आारमा निर्णयहरू हुने गर्थे । योजना छनौट कार्यक्रम सञ्चालनको जिम्मा वडा स्तरमा थियो । अनुगमन गर्ने काम गा.वि.स. कार्यालयबाट हुने गर्दथ्यो ।

(ख) भुवन देवकोटा भूमिगत रहँदा रचना प्रकाशन भए कि भएनन् ?

भूमिगत अवस्थामा अध्ययन र पार्टीको काम बढ्दा हुने हुँदा प्रकाशनतर्फ खासै चासो देखाएको पाइँदैनथ्यो । सम्पर्कसूत्र कसलाई र कहिले, कसरी बनाउने भन्ने विषयमा समय खर्चिनु परेका कारण पनि उहाँका रचना प्रकाशन हुन नसकेको मैले बुझेको छु ।

७. अमर गिरी, त्रि.न.पा. - ११ दाङ, मितिः २०६५/५/२९ गते

(क) खासगरी प्रगतिवादी साहित्यिक स्थानमा भुवन देवकोटाको कस्तो उपस्थिति रहेको पाउनु भएको छ ?

शरद देवकोटा तीन दशकभन्दा लामो समयदेखि सिर्जनारत् प्रगतिवादी स्रष्ट्रा हुनुहुन्छ । उहाँको व्यक्तित्वका मूलतः तीन आयाम छन् । साहित्यिक व्यक्तित्वका साथसाथै उहाँ प्रसिद्ध राजनीतिकर्मी र पत्रकार पनि हुनुहुन्छ तर पनि उहाँको व्यक्तित्वको मुख्य पक्ष साहित्यिक नै हो । साहित्यका क्षेत्रमा उहाँ कवि व्यक्तित्वका रूपमा स्थापित हुनुहुन्छ । खासगरी प्रगतिवादी कविता क्षेत्रमा उहाँको उल्लेख्य योगदान रहेको छ । दाङमा साहित्यिक कर्ममा जुट्नु भएका शरद देवकोटा राष्ट्रिय स्तरमा चिनिएका स्रष्ट्रा हुनुहुन्छ । प्रगतिवादी काव्य विधालाई समृद्ध गर्नमा उहाँको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । प्रगतिवादी फाँटमा उहाँ आफ्नै वैशिष्ठ्यसहित उपस्थित हुनुहुन्छ । यही कवि देवकोटाको प्राप्ति हो र प्रगतिवादी काव्य साहित्यको पनि ।

(ख) भुवन देवकोटालाई तपाईं समग्रमा कस्तो साहित्यिक मूल्याङ्कन गर्नुहुन्छ ?

कवि भुवन देवकोटाका कविताहरूको मर्म जीवन र जगत्को रूपान्तरण हो । असमानता, अन्याय र उत्पीडनका विरोधका आवाजहरू बुलन्द गरिएका उहाँका कविताहरू सशक्त प्रतिकारमा उभिएका छन् र तिनले सुन्दर समाज निर्माणको आकांङ्क्षा राख्दछन् । देवकोटा वर्गीय मुक्ति, प्रतिबद्धता र विद्रोहका

कवि हुनुहुन्छ । उहाँका कविताहरू हेपिएका र चुसिएका हरूका मुक्तिका स्वप्नहरू हुन् । देवकोटाको आदर्श, वर्गविहीन शोषण मुक्त समाजको निर्माण हो । उहाँका कविताहरू अन्तरवस्तुका दृष्टिले मात्र होइन रूपका दृष्टिले पनि सुन्दर रहेका छन् । अन्तरवस्तु र रूपको समुचित संयोजन उहाँका कविताहरूको विशेषता हो । माझिएको भाषा शैली, विम्ब, प्रतीक र अलङ्कारहरूको समुचित प्रयोगका कारण उहाँका कविताहरू सुन्दर बनेका छन् । समकालीन समाज र जीवनको संवेदनालाई उहाँका कविताहरूमा अनुमान गर्न सकिन्छ । उहाँमा पाठकीय संवेदनालाई प्रभावित गर्ने सामर्थ्य रहेको पाइन्छ ।

८. शरद अधिकारी, त्रि.न.न.पा. - ११, घोराही, दाङ, मिति : २०६५/५/३०

सदस्य : पत्रकार महासङ्घ दाङ एवम् सम्पादक : गणतन्त्र राष्ट्रिय दैनिक ।

(क) तपाईं भुवन देवकोटासँग कसरी परिचित हुनुभयो ?

भुवन देवकोटालाई साहित्यिक नाम 'शरद देवकोटा'को नामले पहिले देखि नै चिन्दथें । सानो छँदा पनि मैले उहाँका रचनाहरू विभिन्न पत्रपत्रिकाहरू मार्फत् पढ्न पाएको थिएँ । खासगरी २०४२ सालतिरको कुरा हो, त्यतिबेला राप्ती समाचार जो तुलसीपुरबाट प्रकाशित हुन्थ्यो, त्यसमा छापिएका रचनाका आधारमा मैले चिनेको हुँ । प्रत्यक्ष भेटघाट भने बहुदलीय व्यवस्थाको आगमनपछि मात्रै भएको हो । बहुदलीय व्यवस्था आउनु अघि पञ्चायतकालमा उहाँले भोगेको दुःख पीडाको बारेमा पनि म परिचित थिएँ । पत्रकारिता गरेवापत नै उहाँलाई पटक-पटक प्रशासनले दुःख दिने, जेलमा कोच्ने गरेको थियो । नेत्रलाल पौडेल 'अभागी'को निधन पछि छापिएको 'श्रद्धाञ्जली' नामक स्मृतिग्रन्थमा छापिएको देवकोटाको कविता अहिले पनि अविस्मरणीय बनिरहेको

छ । जुन कविताका माध्यमबाट मैले प्रत्यक्ष नदेखे पनि रचनाको माध्यमबाट चिन्ने मौका पाएको हुँ ।

भुवन देवकोटासँग परिचित हुने दुईवटा पाटाहरू छन् । उहाँ नाताले भान्दाइ पर्ने भएकोले पारिवारिक हिसाबले पनि पछि नै चिनाजानी भएको हो । दोस्रो पाटो भनेको उहाँले राजनीति, साहित्य र पत्रकारिताका माध्यमबाट गरेको योगदानका आधारमा प्रत्यक्ष भेटेको एउटा रमाइलो कहानी छ । बहुदल आएपछि हामीले गाउँमा अनेरास्ववियूको कमिटी गठन गरेको थियौं । कमिटीको बैठक दिउँसो बस्न अलि ग्राहो हुने भएकाले राति मात्र बस्नुपर्ने थियो । एक दिन म बैठक बसेर फर्किदा घरमा भुवन देवकोटालाई पाएँ । यसअघि पनि उहाँलाई देखेको त थिएँ तर अत्यन्त नजिकबाट चिन्ने मौका पाएको थिइनँ । म घरमा आइसकेपछि उहाँले सोध्नुभयो ‘तिमी बत्तीको उज्यालोमा बसेर आएको हो नि ?’ म अचम्ममा परे, यो कुरा कसरी थाहा भयो ? मैले हामी बसेका ठाउँमा जानुभएको थियो र ? भनी सोधे तर उहाँले होइन भन्नु भयो । म त झनै दङ्ग परेँ । केही बेरपछि उहाँले त्यसको वास्तविकता भन्नु भयो । बत्तीमा बसेका कारण नाकका प्वालहरू काला भएका रहेछन् । त्यसअघि मलाई यस बारेमा केही पनि थाहा थिएन । यो घटनापछि उहाँसँगको भेटमेरा लागि अविस्मरणीय बन्यो ।

(ख) भुवन देवकोटाले तपाईँलाई कस्तो प्रेरणा दिनुभयो ?

कुनै पनि व्यक्तिले कुनै पनि व्यक्तिसँग दुई तरिकाले प्रेरणा प्राप्त गर्दछ । एउटा उससँग प्रत्यक्ष सम्बन्ध राखेर, अर्को उसको क्षमता वा भनौं उसको रचनाका माध्यमबाट । कुनै न कुनै व्यक्ति कोही न कोहीदेखि अवश्यै प्रभावित हुन्छ । राम्रो काम गर्नेहरूबाट राम्रो परिणाम वा राम्रो सल्लाह सुझाव पाउन सकिन्छ भने नराम्रो व्यक्तिले नराम्रो सल्लाह सुझाव दिन्छ । भुवन देवकोटालाई मैले

जुन रूपमा चिनें त्यही रपमा प्रेरणा पनि प्राप्त गरेँ । खासगरी उहाँसँग मैले पाएको प्रेरणा साहित्य र पत्रकारिताका लागि हो । उहाँलाई मैले साहित्यकारका रूपमा चिनेको थिएँ तर उहाँ असल पत्रकार पनि हुनुहुँदो रहेछ, यो कुरा अलिपछि थाहा भयो । त्यसभन्दा अझ पछि त उहाँ राजनीतिक व्यक्ति पनि हो भन्ने थाहा पाएँ । एउटै व्यक्तिले तीनवटा भूमिका कुशलताका साथ निर्वाह गरिरहेको देख्दा साँच्चै जो कोहीलाई पनि अचम्म र लोभ दुबै लाग्छ ।

भुवन देवकोटाबाट मैले साहित्यमा लाग्नका लागि ठूलो प्रेरणा पाएको छु । उहाँका रचनाहरू सुन्दर लाग्छन्, यो कुरा त छँदैछ त्यसबाहेक मैले रचना गर्ने सृजनाहरूलाई परिमार्जन गर्ने सवालमा पाएको प्रेरणालाई अझ महत्त्व दिन चाहन्छु । साहित्यकारलाई सबैभन्दा प्यारो लाग्दो रहेछ आफ्नो रचनालाई कसैले सुनिदेओस् टीकाटिप्पणी गरिदेओस् भन्ने लाग्दो रहेछ जुन सल्लाह सुझाव र प्रतिक्रिया भुवन देवकोटाबाट प्राप्त गरेको छु । रचना शिल्पीका हिसावले अत्यन्त सुन्दर सृजना गर्न सक्ने भुवन देवकोटाबाट साहित्यमा लाग्नका लागि पाएको प्रेरणालाई पहिलो प्रेरणाका रूपमा लिन चाहन्छु । त्यस्तै गरी सरलता, हार्दिकता र सहजता पनि देवकोटासँग लिन सकिने प्रेरणा हो । आफूलाई कहिल्यै ठूलो नसम्झने इमान्दारी र मेहनतपूर्वक काम गर्ने उहाँको बानीलाई मैले पनि प्रेरणाको रूपमा लिएको छु । तर भुवन देवकोटा यस्तो व्यक्ति हो जसले अरूलाई हाँस्नका लागि प्रेरणा दिइरहनु हुन्छ । मानिसलाई रूवाउन सजिलो छ तर हँसाउन निकै गाह्रो छ तर उहाँ हँसाउन सक्नु हुन्छ । प्रेरणाकै कुरा गर्दा २०६१ चैत्रमा जब म शाही शासनको समयमा पक्राउ परेँ । त्यतिबेला जेलमा राखियो । जेलमा रहेका बखत मैले देवकोटालाई नै सम्झिरहेको थिएँ किनकि उहाँले पञ्चायती व्यवस्थामा नै जीवनका महत्त्वपूर्ण सातवटा वर्षहरू जेलमा विताइसक्नु भएको छ । जीवनमा कतिसम्म त्याग गर्नुपर्छ भन्ने कुरालाई राम्रो तरिकाले उहाँले प्रस्तुत गर्नुभएको छ । अझ

२०५१ सालमा विजौरीको गोलीकाण्डमा गोली लागेर घाइते भई अहिले पनि जिउँदा सहिदका रूपमा रहनुभएका देवकोटाको जीवनबाट धेरै नै प्रेरणा पाएको अनुभव मैले पनि गरिरहेको छु ।

९. टीका बस्नेत : तुलसीपुर नगरपालिका - रजौरा दाङ

मिति : २०६५/६/१ गते

(क) भुवन देवकोटाको साहित्यिक योगदानको बारेमा केही जानकारी छ कि ?

वि.सं. २०१६ सालमा जन्मिएका साहित्यकार भुवन देवकोटा दाङको साहित्यिक फाँटमा एक उल्लेखनीय प्रतिभा हुन् । सानै उमेरदेखि साहित्यिक कार्यक्रममा सहभागी हुन्थे । विद्यार्थी उमेरबाटै साहित्यिक फाँटमा लागेर नेपाली साहित्यमा टेवा पुऱ्याएका देवकोटाले विशेषगरी दाङमा औपचारिक रूपमा रचना प्रकाशन गरी उनी साहित्यमा साधनारत हुँदै आएका छन् । कविता मात्र नभई कथा, गजल, गीत समेत लेखेर यस्ता विविध विधामा पाटो थप्ने काम गरेको हुनाले उनको योगदान साहित्यमा उल्लेखनीय नै छ ।

भुवन देवकोटाले आफू मात्र साहित्यमा नलागेर अरूलाई पनि साहित्यमा लाग्न प्रेरणा दिएका छन् । उनको निरन्तर साहित्यिक साधनाको कारण साहित्यका कथा, गीत, कविता, गजल जस्ता विधामा टेवा पुगेको छ । उनको साहित्यिक रचनाहरू पढेर सयौं पाठकहरू लाभान्वित भएका छन्, साहित्यका बारेमा विविध ज्ञान हासिल गर्ने अवसर पाएका छन् । त्यसकारण भन्न सकिन्छ कि साहित्यमा भुवन देवकोटाको योगदान निकै छ ।

(ख) भुवन देवकोटाको साहित्यिक गतिविधिले परम्परागत साहित्यलाई कस्तो प्रभाव पाऱ्यो ?

भुवन देवकोटाका कविताहरू मैले विगत एक दशक अगाडिदेखि पढ्दै आएको छु । उनले साहित्यका विविध धारमा रहेर सिर्जना गरिने र मार्क्सवादी विचारधारामा रहेर लेखिने साहित्यलाई प्रगतिवादी साहित्य भनीने कुराको बारेमा जानकारी प्राप्त गरिसकेपछि पुनः आफूले हेरेका पुराना पत्रपत्रिकाहरू खोजेर अध्ययन गरे । मार्क्सवादी धारमा कविता लेख्न थालेपछि उनले परम्परागत साहित्यभन्दा भिन्न धारमा रचनाहरू लेखेका छन् । निरूद्देश्य साहित्यलाई सुधार गरी अन्याय, अत्याचार, शोषण दमनका विरूद्ध साहित्य लेख्दै गरिब, दुखी, मजदुरका हकहितमा लेख्न थालेपछि परम्परागत साहित्यमा परिवर्तन आउनु नै उनको साहित्यको परम्परागत साहित्यमा पारेको प्रभाव हो ।

१०. सूर्यनाथ सापकोटा मिति २०६५/६/५- त्रि.न.न. पा., दाङ

साहित्यकार, सदस्य राप्ती साहित्य परिषद्, दाङ

१. भुवन देवकोटाको साहित्यबाट तपाईं प्रभावित हुनुहुन्छ ?

चिरपरिचित मित्र भुवन देवकोटाको बहुआयामिक साहित्यिक व्यक्तित्वले मलाई विशेष आकर्षण गरेको छ । गद्य पद्यमा समान कलम चलाई विशेष गरी छन्दमा कविता लेख्ने भुवनको सारगर्भित कवितासङ्ग्रह 'मेरी श्रीमती'ले उहाँको साहित्यिक व्यक्तित्व निखार गरेको छ । 'गाउँघर' र 'नयाँ युगबोध' पत्रिकाले उहाँको साहित्यिक चिनारीलाई अझ सुन्दर पारेको छ । उहाँ दङ्गाली साहित्यको वासनामय कुसुम हुनुहुन्छ ।

२. प्रगतिवादी साहित्यमा भुवनको कुन स्थान छ ?

भुवनको राजनैतिक सङ्घर्षले उहाँलाई जुझारू प्रगतिवादी साहित्यिक फाँटको अग्रपङ्क्तिमा राखेको छ ?

११. डा. कृष्णराज डि.सी. २०६५/६/६- त्रि.न.न. पा., दाङ

दाङ, क्याम्पस : आंशिक प्राध्यापक

१. साहित्यकार शरद् देवकोटासँग तपाईंको कसरी परिचय भयो ?

साहित्यकार शरद देवकोटालाई म राम्रैसँग चिन्दछु । उहाँ अति मिहिनेती र दृढविश्वासी व्यक्ति हुनुहुन्छ । खासगरी समाजसेवाका क्षेत्रमा उहाँको विशेष योगदान छ । जस वेला उहाँ समाजसेवी हुनुहुन्थ्यो त्यही वेला म उहाँकै क्षेत्रभित्रको विद्यालयमा अध्यापन गर्थें । साथीहरू भन्ने गर्थे, उहाँ गा.वि.स. अध्यक्ष हुनुहुन्छ । तर, सधैंभरि उहाँको हातमा रातो डायरी हुन्थ्यो । म

गा.वि.स अध्यक्ष वा समाजसेवी शरद देवकोटाभन्दा उहाँको त्यो रातो डायरीप्रति बढी नतमस्तक हुन्थ्यौँ तर मलाई थाहा थिएन कि त्यो डायरीभित्र के लेखिएको छ ? तैपनि म विश्वस्त थिएँ कि जरूर त्यसभित्र कुनै सिर्जना हुनुपर्छ भन्ने कुरामा । यसरी साहित्यकार देवकोटासँग मेरो परिचय भएको हो ।

२. भुवन देवकोटाको साहित्यिक योगदानलाई तपाईँ कसरी लिनुहुन्छ ?

विभिन्न पत्रपत्रिकाको सम्पादक एवम् लेखकको रूपमा परिचित शरद् देवकोटा मूलतः कविताका क्षेत्रमा विशेष परिचित हुनुहुन्छ । नेपाली समाजमा उपेक्षित नारीलाई सम्बोधन गर्दै आफ्नो कवितासङ्ग्रहको मूल शीर्षक 'मेरी श्रीमती' राखी उहाँले 'मेरी श्रीमती' कवितासङ्ग्रह समेत प्रकाशन गरिसक्नु भएको छ । गद्य र पद्य दुबै प्रकारका कविता लेख्न सक्ने क्षमता उहाँमा छ । खासगरी प्रगतिशील चेतना र सामाजिक यथार्थतालाई उहाँका कविताहरूले आत्मसाथ गरेका छन् । म उहाँको साहित्यिक योगदानको पूर्णरूपमा कदर गर्दछु ।

१२. कमलमणि देवकोटा - २०६५/६/७- त्रि.न.न. पा., दाङ

१. भुवन देवकोटाको साहित्यलाई तपाईँ छोटकरीमा भन्नु पर्दा तपाईँ के भन्नुहुन्छ ?

भुवन देवकोटाको साहित्यलाई म उहाँको साहित्यले पार्ने प्रभाव कस्तो छ भन्ने कुरामा भन्न चाहन्छु । उहाँको साहित्यले परम्परागत साहित्यमा प्रभाव पारेको छ । उहाँको साहित्यले वर्तमान परिवेशलाई अँगाल्दै अघि बढेको छ । सामाजिक रूपान्तरण एवम् जनजागरणको सन्दर्भमा पनि परिवर्तनमुखी र प्रभावकारी ठहर्दछ । पारिवारिक सन्दर्भमा मर्मस्पर्शी भाव एवम् सामाजिक सद्भावलाई अंगाल्दै राष्ट्रिय धरातलमा आफूलाई उभ्याउन खोजेका छन् ।

स्पस्ट विचार, सरल शब्द, कारूणिक भाव, विकृति विसङ्गतिप्रतिको तिखो व्यङ्ग्य प्रहार जस्ता स्वादिला रसहरूको संयोजन नै उनको साहित्यिक विशेषता हो । कहीँ खरो, कहीँ शीतल, कहीँ सोझो, कहीँ घुमाउरो तवरको साहित्य सिर्जना समेट्नुका साथै अझ छन्द या स्वच्छदन्का काव्य रचनामा कलम चलाउन र मर्मस्पर्शी शब्दहरू प्रयोग गर्नु पनि उहाँको चिनारी हो । परिवर्तित वर्तमान धरातलमा समय सापेक्षी साहित्य सिर्जना नै परम्परागत साहित्यको दायराभन्दा माथि उठ्न खोजेको पाइन्छ ।

२. भुवन देवकोटाको साहित्यको राजनीतिमा कस्तो प्रभाव पारेको देखिन्छ ?

वास्तवमा कुनै पनि जनपक्षीय साहित्य सिर्जनाले समाजका विविध पक्षहरूका साथसाथै देशको राजनीतिमा पनि प्रभाव त पार्छ नै त्यसमा पनि मानवीय व्यवहारिक चिन्तनको धरातललाई माथि उठाएको हुन्छ । भुवनको साहित्यिक गतिविधिमा पनि राजनीतिक चिन्तन प्रशस्त पाइन्छ । मानवीय स्वतन्त्रता, सबल एवम् सक्षम न्याय प्रणाली, जनवर्गीय विविध व्यावहारिक पक्षका साथै समय सापेक्षी र परिवर्तित सन्दर्भमा वकालत गर्न खोज्दा तत्कालीन समयमा जेल जीवनसमेत भोगी सकेकाले पनि जनपक्षीय आवाजहरूको उद्घोष गर्दै प्रगतिवादी चिन्तनसँगै समय सन्दर्भलाई पछ्याउछन् ।त्यसैले स्पष्ट रूपमा भन्पनुपर्दा उनको साहित्यिक गतिविधिले राजनीतिमा निकटतम् सम्बन्ध राख्नुका साथै प्रभाव पारेको देखिन्छ ।




## साहित्यकार
## भुवन देवकोटा 'शरद देवकोटा' (वि.सं. २०१६)

- जीवनी
- व्यक्तित्व
- कृतित्व

## परिशिष्ट - पाँच

## भुवन देवकोटाको हस्तलिखित रचना


भुवन देवकोटाको हस्तलिखित रचना:

गजल

– शरद देवकोटा

घाम उही जुन उही आँखाकोमा जमाना ढङ्ग बदलको
के गरेर आफू बल्नु हुन पाइन्छ जमाना ढङ्ग बदलको
हिजो उही यो दलमा आज फेरि अर्कोमा
जहाँ गए पनि समान हुँमाछा उही जमाना दल बदलको


मन्नुहुन्थ्यो कुरा केही जातै फेर्नु पर्छ बानीहरु
आए आँप गए अहारो जमाना ढङ्ग बदलको
छि: पौंड सिद्धान्त पौंड विचार कति बोक्नु
स्वाद चाख्नु पर्छ नयाँ नयाँ जमाना फेर बदलको

जिन्दगी के जिउनु एउटै रस निरसको
मीठो हुन्छ स्वाद जमाना उदल बदलको।

– लक्ष्मीपुर -४ डाँडागाउँ दाङ।

## परिशिष्ट - छ

## भुवन देवकोटाले साहित्यिक योगदान स्वरूप प्राप्त गरेका आदर-पत्र/ सम्मान-पत्र एवम् पुरस्कार



आदर - पत्र

श्री शरद देवकोटाज्यू ,

तपाईंले प्रगतिवादी कविता लेखनमा दिंदै आउनु भएको योगदानको सम्झदै कदर गर्नु उचित ठानी राप्ती साहित्य परिषद् तपाईंलाई 'धनेश्वर पुरस्कार'बाट सम्मानित गर्दै यो आदर-पत्र प्रदान गर्दछ।

([illegible] अंजली)
संस्थापक

नारायण प्रसाद शर्मा
अध्यक्ष
राप्ती साहित्य परिषद्
दाङ

२०४८ माघ १५
बसन्त पञ्चमी

# निर्जर साहित्य सम्प्रेषण अभियान

दाङ

स्था. २०५९

## प्रमाण-पत्र

तपाईं श्री ........सरद देवकोटा........ ले प्रगतिशील साहित्यको क्षेत्रमा कलम चलाएर राष्ट्र र समाजको उत्थानको लागि उल्लेखनीय योगदान पुऱ्याए बापत तपाईंको प्रतिभाको उच्च कदर गर्दै निर्जर साहित्य पुरस्कार २०६२ (प्रथम) स-धन्यवाद यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

मिति:- २०६२/६/२८

| | | |
|---|---|---|
| (संस्थापक अध्यक्ष) | (सचिव) | (प्रमुख अतिथि) |
| माधव प्रसाद खापकोटा | सन्तोष वि.क. | गिरीराज शर्मा |

# प्रेस चौतारी, दाङ

स्था. २०५८

मिति : २०६२/३/१८

# सम्मान-पत्र

श्री भुवन देवकोटाज्यू,
लक्ष्मीपुर गा.वि.स.-४, डाँडागाउँ दाङ

तपाईंले दुई दशकदेखि पत्रकारिता क्षेत्रमा क्रियाशील रही यस क्षेत्रको पत्रकारिताको विकास र संकटको घडीमा पुऱ्याउनुभएको योगदानको उच्च मूल्याङ्कन गर्दै यो सम्मान-पत्र प्रदान गरिएको छ । पूर्ण प्रेस स्वतन्त्रता र आवाजविहीनहरूको आवाजलाई बुलन्द पार्न यहाँको कलम निर्भिकतापूर्वक चलिरहोस् ।

| | | |
|---|---|---|
| शंकर पोखरेल | बालकृष्ण चापागाईं | मधुसूदन वैद्य |
| प्रमुख अतिथि | विशिष्ट अतिथि | अध्यक्ष |
| केन्द्रीय सदस्य | अध्यक्ष | प्रेस चौतारी, दाङ |
| नेकपा (एमाले) | प्रेस चौतारी नेपाल | |